# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

मदनमणि दीक्षित (वि.सं. १९७९) नेपाली उपन्यासका क्षेत्रमा देखापरेका मिथकीय उपन्यासकार हुन् । दीक्षितले विभिन्न पत्र-पत्रिकाहरूको सम्पादन गर्नुका साथै राजनीतिमा पनि सक्रिय रूपले संलग्न रहँदै साहित्यका विभिन्न विधाहरू कथा, निबन्ध र उपन्यासमा समेत कलम चलाएका छन् । उनका *माधवी* (२०३९), *मेरी निलिमा* (एकालापीय उपन्यास) (२०५०), *त्रिदेवी* (२०५१) र *भूमिसुक्त* (२०५८) गरी जम्मा चारवटा उपन्यासहरू प्रकाशित छन् । दीक्षितका यी उपन्यासहरूमा खासगरी पूर्वीय मिथकका साथै भौतिकवादी पूर्वीय दर्शनको प्रभाव पाइन्छ । उनको *माधवी* उपन्यासमा प्रयुक्त कथानक पनि महाभारतको मिथकलाई आधार बनाई निर्माण गरिएको छ । यस उपन्यासमा महाभारतको उद्योगपर्व १०६ देखि १२३ औं अध्याय सम्मलाई यसको उपजिव्य स्रोत बनाइएको छ । यसमा उत्तरवैदिक कालिन समाजको चित्रणका साथै नारीको कारुणिक पक्षको पनि सशक्त रूपमा चित्रण गरिएको छ । उपन्यासलाई सशक्त र प्रभावकारी बनाउनमा कथानक कौशल पनि महत्त्वपूर्ण रहेको छ । त्यसैले दीक्षितको *माधवी* उपन्यासको वस्तुविधान सम्बन्धी अध्ययन गर्नु स्नतकोत्तर तहको शोधका दृष्टिले उपयुक्त रहेको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यको उपन्यास विधाअन्तर्गत सामाजिक यथार्थवादलाई आत्मसात् गरी उपन्यास लेख्ने विशिष्ट उपन्यासकार मदनमणि दीक्षितका बारेमा र उनका उपन्यासहरूका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले प्रशस्त टिका-टिप्पणी गरेका छन् । यस क्रममा माधवी उपन्यासको वस्तुविधान सम्बन्धमा पनि केही चर्चा परिचर्चा भएको पाइन्छ तरपनि दीक्षितको *माधवी* उपन्यासको वस्तुविधानका बारेमा आजसम्म गहन रूपमा अनुसन्धानात्मक अध्ययन तथा विश्लेषण भएको देखिँदैन । त्यसैले

दीक्षितको *माधवी* उपन्यासमा भएका उक्त टिका-टिप्पणी र समालोचनाको सहयोग लिँदै मदनमणि दीक्षितको *माधवी* उपन्यासमा प्रयोग भएको वस्तुविधानको अनुसन्धान गर्नुपर्ने आवश्यकता भएकाले यस शोधकार्यको महत्त्व प्रष्ट हुन्छ । प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) *माधवी* उपन्यासमा प्रयुक्त कथावस्तुको स्रोत के हो ?

(ख) वस्तुविधानका दृष्टिले *माधवी* उपन्यास कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

मदनमणि दीक्षितको *माधवी* उपन्यासमा प्रयुक्त विस्तुविधानको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ । प्रस्तुत शोध समस्याको समाधानमा आधारित उद्देश्यहरू यसप्रकार छन् :

(क) *माधवी* उपन्यासमा प्रयुक्त कथावस्तुको स्रोत पहिल्याउनु,

(ख) वस्तुविधानका दृष्टिले *माधवी* उपन्यासको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार मदनमणि दीक्षितका साहित्यिक गतिविधि तथा उनका उपन्यासहरूका बारेमा सामान्य टिका-टिप्पणी, चर्चा-परिचर्चा, समालोचना, समीक्षा, विश्लेषण एवम् मूल्याङ्कन पनि विभिन्न कोणबाट भएका छन् । त्यस्ता कालक्रमिक समीक्षात्मक लेखरचना, आलोचना तथा टीका-टिप्पणीहरूलाई यहाँ संक्षिप्त रूपमा प्रस्तुत गरिन्छ :

मोदनाथ प्रश्रित (२०४१) ले *लहर* त्रैमासिक पत्रिकामा “माधवीमा केहीबेर घोंरिदा” भन्ने लेखमा माधवी उपन्यासको चर्चा गरेका छन् । यसक्रममा *माधवी* उपन्यासमा पाइने सकारात्मक पक्ष र नकारात्मक पक्षको विश्लेषण गरी उपन्यासको मूल्य निरूपण गरेका छन् । उनले यस क्रममा माधवीमा आएका कथानकको विवेचना गरेका छन् । यसले वस्तुविधानसम्बन्धी शोधकार्यका लागि प्रशस्त मार्गनिर्देश गरेको छ ।

ऋषिराज बराल (२०६४) ले *साहित्य र समाज* नामको पुस्तकमा *माधवी* उपन्यासको विवेचना गरेका छन् । यस क्रममा बरालले महाभारतको कथानकमा प्रयुक्त समाज र *माधवी* उपन्यासको कथानकमा प्रयुक्त समाज बिच तुलना गर्दै समाजवादी यथार्थवादी दृष्टिकोणले माधवी उपन्यासको विश्लेषण गरेका छन् । यसले पनि प्रस्तुत शोधकार्यलाई मार्गदर्शन गरेको छ ।

ईश्वरी प्रसाद गैरे (२०४८) ले *मदनमणि दीक्षित र उनको माधवी* शीर्षकको अप्रकाशित शोधग्रन्थमा मदनमणि दीक्षितको जीवनी र व्यक्तित्वको चर्चा गरेका छन् । यसैगरी *माधवी* उपन्यासलाई औपन्यासिक तत्त्वहरूका आधारमा विश्लेषण गर्ने क्रममा यस उपन्यासको कथावस्तुको बारेमा पनि चर्चा गरेका छन् ।

श्याम प्रसाद मल्ल (२०५०) ले *मिर्मिरे* पत्रिकामा “माधवी उपन्यासकी नायिका माधवीको मार्मिक पक्ष” भन्ने लेखमा *माधवी* उपन्यासको चर्चा गरेका छन् । यस क्रममा मल्लले माधवीको जीवनमा आएका कारूणिक पक्षको चित्रण गर्दै माधवीको जीवनलाई काँडै काँडाबिचको गुलावसँग तुलना गरेका छन् भने आंशिक रूपमा कथावस्तुलाई पनि छोएका छन् ।

कमलराज रेग्मी (२०५१) ले *उन्नयन* त्रैमासिक पत्रिकामा “माधवीको कथामा मेरो अग्रिम मन्तव्य” शीर्षकको लेखमा *माधवी* उपन्यासको विवचेना गरेका छन् । यसमा उनले महाभारतको माधवीको कथा र मदनमणि दीक्षितको माधवीको कथाको तुलनात्मक अध्ययन गरेका छन् । यसमा *माधवी* उपन्यासको कथानकको पनि वर्णन भएको छ ।

भरतराज शर्मा मन्थलीय (२०५१) ले उन्नयन त्रैमासिक पत्रिकामा “मेरो विहङ्गमा दृष्टिमा माधवी” भन्ने लेखमा *माधवी* उपन्यासको तुलनात्मक रूपमा विवेचना गरेका छन् । यस क्रममा महाभारतमा वर्णित माधवी र दीक्षितको माधवी उपन्यासको तुलना गर्दै माधवीमा चित्रित सामाजिक आचरण सनातन वैदिक मतभन्दा विपरित उच्छृङ्खल भएकाले रोष प्रकट गरेका छन् ।

भोजराज भट्ट (२०५१) ले *उन्नयन* त्रैमासिक पत्रिकामा “माधवी परम्परा र नवीनताको समीकरण” भन्ने लेखमा *माधवी* उपन्यासको विश्लेषण गरेका छन् । यस

क्रममा *माधवी* उपन्यास मार्क्सवादी हो, भनी चिनाएका छन् । साथै यसमा आएका विषय र घटनाहरूलाई पनि विस्तार गर्ने क्रममा कथानकलाई पनि छोएका छन् ।

यज्ञेश्वर निरौला (२०५१) ले *उन्नयन* त्रैमासिक पत्रिकामा "माधवीको भाषा एक एक विवेचनात्मक टिप्पणी" भन्ने समालोचनात्मक लेखमा माधवीमा प्रयोग भएका भाषाको टिप्पणी गरेका छन् । भाषाका माध्यमबाट लेखकले देखाउन खोजेको समाज र विषयवस्तु यथारूपमा उद्घाटन गर्न निकै सफल रहेको कुरालाई पनि वर्णन गरेका छन् ।

रामनाथ ओझा (२०५१) ले *उन्नयन* त्रैमासिक पत्रिकामा "माधवी भित्रकी माधवीलाई नियाँल्दा" शीर्षकको लेखमा माधवीको चरित्रको विश्लेषण गरेका छन् । यस क्रममा माधवीका जीवनमा आएका कारुणिक पक्षको पनि निरूपण गरेका छन् । माधवीलाई उपन्यासकी मात्र नभई सिङ्गो युगकी नायिकाका रूपमा उभ्याएका छन् । माधवीलाई तत्कालीन समाजको विखण्डन विषमता र अन्तर विरोधको रूपमा देखाएका छन् ।

ईश्वरीप्रसाद गैरे (२०५२) ले *गरिमा* पत्रिकामा "*माधवी* उपन्यासको शक्ति र सीमा" भन्ने लेखमा उपन्यासका सवल पक्ष र दुर्वल पक्षको चित्रण गरेका छन् । यसै क्रममा उनले माधवी उपन्यासको कथावस्तुको वर्णन गर्दै समग्र उपन्यासको मूल्याङ्कन गर्न खोजेका छन् ।

लक्ष्मणप्रसाद गौतम (२०५२) ले *उन्नयन* पत्रिकामा "भाषिक प्रयोगका आधारमा दीक्षितको माधवी" भन्ने लेखमा वैदिक र लौकिक संस्कृत भाषिक प्रयोगको महासागरको रूपमा चिनाएका छन् । संस्कृत शब्द, तद्भव शब्दले गर्दा क्लिष्टता र दुरुहता *माधवी* उपन्यासका प्राप्ति हुन् भनी विश्लेषण गरेका छन् ।

देवीका चाम्लिङ राई (२०५६) ले "मदनमणि दीक्षितका उपन्यासमा नारीपात्र" शीर्षकको अप्रकाशित शोधग्रन्थमा दीक्षितका उपन्यासमा आएका नारीपात्रहरूको चित्रण गरेकी छिन् । यस क्रममा नारीको मनोविज्ञान र नारीका विभिन्न अवस्थाको पनि व्याख्या गरिएको छ । यसले *माधवी* उपन्यासको वस्तुविधानको अध्ययनमा मार्गदर्शन गर्ने कार्य गरेको छ ।

कुलप्रसाद कोइराला (२०६३) ले *माधवी माथिको अन्तर्दृष्टि* नामको पुस्तकमा *माधवी* उपन्यासको साङ्गोपाङ्ग अध्ययन र विवचेना गरेका छन् । यसै क्रममा वस्तुविधान शीर्षकमा *माधवी* उपन्यासको कथावस्तुको स्रोत र यसमा समेटिएका विषयवस्तुको सरल र संक्षिप्त रूपले विश्लेषण गरेका छन् । यस उपन्यासको आख्यान विन्यासलाई आदि, मध्य र अन्त्यको शृङ्खलाका रूपमा अध्ययन गर्न सकिने कुरालाई पनि औंल्याएका छन् ।

राजेन्द्र सुवेदी (२०६४) ले *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* भन्ने पुस्तकमा *माधवी* उपन्यास आलोचनात्मक यथार्थवादी धाराको सफल र सवल उपन्यास हो, भनी विश्लेषण गरेका छन् । यसै क्रममा *माधवी* उपन्यासको वस्तुसङ्गठनको विश्लेषण गरेका छन् । यसले पनि *माधवी* उपन्यासमा वस्तुविधान शोधकार्यका लागि प्रशस्त मार्गदर्शन गरेको छ ।

यसरी दीक्षितको *माधवी* उपन्यासमा वस्तुविधान सम्बन्धी पूर्वकार्य हरूको अध्ययनले के स्पष्ट हुन्छ भने *माधवी* उपन्यासको विभिन्न दृष्टिकोणले अध्ययन गर्ने क्रममा उपन्यासको वस्तुविधानको बारेमा संक्षिप्त चर्चा परिचर्चा भए तापनि गहन रूपमा अध्ययन अनुसन्धान भने भएको देखिंदैन । त्यसैले यस *माधवी उपन्यासमा वस्तुविधान* शीर्षकमा शोधकार्य गर्नु उपयुक्त हुने देखिन्छ ।

## १.५ शोधको औचित्य

उपन्यासकार मदनमणि दीक्षितको *माधवी* उपन्यासका बारेमा धेरै विद्वान् तथा समालोचकहरूद्वारा विभिन्न टिका-टिप्पणी तथा समालोचना गरिए पनि उनको *माधवी* उपन्यासमा प्रयुक्त वस्तुविधानको अनुसन्धानात्मक अध्ययन भएको छैन । त्यसैले दीक्षितको *माधवी* उपन्यासको वस्तुविधानको विश्लेषणात्मक अध्ययन गर्नु यो शोधपत्रको औचित्य हो ।

## १.६ शोधकार्यको सीमा

प्रस्तुत शोधकार्य मदनमणि दीक्षितको *माधवी* उपन्यासमा प्रयुक्त वस्तुविधानको विश्लेषण गर्नुमा सीमित भएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यलाई मूर्तरूप दिनका लागि अँगालिएका शोधविधि अन्तर्गतका सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा निम्नलिखित रहेका छन् :

### १.७.१ सामग्री सङ्कलन विधि

शोधकार्य गर्ने क्रममा सामग्री सङ्कलन गर्नका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । पुस्तकालयबाट शोध शीर्षकसँग सम्बन्धित उपयुक्त पुस्तक विभिन्न पत्रपत्रिकामा भएका लेख रचनाहरू सङ्कलन गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्यमा सङ्कलित सामग्रीको विश्लेषणका निमित्त वस्तुविधानको सिद्धान्तको अध्ययनबाट दीक्षितको *माधवी* उपन्यासको वस्तुविधान सम्बन्धी विश्लेषण गर्ने निम्नलिखित ढाँचा तयार पारिएको छ :

(क) वस्तुको स्रोत

(ख) वस्तुको सङ्गठन

(ग) वस्तुको आङ्गिक विकास

(घ) कौतुहल

(ङ) द्वन्द्व

(च) प्रस्तुतीगत ढाँचा

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसङ्गठित र व्यवस्थित रूप दिनका लागि निम्न परिच्छेद भित्रका मूल शीर्षकमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको परिच्छेदगत रूपरेखालाई यसप्रकार विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : वस्तुविधानको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद : 'माधवी' उपन्यासको वस्तुविधानको विश्लेषण

चौंथो परिच्छेद : 'माधवी' उपन्यासको कथावस्तु र अन्यतत्त्वबिचको सम्बन्ध

पाँचौं परिच्छेद : निष्कर्ष

# दोस्रो परिच्छेद

# वस्तुविधानको सैद्धान्तिक परिचय

## २.१ विषय प्रवेश

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये आख्यान एउटा महत्त्वपूर्ण विधा मानिन्छ । यस विधा अन्तर्गत कथा र उपन्यास पर्दछन् । कथा आख्यानको लघुरूप हो भने उपन्यास यसको बृहत् रूप हो । यसका विभिन्न स्वरूप र अवयवहरू रहेका हुन्छन् । उपन्यासको सबैभन्दा महत्त्वपूर्ण र पहिलो अवयव वा उपकरण भनेकै वस्तु वा कथानक हो । *माधवी* उपन्यासको वस्तुविधानको अध्ययन गर्ने सन्दर्भमा वस्तुको सैद्धान्तिक ज्ञानको आवश्यकता पर्ने हुनाले यस परिच्छेदमा त्यसको अध्ययन गरिएको छ ।

## २.२ वस्तुको परिचय

नेपाली बृहत् शब्दकोशअनुसार 'कथावस्तु' शब्दको अर्थ कुनै पनि आख्यानात्मक साहित्यिक विधामा प्रयुक्त शृङ्खलामा आधारित घटनावस्तु वा विषयवस्तु हो । 'वस्तु' तत्सम शब्द हो । समग्रमा वस्तु भन्नाले कथानकलाई बुझिन्छ भने कथानक भनेको घटनाको इतिवृत्ति, वृत्ति वा वस्तु हो (शर्मा, २०१६ : ११४) । यसको अङ्ग्रेजी पर्यायवाची शब्द प्लट हो । वस्तुको चर्चा विभिन्न विद्वान्हरूले विशेषगरी नाटकको सन्दर्भमा बढी गरेको पाइन्छ । उनीहरूको मान्यता उपन्यासमा पनि लागु हुन्छन् । वस्तुलाई एरिस्टोटलले वियोगप्रधान नाटकको जीवन तथा आत्मा हो, भनेका छन् (एरिस्टोल, २०४९ : ८२) । भरतमुनिले वस्तुलाई नाटकको शरीर भनेका छन् । (उपाध्याय, २०५२ : ४८) । राजेन्द्र सुवेदीले उपन्यासको कथ्यवस्तुका रूपमा आउने विषय नै कथावस्तु हो भनेका छन् (सुवेदी, २०६४ : १७) । कथावस्तु उपन्यासमा घटीत घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकरण सम्बन्धद्वारा कस्सिएका र व्यवस्थित गरिएका हुन्छन् । (बराल र एटम, २०६६ : २०) । वस्तुलाई भवन निर्माण गर्ने आधारभूत तत्त्वका रूपमा लिइएको छ । (बराल, २०६९ : ५५) ।

एरिस्टोलका विचारमा कथावस्तु कार्य व्यापारको अनुकृति हो र त्यो घटनाको विन्यास हो । (उपाध्याय, २०५२ : ६४) । कथावस्तु खानीभित्रको काँचो पदार्थ हो । त्यस

काँचो पदार्थलाई झिकेर त्यहाँबाट विशुद्ध सुन् केलाएर आख्यानकारले त्यसलाई गहनाको रूप दिन्छ । त्यही आख्यान रूपी गहना हामी मुख-मुखमा, जिभ्रो-जिभ्रोमा झुण्ड्याएर हिँड्छौ । त्यो काँचो सुन र गहनाको रूपमा प्रस्तुत सुनलाई परस्पर छुट्याउने जुन अनुभूति गम्य तत्त्व हुन्छन् । तिनको संयोजनले नै कथानक बन्दछ अनि अङ्ग-अङ्गमा झुण्डिन वा बेरिन पुग्ने त्यो वस्तु (गहना) नै कथा हुन्छ । (नेपाल, सन् २०११ : ३३) । एरिस्टोटलले वियोग प्रधान नाटक कुनै गम्भीर र निश्चित व्यापकता भएको कार्यको अनुकृति हो, किनभने व्यापकताको अभावमा पनि पूर्णता हुनसक्छ । पूर्णता त्यही हो, जसमा निश्चित आदि, मध्य र अन्त्य हुन्छन् । कथानकको आधार सरलतासित स्मृतिमा धारणा गर्न सकिने एक निश्चित विस्तार हुनुपर्छ भनेका छन् । (एरिस्टोटल, २०४९ : ८३-८४) । कथावस्तु भन्नाले उत्सुकता र संसय जगाउने घटना र चरित्रको सङ्गठन हो । घटनावली र कथानकलाई छुट्याउने खास आधार घटनाहरूको आपसी सम्बन्धलाई मानिएको छ । कथानकमा कथा एक आपसमा अन्तर्सम्बन्धित हुनुपर्छ अनिमात्र कथानकले गति लिन्छ । कथावस्तु उपन्यासको अनिवार्य र महत्त्वपूर्ण तत्त्व हो । कथावस्तु वा कथ्यवस्तुले उपन्यासको मूल्य निरूपणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । उपन्यास पूर्ण हुनका लागि उपन्यासमा आएका घटनाहरूको शृङ्खला आदि, मध्य र अन्त्यमा समूचित विन्यास हुनुपर्दछ । अनि मात्र उपन्यासले पूर्णता प्राप्त गर्न सक्छ ।

समग्रमा वस्तु भन्नाले उपन्यासमा घट्ने घटनाहरूको शृङ्खलाबद्ध ढाँचा नै कथावस्तु हो । कथावस्तु उपन्यासको अभिन्न अङ्ग हो । यो विना उपन्यासको कल्पना गर्न सकिँदैन । त्यसैले यो उपन्यासको आत्मा पनि हो । कथावस्तुको विकासक्रममा अीद, मध्य र अन्त्यको समूचित विन्यास भएको हुनुपर्छ । तसर्थ वस्तुलाई उपन्यासको महत्त्वपूर्ण घटकको रूपमा लिइन्छ ।

## २.३ वस्तुको स्रोत

कृतिको रचना गर्ने क्रममा आख्यानकारले कुनै न कुनै स्रोतबाट विषयवस्तु ग्रहण गरेको हुन्छ । त्यस्ता विभिन्न स्रोतबाट प्राप्त सामग्रीलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी अन्तमिश्रण गर्नका साथै त्यसलाई आफ्नो कलात्मक चेतनाले छानेर मात्र कथानकको सृजना गर्दछ । यसरी आजका उपन्यासमा प्रयोग हुने कथावस्तुका स्रोतहरूमा

सृजना गर्दछ । यसरी आजका उपन्यासमा प्रयोग हुने कथावस्तुका स्रोतहरूमा इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना गरी पाँच किसिमका विषयवस्तु रहेका छन् । (बराल र एटम, २०६६ : २२) । जसको संक्षिप्त परिचय तल दिइएको छ :

### (क) इतिहास

कुनै पनि आख्यानात्मक कृतिको रचना गर्दा इतिहासमा घटिसकेका घटनालाई आधार बनाएर तयार गरिएको कथावस्तुमा प्रयुक्त घटनाको व्याख्या, विश्लेषण एवम् प्रस्तुति गर्नमा स्रष्टाको उद्देश्य निहित हुन्छ भने त्यस्तो कृतिमा प्रयुक्त कथावस्तुलाई इतिहासमा आधारित कथावस्तु भनिन्छ । जस्तैः डायमनशमशेरको 'बसन्ती' उपन्यास इतिहासमा आधारित उपन्यास हो ।

### (ख) यथार्थमूलक अनुभव

यसमा श्रष्टाले आफ्नो निरीक्षण क्षमताका माध्यमबाट ग्रहण गरेका कुराहरू पर्दछन् । जस्तै सामाजिक यथार्थवादी उपन्यासको कथावस्तु समाजका स्थूल घटनालाई स्रोत मानेर निर्माण गरिएको हुन्छ भने मानवीय सूक्ष्म एवम् अमूर्त आन्तरिक दृष्टिबाट मनोवैज्ञानिक उपन्यासको कथावस्तु लिइएको हुन्छ । यसरी निर्माण गरिएका यथार्थ अनुभवमूलक उपन्यासहरूमा ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात चौथो अन्त्य' (२०४८), अग्निदत्त + अग्निदत्त आदि पर्दछन् । यी उपन्यासहरूमा प्रयुक्त कथावस्तुको स्रोत समकालीन यथार्थ रहेको छ ।

### (ग) मिथक

कृतिको सृजना गर्दा आदिम मानवीय व्यवहारको पुनर्व्याख्या तथा पुनर्सिजनका लागि मिथकबाट कथावस्तु टिपिन्छ । यसरी टिपिएका अति काल्पनिक एवम् प्रचलित पौराणिक सन्दर्भ, लोक कथा, दन्त्यकथा आदिको संस्कार प्राप्त तथा मानवीय जीवन र सन्दर्भसँग जोडेर व्याख्या गर्न सकिने प्रतिकात्मक रूपलाई मिथक भनिन्छ । यस्तो मिथकको प्रयोग गरी रचना गरिएका कृतिहरूमा विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' (२०२७), दौलतविक्रम विष्टको 'ज्योति ज्योति महाज्योति' (२०४५ आदि पर्दछन् ।

### (घ) रागात्मक सौन्दर्य

मानव जीवनका आशा एवम् निराशा, स्वर्णिम एवम् वितृष्णायुक्त क्षण मस्तिष्कको पलायित अवस्था आदि भावात्मक कुराहरूबाट कथावस्तु ग्रहण गरिएको रचनामा नै रागात्मक सौन्दर्यको प्रस्फुटित भएको हुन्छ । यस्ता उपन्यासहरूमा रूपनारायण सिंहको 'भ्रमर' (१९९३), शिवकुमार राईको 'डाकबङ्गाला' (२०१३) आदि पर्दछन् ।

### (ङ) स्वैरकल्पना

स्वैरकल्पना शब्द ग्रिसेली भाषाको 'Fantary' को नेपाली रूपान्तर हो । यसको शाब्दिक अर्थ मानसिक बिम्ब वा कल्पना भन्ने हुन्छ । अर्को शब्दमा यसलाई असङ्गत वा उडन्ते कल्पना पनि भनिन्छ । साहित्यमा स्वैरकल्पनाको व्यङ्ग्यात्मक रूपबाट यथार्थको उद्घाटन गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका माध्यमबाट यथार्थको सूक्ष्मतम् एवम् गम्भीरतम् रहस्यहरूको प्रतिकात्मक उद्घाटन हुन्छ । यस्ता कृतिहरूमा ध्रुवचन्द्र गौतमको 'डापी' (२०३३), मनुजबाबु मिश्रको 'स्वप्न सम्मेलन' (२०५६) आदि पर्दछन् ।

यसरी हेर्दा समकालीन उपन्यासहरूमा उपर्युल्लखित विभिन्न विषयवस्तुहरूमध्ये कुनै पनि विषयलाई स्रोतका रूपमा लिई उपन्यासको निर्माण गर्न सकिने देखिन्छ । पाश्चात्य साहित्यकार एरिस्टोटलले दन्त्यकथा, इतिहास र कल्पनालाई कथानकको स्रोत बनाएको बताएका छन् । (एरिस्टोटल, २०४९ : १२-१३) । संस्कृत साहित्यमा नाटकका सन्दर्भमा कथावस्तुका तिनवटा स्रोत मानिएका छन्, प्रख्यात्, उत्पाद्य र मिश्रित । ( उपाध्याय, २०५२ : ४९) । यसरी विभिन्न पुर्वीय र पाश्चात्य विद्वान्हरूले वस्तुका स्रोतहरू औंल्याएको पाइन्छ । नाटकका सन्दर्भमा छनोट गरिएका वस्तुका स्रोत उपन्यासमा पनि लागु हुन्छन् । त्यसैले यहाँ तिनवटा वस्तु स्रोतको छोटकरीमा चर्चा गरिएको छ ।

### २.३.१ प्रख्यात वस्तुस्रोत

प्रख्यात वस्तुस्रोत भन्नाले ऐतिहासिक, पौराणिक आदि लोक प्रचलित कथावस्तुलाई बझाउँछ । नेपाली बृहत् शब्दकोश अनुसार प्रख्यात शब्दको अर्थ नाउँ चलेको, किर्ती फैलिएको, प्रसिद्धि, प्रख्याति भन्ने बुझिन्छ । ऐतिहासिक, पौराणिक र

परम्परागत जनश्रुति एवम् लोककथाहरूमा आधारित कथावस्तुलाई प्रख्यात भनिन्छ । (पोखेल, २०४० : १५४) । त्यस्तै दण्डिले महाकाव्यको चर्चाको क्रममा कल्पितवस्तु स्रोतलाई अस्विकार गर्दै इतिहास वा प्रसिद्ध वस्तु स्रोतलाई स्वीकारेको देखिन्छ । (सिग्द्याल, २०१६ : १०८) । यसरी प्रख्यात वस्तु स्रोतभित्र विशेष गरी ऐतिहासिक, पौराणिक र लोकप्रसिद्ध वस्तुस्रोतहरू पर्दछन् ।

### २.३.२ उत्पाद्य वस्तुस्रोत

उत्पाद्य वस्तुस्रोतको अर्थ "आफै उत्पन्न हुनु" भन्ने हुन्छ । उत्पाद्य वस्तु स्रोतले सृजनाका लागि आवश्यक हुने विषयवस्तु आफैं कल्पना गर्नु भन्ने अर्थ दिन्छ । उत्पाद्य वस्तुको छनोट सर्जकका आफ्ना अनुभव, अनुभूति र कल्पनामा नै आधारित हुन्छ । उत्पाद्य वस्तुस्रोतबाट लिइएका वस्तुहरूमा सर्जकले आफ्नो सृजनात्मक कौशललाई पूर्ण रूपले उपयोग गर्न सक्छ । (पौडेल, २०६८ : २९) । यसरी उत्पाद्य वस्तु स्रोत भित्र विभिन्न वस्तु स्रोतलाई पनि समावेश गर्न सकिन्छ जस्तै काल्पनिक वस्तुस्रोत वैयक्तिक र सामाजिक वस्तुस्रोत आदि उत्पाद्य वस्तु स्रोत अन्तर्गत पर्दछन् ।

### २.३.३ मिश्रित वस्तुस्रोत

मिश्रित वस्तुस्रोत भन्नाले प्रख्यात र उत्पाद्य वस्तु स्रोतको योगबाट रचित कथानकलाई बुझाउँछ । नेपाली बृहत् शब्दकोश अनुसार मिश्रित शब्दको अर्थ मिसाएको, घोलिएको, संयुक्त भएको भन्ने हुन्छ । साहित्यका सन्दर्भमा भन्नुपर्दा प्रसिद्ध कथावस्तुमा आफ्नो कल्पनाको मिश्रण गरी प्रस्तुत गरिएका सृजनाका वस्तुहरूको स्रोतलाई मिश्रित वस्तुस्रोत भनिन्छ । (पौडेल, २०६८ : ३४) । यसरी मिश्रित वस्तुस्रोत भित्र प्रख्यात र उत्पाद्य दुवै वस्तुस्रोत पर्दछन् ।

## २.४ वस्तुको सङ्गठन

वस्तुको सङ्गठनलाई सरल र जटिल कथानक गरी दुई भागमा विभाजन गरिएको पाइन्छ ।

### २.४.१ सरल कथानक

एउटै कथा आरम्भदेखि अन्त्यसम्म भएको कथानक सरल हुन्छ । (बराल र एटम, २०६६ : २६) । एरिस्टोटलका अनुसार जुन कार्यव्यापार वर्णित रूपमा अघि बढ्छ, जुन पूर्ण र अविच्छिन्न छ, त्यसलाई सरल कथानक भनिन्छ । यस्ता कथानकको निर्माण नायकको भाग्य परिवर्तन, स्थिति विपर्यय र अभिज्ञानको अभावमा नै हुन्छ । (एरिस्टोटल, २०४९ : ८६) । पूर्वीय नाट्य मान्यता अनुसार पताका र प्रकरीको योग नभएको कथानक सरल हुन्छ । जस्तै : *माइतघर* उपन्यासको कथानक सरल कथानक हो ।

### २.४.२ जटिल कथानक

दुई वा दुईभन्दा बढी कथानकको मिश्रण हुने कथानक संयुक्त वा जटिल कथानक हुन्छ । (बराल र एटम, २०६६ : २६) । एरिस्टोटलका अनुसार जटिल कथानकमा स्थिति विपर्यय र अभिज्ञान मध्ये कुनै एक अथवा दुवै समावेश हुन्छन् । (एरिस्टोटल, २०४९ : ८६) । पूर्वीय नाट्य मान्यता अनुसार पताका र प्रकरीको योग भएको कथानक जटिल हुन्छ । जस्तै : रूपनारायण सिंहको *भ्रमर* उपन्यास जटिल कथानक भएको उपन्यास हो ।

## २.५ कथावस्तुको आङ्गिक विकास

एरिस्टोटलका अनुसार कथानकलाई पूर्णता प्रदान गर्नका लागि आदि, मध्य र अन्त्यको आङ्गिक विकास आवश्यक मानिन्छ ।

### २.५.१ आदिभाग

आदि त्यो हो, स्वयम् त कुनै घटनाको स्वाभाविक परिणाम होइन तर जसको पछि स्वभावतः केही घटनाहरू घट्छन् । (एरिस्टोटल, २०४९ : ८३) । आदि भाग भनेको कथानकको प्रारम्भिक बिन्दु हो, जहाँ पात्र र परिस्थितिका बिचको सङ्घर्षका कारण अझ विशिष्ट परिस्थिति सृजना भई कथानकले गति प्रदान गर्दछ । यस अवस्थालाई प्रथम सङ्कटावस्था वा सङ्घर्ष विकासको चरण पनि भन्ने गरिन्छ ।

### २.५.२ मध्यभाग

यो कथावस्तुको सबैभन्दा महत्त्वपूर्ण भाग हो । एरिस्टोटलका अनुसार मध्यभागले कुनै घटनाको अनुगमन गर्छ, साथै यसको अनुगमन अरू कुनै घटनाहरूले गर्दछन् । (

पूर्ववत् : ८३) । आदि भागमा प्रारम्भ भएको पात्र र परिस्थिति बिचको सङ्घर्षका कारण सिर्जित प्रथम सङ्कटावस्था पछि द्वन्द्वले अझै गति प्राप्त गर्दै जान्छ र पात्रका अगाडि अत्यन्त जटिल, कठोर र संवेदनशील समस्याहरू बढ्दै जान्छन् । यसरी दोस्रो, तेस्रो, चौथो आदि सङ्कटावस्थाहरू सँग जुधेर पात्र यस्तो निर्णायक क्षणमा पुग्दछ, जहाँबाट परिणतिको सङ्केत प्राप्त हुन्छ । यसरी उत्कर्ष बिन्दु वा चरम अवस्थाको कथानकको गतिलाई मध्यभाग भनिन्छ ।

### २.५.३ अन्त्यभाग

कथावस्तुको अन्त्यभाग भन्नाले फलप्राप्तिको अवस्थालाई बुझाउँछ । एरिस्टोटलका अनुसार आफै कुनै घटनाको स्वाभाविक अनुवर्ती हो । तर यसको कुनै अनुवर्ती हुँदैना । (एरिस्टोटल, २०४९ : ८३) । अन्तिम भागमा चरमावस्था पछि पात्रको सङ्घर्ष शिथिल हुँदै जान्छ र अवस्था परिणाम मुखी हुन्छ । यस अवस्थालाई सङ्घर्ष ह्रास र त्यसपछि परिणाम प्राप्त हुँदासम्मको अवस्था नै कथानकको अन्त्य भाग हो । यसरी आदि, मध्य र अन्त्यको आङ्गिक विकासद्वारा वस्तुले पूर्णता प्राप्त गर्दछ ।

उपन्यासमा प्रयुक्त कथानकको विकासक्रम बारे उपयुक्त विश्लेषण गर्न फ्रेटागको मान्यतालाई पनि प्रयोग गर्न सकिन्छ । कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । त्यसैले आदि, मध्य र अन्त्य अवस्थाबाट विकसित रहेको कथानक आङ्गिक दृष्टिले पूर्ण हुन्छ । यसका निम्नलिखित चरणहरू पर्दछन् । (बराल र एटम, २०६६ : २४) :

| | | |
|---|---|---|
| कथानकका अङ्गहरू | १. आदि | (क) आरम्भ<br>(ख) सङ्घर्ष विकास |
| | २. मध्य | (क) सङ्कटावस्थाको शृङ्खला<br>(ख) चरम सङ्घर्ष |
| | ३. अन्त्य | (क) सङ्घर्ष ह्रास<br>(ख) उपसंहार |

प्रसिद्ध जर्मनेली समालोचक गुस्ताभ फ्लुवर्ट फ्रेटागले आख्यानात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारण गरेका छन्, त्यसलाई फ्रेटागको सूची स्तम्भ भनिन्छ । उनले *'टेकनिक अफ द ड्रामा'* (सन् १९६३) पुस्तकमा यसको विकासक्रम निर्धारण गरेका छन् । चित्रका रूपमा राख्दा तलतिर फुकेर माथितिर साँघुरो हुँदै जाने कोन आकारको हुने भएकाले यसलाई फ्रेटागको सूची स्तम्भ (फ्रेटागको पिरामिड) भनिन्छ । यसमा निम्निलिखित अवस्थाहरू पर्दछन् ।

**(क) आरम्भ**

आरम्भको अवस्थामा पात्रहरूको परिचय र तिनले सामना गर्नुपर्ने परिस्थिति वा समस्याका बारेमा जानकारी दिइन्छ । (बराल र एटम, २०६६ : २५) । यसमा सङ्घर्षको विकाससँगै द्वन्द्व र कौतुहलको आरम्भ हुन्छ । आरम्भ भन्नु नै कथानकको सुरुवात हो ।

**(ख) सङ्घर्ष विकास**

समस्या र परिस्थितिका कारण द्वन्द्व र क्रियाहरूको सूत्र विकास हुने स्थिति सङ्घर्ष विकास हो । सङ्कटावस्थाको शृङ्खलाले गर्दा कथानक माथितिर बढ्नथाल्छ, जसले गर्दा कौतुहलको उत्पन्न हुनुका साथै कथानकमा जटिल स्थितिको सृजना हुन थाल्छ । (बराल र एटम, २०६६ : २५) ।

**(ग) चरम**

यसमा सङ्कटावस्थाको शृङ्खलाले गर्दा कथानकको एउटा यस्तो मोड वा माथिल्लो बिन्दु आउँछ, जसले पात्रहरूलाई गम्भीर महत्त्वपूर्ण र निर्णायक रूप प्रदान गर्दछ । कथानकमा परिवर्तनको स्थिति ल्याएर चरमले पाठकको मानसिकतामा आन्दोलन मच्चाइदिन्छ । (पूर्ववत् :२५) ।


**(घ) सङ्घर्ष ह्रास**

यसमा कथानकको परिवर्तनले सङ्घर्ष कम हुँदै जान्छ र अनेकौं घटना तथा उपकथाहरूलाई समेटेर थान्को लगाउन थालिन्छ । द्वन्द्व र क्रियाको शृङ्खला कमजोर हुँदै शिथिलताको स्थितिमा पुग्दछ । (पूर्ववत्: २५) ।

### (ङ) उपसंहार

यसमा पात्रहरूको सङ्घर्ष समापनको अवस्थामा पुगेपछि फलप्राप्ति हुन्छ । आरम्भको समस्याले समाधान पाई कथानक टुङ्गिन्छ (पूर्ववत् : २५) । यो कथानकको अन्तिम अवस्था हो ।

उपर्युक्त पाँच अवस्थालाई फ्रेटागको पिरामिडमा निम्नानुसार देखाउन सकिन्छ :




(फ्रेटागको पिरामिड)

सङ्केतहरू
१. आरम्भ
२. सङ्घर्ष विकास
३. चरम
४. सङ्घर्ष ह्रास
५. उपसंहार
→ कथानक विकासको गतिको दीशा
---- काल्पनिक आरेख

यहाँ प्रयुक्त कथानकको सूची स्तम्भ (पिरामिड) अत्यन्त सिधा छ तर अनियन्त्रित कथानकको स्थितिमा यो आकार भताभुङ्ग भई अर्को रूपमा स्थापित हुन्छ । कथानकको क्षीणताले यसको आकारलाई न्यून अवस्थामा झार्दछ । दुई वा दुईभन्दा बढी चरम अवस्था हुने कथानकमा पनि यसको आकार निश्चित नहुन सक्छ । (बराल र एटम, २०६६ : २५) । यसरी सरल कथानकमा कथावस्तुको विकास क्रमिक गतिमा अगाडि बढ्छ र कृतिलाई बुझ्न पाठकलाई सहज अनुभूति हुन्छ भने जटिल कथानकमा कथानक टुक्रिएको हुन्छ र पाठकलाई सहज बोधगम्य हुन कठिन पर्दछ ।

## २.६ कौतुहल

कथावस्तुको विकास हुँदै जाँदा अब के हुन्छ ? अब के हुन्छ ? भन्ने जस्ता जिज्ञासा उत्पन्न गराउनु नै कौतुहल हो । कुनै घटना हुनासाथ त्यसको प्रभाव स्वरूप दर्शक वा पाठकमा त्यसपछि घट्ने घटना वा हुने कार्यका बारेमा तीव्र जिज्ञासा उत्पन्न हुने किसिमको कथावस्तुलाई एरिस्टोटलले राम्रो मानेका छन् । कथावस्तुमा त्यस्तो कौतुहल सृजना हुनुपर्छ, झट्ट हेर्दा घटनाहरू अचानक उपस्थिति होउन् तर यो आकस्मिकता नितान्त संयोजन्य नभई कुनै न कुनै पूर्वकारणको परिचय देखियोस् भन्ने

उनको विचार छ । (ज्ञवाली, २०६६ : २३) । बुद्धि र स्मृति घनिष्ट रूपले एक अर्कासँग गाँसिएका हुन्छन् भने बृद्धितत्त्वले नयाँ तथ्यलाई मानसिक रूपले टिप्न सहयोग पुऱ्याउँछ । यसले नै रहस्योद्घाटनका लागि पनि सहयोग गर्छ । रहस्य पनि कथानकका लागि आवश्यक हुन्छ भने कौतुहलको पनि आवश्यकता कथानकका लागि हुन्छ तर यो रहस्यभित्र स्वतः आउँछ । उपन्यासमा फेरी 'यस्तो भयो' भन्ने क्रममा कुतुहलको निर्माण गरिएको हुन्छ । (बराल र एटम, २०६६ : २२) । कुतुहलताको सफल निर्वाहले के कुराको निर्णय गर्दछ भने पात्रको क्रियाकलाप अन्तर्गतको सङ्घर्ष आत्मनिर्णय समेतको त्रिकोणात्मक दिग्दर्शन गर्दछ । जिज्ञासु भाव मानव मात्रको मौलिक गुण हो । यसै भावनालाई सतत गति प्रदान गर्दै उपन्यासको कठिन पठन यात्रामा पाठकलाई अघिं बढाउने जिम्मा कौतुहलताले लिन्छ । यस तत्त्वले उपन्यासका आरम्भदेखि चरमोत्कर्षसम्म पाठ्य गुणको आकर्षण जगाईराखेको हुन्छ । (सुवेदी, २०६४ : २७) । यसरी निर्माण हुने कौतुहलका कारण कृति आकर्षक बन्छ । भावकलाई कृतिको आस्वादन नगरी तुष्टि वा तृप्ति मिल्दैन । त्यसैले यो कौतुहल पनि पाठकीय मनोविज्ञानसँग सम्बन्धित देखिन्छ । कथावस्तुलाई अगाडि बढाउन वा आकर्षण तुल्याउन र कथावस्तुको प्रभावकारीताका लागि पनि कौतहुलको भूमिका महत्त्वपूर्ण मानिन्छ ।

## २.७ द्वन्द्व

द्वन्द्व भन्नाले विपरीत वा बिरोधी वस्तु वा विचारसँगको सङ्घर्ष वा प्रतिस्पर्धा भन्ने बुझिन्छ । कथावस्तु र पात्रलाई क्रियाकलापसँग आवद्ध गराएर अभिव्यक्ति दिने तत्त्व हो द्वन्द्व । (सुवेदी, २०६४ : २४) । द्वन्द्व वास्तवमा रचनामा प्रयुक्त जीवनको अन्तर जटिलताको सूचक हो । द्वन्द्व तिन तहमा विभक्त हुन्छ । मान्छेका बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारण देखापर्ने द्वन्द्व, मान्छे-मान्छे सँगका विषमताका कारणले दुवैमा वैमनस्य जन्माउने द्वन्द्व र मान्छेको आफैभित्र देखापर्ने तनावमूलक द्वन्द्व । (सुवेदी, २०६४ : २४) । कथानक घटनाहरूको कार्यकारण सम्बन्धमा आवद्ध शृङ्खला भएकाले यसमा द्वन्द्व र त्यसबाट उत्पन्न हुने क्रियाको सर्वाधिक महत्त्व हुन्छ । आन्तरिक र बाह्य द्वन्द्वबाट नै पात्रहरूले अगाडिका क्रियाकलाप प्रदर्शन गर्दछन् र कथानक गतिशील भई शृङ्खलित

रूपमा अगाडि बढ्दछ । आन्तरिक द्वन्द्वमा मानिस-मानिसका बिच तथा मानव र मानवेत्तर वस्तुका बिच भएका द्वन्द्वहरू पर्दछन् । (बराल र एटम, २०६६ : २४) । यसरी कथानकको विकासक्रममा आउने द्वन्द्व स्वाभाविक र रोचक हुनुपर्दछ । त्यसैले द्वन्द्व कथानकको महत्त्वपूर्ण उपकरणको रूपमा आउँछ ।

## २.८ कथावस्तुको प्रस्तुतीगत ढाँचा

कथानकको प्रस्तुतीगत ढाँचा भन्नाले उपन्यासमा रहने आरम्भदेखि अन्त्यसम्मका घटनावलीहरूले आफ्ना रुचि र प्रभावकारीता तथा कला कौशलको प्रदर्शन गर्नका लागि विभिन्न ढाँचा अवलम्बन गरेर कथानकको निर्माण गर्दछ । यस्ता ढाँचाहरू मूलतः रैखिक र वृत्ताकारीय गरी दुई प्रकारका हुन्छन् ।

### २.८.१ रैखिक ढाँचा

कथानकलाई अगाडि पछाडि नगरी सिधा रूपमा अगाडि बढाउने ढाँचा नै रैखिक ढाँचा हो । कथानकका अङ्गहरूलाई क्रमबद्ध गरी सिधा अगाडि बढाउँदा त्यसले रेखाका रूपमा आदि, मध्य र अन्त्यलाई जोड्दछ । यसमा कथानक पछाडि फर्कदैन, जसले गर्दा उपन्यासले वर्तमानबाट भविष्यतिर यात्रा गर्दछ । (बराल र एटम, २०६६ : २५) । यसरी कथानकको विकास क्रमबद्ध रूपमा वा सरल रूपमा अगाडि बढ्ने भएकाले सामान्य पाठकहरूले पनि सजिलै बुझ्न सक्दछन् । जस्तैः लीलबहादुर क्षेत्रीको *बसाईं,* विश्वेश्वरप्रसाद कोइरालाको *सुम्निमा* आदि जस्ता उपन्यास रैखिक ढाँचाका उपन्यासहरू हुन् ।

### २.८.२ अरैखिक ढाँचा

अरैखिक ढाँचा भन्नाले कथानकको गति सिधा अगाडि नबढेर अन्त्यबाट शुरु हुनु अथवा कथानकमा विचलन आउनु हो । कथानकका अङ्गहरूलाई सरल रेखामा अगाडि नबढाएर पूर्वदिप्तिका माध्यमबाट उपन्यासमा राख्दा क्रमबद्धतामा विचलन हुने गर्दछ र कथानक भुमरी झैं घुमेको अवस्थामा प्रकट हुन्छ । जुन बिन्दुमा कथानक समाप्त भएको छ, लगभग त्यही बिन्दुबाट कथानकको आरम्भ हुने हुँदा यस ढाँचाले विशिष्टता प्राप्त

गरेको हुन्छ । पूर्वदीप्ति शैलीको प्रयोग नै यसको विशेषता हो, जसले कृतिमा रोचकता र कौतुहलको सम्मिश्रण गरेर सम्पूर्ण उपन्यासलाई नै नवीन संरचना प्रदान गर्दछ । (बराल र एटम, २०६६ : २६) । यसरी कथानकको विकासक्रममा विचलन आउने भएकाले सामान्य पाठकलाई बुझ्न गाह्रो पर्दछ । जस्तै : मदनमणि दीक्षितको *माधवी* उपन्यास वृत्ताकारीय ढाँचामा निर्मित उपन्यास हो ।

## २.९ उपन्यासमा कथावस्तु र अन्य तत्त्वबिचको सम्बन्ध

विभिन्न तत्त्वहरूको संयोजनले नै उपन्यासको निर्माण भएको हुन्छ । यी विभिन्न तत्त्वहरूमध्ये वस्तु सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो भने वस्तुसँग पनि अन्य तत्त्वहरूको एक-अर्काबिच सह-सम्बन्ध रहेको हुन्छ । वस्तुसँग अन्य तत्त्वहरू बिचको सम्बन्धलाई तल छोटकरीमा चर्चा गरिएको छ ।

### २.९.१ वस्तु र पात्र बिचको सम्बन्ध

उपन्यास वा अन्य साहित्यिक विधामा प्रयोग गरिने व्यक्तिलाई पात्र भनिन्छ । यद्यपी उपन्यासमा व्यक्तिमात्र नभएर व्यक्ति जस्तै भई उपस्थिति हुने जीवजन्तु तथा अन्य वस्तुको पनि सहभागिता हुने गर्दछ । (बराल, २०६९ : ६५) । पात्रले उपन्यासलाई सजिव तुल्याएर कथानकलाई गतिदिने महत्त्वपूर्ण जिम्मेवारी बहन गरेको हुन्छ । त्यस्ता पात्रलाई मुख्य र सहायक गरी मूल रूपमा दुई प्रकारमा विभाजन गरिएको हुन्छ । उपन्यासमा कथानक र पात्र फरक तत्त्व भए पनि यी दुईका बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । त्यसैले एउटा पूर्ण उपन्यास बन्नका लागि कथानक वा वस्तु र पात्र अनिवार्य तत्त्व हुन् । यी तत्त्वबिना उपन्यासको कल्पनासम्म गर्न सकिँदैन ।

### २.९.२ वस्तु र परिवेश बिचको सम्बन्ध

परिवेश भन्नाले हामीलाई बाँच्नका निमित्त सहयोग गर्ने हावा, पानी, रूख, बिरूवा, पृथ्वी, जीवजन्तु, आदि भन्ने बुझिन्छ । उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । (बराल र एटम, २०६६ : ३२) । वस्तुलाई अगाडि बढाउने एउटा तत्त्व परिवेश हो ।

परिवेशले कथानकको विषयवस्तु वा घटनावलीलाई व्यवस्थित गराउने काम गर्दछ । यसमा खासगरी देश, काल र वातावरणलाई समेटिएको हुन्छ । उपन्यासमा पात्रहरूको जीवनशैली अनुसारका विभिन्न खाले परिवेश राखिएको हुन्छ । यसले पनि कथानक अगाडि बढाउनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उपन्यासमा कथानक र पात्रपछिको तेस्रो महत्त्वपूर्ण तत्त्व परिवेश हो । यसले कथानकसँग निकट सम्बन्ध राखेको हुन्छ ।

### २.९.३ वस्तु र भाषाशैली बिचको सम्बन्ध

उपन्यासको महत्त्वपूर्ण तत्त्वभित्र भाषाशैली पनि पर्दछ । उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । (बराल र एटम, २०६६ : ३९) । भाषालाई अभिव्यक्ति गर्ने विभिन्न तौर तरिका वा ढाँचा नै शैली हो । वस्तु र भाषाशैली दुवै उपन्यासका आवश्यक तत्त्व हुन् । यी दुवै तत्त्वबिच अन्योन्याश्रित सम्बन्ध रहेको छ । कथानकलाई सुबोध, सरल, सहज र सौन्दर्य थपी अगाडि बढाउने काम भाषाशैलीको हो ।

### २.९.४ वस्तु र उद्देश्यबिचको सम्बन्ध

उपन्यासका विभिन्न तत्त्वहरूमध्ये उद्देश्य पनि एउटा महत्त्वपूर्ण तत्त्व हो । उपन्यासको उद्देश्य मनोरञ्जनका साथै नयाँ ज्ञान दिनु हो । उपन्यासकारले आफ्नो कृतिद्वारा पाठकसामु कुनै सन्देश दिन, विचार प्रस्तुत गर्न वा जीवन दर्शन व्यक्त गर्न खोजेको हुन्छ । उपन्यासको मूल प्रतिपाद्य विषयवस्तु कृतिगत जीवनदर्शन नै हो । यसैलाई उपन्यासको उद्देश्य भनिन्छ । (घर्ती, २०६७ : ७४) । उपन्यासको उद्देश्य पूरा गर्न कथानकको घटनालाई पात्रहरूद्वारा अगाडि बढाउँदै लगिन्छ । त्यसैले कथानक वा वस्तु र उद्देश्य पनि एक अर्कामा अन्तर सम्बन्धित रहेका छन् ।

### २.९.५ वस्तु र दृष्टिबिन्दु बिचको सम्बन्ध

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसैबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन गर्छ, भन्ने कुराको निर्धारण हुन्छ । कथयिता वा समाख्याता स्वयम् पात्रका रूपमा उपस्थिति भएर

आफ्नो वर्णन गरिरहेको छ भने कथावस्तुको शैली प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित हुन्छ, भने समाख्याता आफू बाहिर बसेर कथामा संलग्न पात्रहरूको कार्यव्यापारलाई अवलोकन गरी वर्णन गरिएको छ भने त्यस्तो कथावस्तु तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित हुन्छ । यसरी समाख्याता वा कथयिताले आफू कुन ठाउँमा बसेर कथा प्रस्तुत गरिरहेको छ, भन्ने कुराको आधारमा कथा वा उपन्यासको कथावस्तु आन्तरिक वा बाह्य अथवा प्रथम पुरुष वा तृतीय पुरुष कुन दृष्टिबिन्दुमा संरचित छ, भनेर छुट्याउन सकिन्छ । त्यसैले कथयिताको कथा वाचन शैलीका आधारमा अथवा समाख्याता उभिएको बिन्दुका आधारमा उपन्यासमा प्रयुक्त दृष्टिबिन्दुको निर्धारण हुने भएकाले उपन्यासमा वस्तु र दृष्टिबिन्दुका बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । बराल र एटम, २०७१/०७२) ।

## २.१० निष्कर्ष

वस्तु भन्नाले इतिवृत्ति वा कथानकलाई बुझाउँछ । कथानकलाई उपन्यासको भवन निर्माण गर्ने तत्त्वको रूपमा लिइन्छ । वस्तु उपन्यासको सबैभन्दा महत्त्वपूर्ण तत्त्वको रूपमा आउँछ । सर्वप्रथम पाठकलाई आकर्षित गर्ने तत्त्व कथानक हो । वस्तुभित्र स्रोत, सङ्गठन, घटनाशृङ्खला, कथानक विकास, कौतुहल, द्वन्द्व, कथानक ढाँचा आदि कथानकका पक्षहरू पर्दछन् । पूर्वीय र पाश्चात्य साहित्यकारहरूले कथानकका स्रोतहरू भिन्न भिन्न उल्लेख गरेता पनि सबैलाई मान्य हुने स्रोत प्रख्यात, उत्पाद्य र मिश्रित गरी तिन प्रकारका रहेका छन् । वस्तु अर्थात् कथानकले पूर्णता प्रदान गर्न आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको हुनुपर्दछ । आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहार गरी पाँच अवस्थामा कथावस्तु अगाडि बढेको हुन्छ । द्वन्द्व पनि कथानकको अभिन्न अङ्ग हो । यसले पनि कथानकलाई थप रोचक बनाउने गर्दछ । कथानकको रहस्यमय पक्ष भनेकै कौतुहल हो । यसले पाठकका मनमा संसय जगाउने गर्दछ र उपन्यासका घटनाक्रम अगाडि बढाउन सहयोग पुऱ्याउँदछ । कथानकको ढाँचा वृत्ताकारीय र रैखिक गरी दुई प्रकारको रहेको हुन्छ । यसरी कथानक उपन्यासको प्रमुख अर्थात् महत्त्वपूर्ण तत्त्व भएता पनि यसले उपन्यासका अन्य तत्त्वहरूसँग पनि सह-सम्बन्ध राखेको हुन्छ ।

# तेस्रो परिच्छेद

## माधवी उपन्यासको वस्तुविधानको विश्लेषण

### ३.१ विषय प्रवेश

साहित्यका विभिन्न विधाहरूमध्ये सबैभन्दा उत्कृष्ट विधा उपन्यास हो । उपन्यासको निर्माण विभिन्न तत्त्वहरूको संयोजनले भएको हुन्छ । तिनै विभिन्न तत्त्वहरू मध्ये सबैभन्दा महत्त्वपूर्ण र पहिलो तत्त्व वस्तु अर्थात् कथानक हो । त्यसैले यस परिच्छेदमा *माधवी* उपन्यासको वस्तु अर्थात् कथानकको अध्ययन गरिएको छ ।

### ३.२ माधवी उपन्यासमा कथावस्तुको स्रोत

उपन्यासकार मदनमणि दीक्षितद्वारा रचित यस *माधवी* उपन्यासको कथानक पाँचवटा मण्डलमा विस्तारित भएको छ । जसअन्तर्गत पहिलो मण्डलमा बाह्रवटा, दोस्रो मण्डलमा बाह्रवटा, तेस्रो मण्डलमा एघारवटा, चौथो मण्डलमा सातवटा र पाँचौ मण्डलमा छवटा गरी जम्मा अठ्चालिसवटा उपशीर्षकहरू रहेका छन् । यस उपन्यासको कथावस्तुको स्रोत महाभारतलाई बनाइएको छ । महाभारत उद्योगपर्वको १०६ देखि १२३ औं अध्यायसम्मलाई उपन्यासको उपजिव्याख्यान बनाइएको छ, जसमा विभिन्न विषयवस्तुहरू समेटिएका छन्, जस्तै :

- विश्वामित्रलाई दासप्रथा विरोधी र मानवतावादी व्यक्तिको रूपमा नायक बनाउनु,
- गुरु भक्तिलाई अपरिहार्य र महत्त्वपूर्ण सावित गराउनु,
- पाप-पुण्य, स्वर्ग-नरक र ऋतलाई दृढताका साथ अघिं बढाउनु,
- छोरा र छोरी बिचको भेदलाई तीव्र पार्दै छोराहरू परलोक सपार्ने हुन्, भन्ने देखाउनु,
- दान, यज्ञ र बलीलाई धार्मिक खोल ओढाउनु,
- दासहरूको मुक्ति मालिकको खुसी हो, भन्ने सावित गराउनु,

) सर्वोपरी रूपमा अन्धविश्वास, भविष्यवाणि र धार्मिक पक्षलाई बढाव दिनु । ( बराल, २०६४ : १६८)।

यसरी *माधवी* उपन्यासको कथा महाभारतको मिथकबाट लिइएतापनि यसमा उपन्यासकारले प्रशस्त मात्रामा थपघट गरेको देखिन्छ । उक्त कुरालाई पुष्टि गर्नका लागि विभिन्न विद्वान्/व्यक्तिहरूले *महाभारत उद्योगपर्व* र *माधवी* उपन्यासको तुलनात्मक अध्ययन गरी आफ्नो लेख/रचना तथा समालोचनाहरूमा आ-आफ्ना धारणाहरू समेत व्यक्त गरेका छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

भरतराज शर्मा मन्थलीयले महाभारतमा ८०० श्यामकर्ण घोंडा भनी वर्णन गरेको विषयलाई *माधवी* उपन्यासमा ४ वटा श्यामकर्ण बनाइएको प्रसङ्गलाई महाभारतका केही पंक्तिहरू समेत सापटी लिएर पुष्टि गरेका छन् । उनका अनुसार- "प्रसन्न गुरु श्री विश्वमित्रले गुरुदक्षिणार्थ केही दिनुपर्दैन भन्दाभन्दै पनि प्राप्त विद्या सिद्धिप्रद नहोला, भन्ने आशङ्कामा शिष्य गालवले धेरै आग्रह गरे र रन्केर उनले भने - त्यसो भए ल्याऊ त गुरुदक्षिणा वापत चन्द्रमा जस्ता सेता, काला कान भएका *'श्यामकर्ण'* अश्व आठशय" । (मन्थलीय, २०५१ : ५१) । यसरी उपर्युल्लिखित पंक्तिहरूको अध्ययन गर्दा महाभारतमा आठसय श्यामकर्ण अश्वको माग गरिएकोमा दीक्षितले *माधवी* उपन्यासमा त्यसलाई चारवटा अश्व भनी प्रत्येक दुईसय घोंडा बराबर एउटा घोंडा बनाएर प्रस्तुत गरेको कुरा पुष्टि हुन्छ । त्यसैगरी मन्थलीयले उपन्यासको नायक गालवको चरित्रका सम्बन्धमा पनि उपन्यासकार दीक्षितले केही हेरफेर गरेका कुरा व्यक्त गरेका छन् । उनका अनुसार "महाभारतमा व्यासमुनिबाट भगवानसम्म भनी मर्यादा गरिने तपस्याका मुर्तिमान स्वरूप विप्रवर गालवलाई दीक्षितले यस उपन्यासमा मुनिकुमार, क्षत्रिय, ऋषि, आचार्य, मन्त्रद्रष्टा तथापि पछि आफूलाई क्षत्रिय भनेको मन नपराउने, पहिलेका यज्ञकर्ता, पछिका यज्ञत्यक्ता, वैष्णवधर्मी, आत्मनिष्ठ ब्रह्मचारी तर दासीगामी, जँड्याहा, मित्र पत्निमा आसक्त आदि विभिन्न चरित्रको बनाउन पुगेका छन् ।" (मन्थलीय, २०५१ : ५४-५५) । यसरी हेर्दा दीक्षितले कथानकको परिवर्तन गर्दा कतिपय पात्रहरूको चरित्रमा समेत परिवर्तन गरेको कुरा पुष्टि हुन्छ ।

*माधवी* उपन्यासका अर्का विश्लेषक कमलराज रेग्मीले पनि दीक्षितले *माधवी* उपन्यासमा निर्माण गरेको कथावस्तुमा महाभारतमा वर्णन भएका विषयभन्दा केही थपघट गरेको कुरा महाभारतका विभिन्न प्रसङ्गहरू साभार गरी पुष्टि गरेका छन्, जस्तै :-

> "आफैले दिन्छु भनेर प्रतिज्ञा गरेको गुरु दक्षिणा दिन नसक्ने आफू पापी, कृतघ्न, कृपण र मिथ्यावादी भएर बाँच्नुभन्दा समुद्रपारी टाढा गएर शरीर त्याग गर्नु नै वेश हुनेछ, आफू जस्तो मानिस जीवित रहेर कुनै फाइदा छैन, भन्ने निश्चय गरेर अन्तिम अवस्थामा स्मरणीय रहेका विष्णु भगवानप्रति शरणागत हुने विचार गरे ।"
>
> यत्तिकैमा त्यहाँ विनतानन्दत गरुड आइपुगे र "गालव ! तिमी मेरा प्रियतम मित्र हौ, मित्रको मनोरथ पुरा गर्न आफूसँग भएको ऐश्वर्यको पनि उपयोग गर्नुपर्दछ । हे विप्र ! भगवान् विष्णु मेरा सर्वस्व हुनुहुन्छ, उहाँले तिम्रो सहायता गर्न मलाई आज्ञा दिनुभएको छ । ल भन, पूर्व, दक्षिण, पश्चिम र उत्तर कुन दिशाको पहिले यात्रा गरौ ?" भनेर उनी चारै दिशा बारेका ऐतिहासिक विशेषता, समृद्धि र उपयोगका महत्त्व र परिचयमा छुट्टाछुट्टै विस्तारपूर्वक वर्णन गरेर गालवलाई सुनाउँछन् र सोध्दछन् - "ल भन गालव कुन दिशातिर जान चाहन्छौं ? म तिमीलाई सम्पूर्ण पृथ्वी तथा समस्त दिशाहरूमा देखाउन उद्यत छु । अतः तिमी मेरो पिठिउँमा बस, आऊ । ........"
>
> अनि गालले "हे विनतापूत्र सुपर्ण ? हे नागराज शत्रु ! तिमी मलाई सूर्यचन्द्र प्रकाशित हुने पूर्वदिशातिर लैजाऊ, म सम्पूर्ण देवताहरूको दर्शन-भेट गर्न चाहन्छु भन्दै उनी गरुडको पिडिउँमा बसे" (रेग्मी, २०५१ : १३६) ।

यसरी उपर्युल्लिखित प्रसङ्गको अध्ययन गर्दा महाभारतमा गालवले श्यामकर्ण घोंडाका बारेमा केही सोंच्न नसकी निराश भएर आफूलाई पापी ठान्दै देहत्याग गर्ने

निर्णय गर्न पुगेको समयमा गालवको अघिल्तिर गरुड उपस्थित भई आफूलाई विष्णु भगवानले सहयोगका लागि पठाएको बताई गालवकै इन्छा बमोजिम पूर्वतर्फको यात्रा प्रारम्भ गर्दछन्, भन्ने प्रसङ्ग वर्णन गरिएको छ भने, *माधवी* उपन्यासमा गुरुबाट चारवटा श्यामकर्ण घोडा गुरुदक्षिणा स्वरूप माग भएपछि गालव आफै धैर्यता र शाहसका साथ श्यामकर्ण घोडाको खोजीका लागि केही सहयोग मिल्छ कि भन्ने आशा राख्दै मित्र सुपर्ण नागजेय कहाँ स्वयम् पुगेको, भन्ने प्रसङ्ग आएको छ । (दीक्षित, २०६७ : २५) । यसरी *महाभारत* र *माधवी* मा देखा परेका यी दुई फरक फरक प्रसङ्गलाई अध्ययन गर्दा दीक्षितले महाभारतको कथावस्तुलाई तोडमोड गरी आफ्नै कल्पना शक्तिको प्रयोगद्वारा *माधवी* उपन्यासको कथावस्तु निर्माण गरेको कुरा पुष्टि हुन्छ । यसका साथै *महाभारत* मा गरुड र गालव यात्रा गर्दै थकित भएका कारण ऋषभ पर्वतको शिखरमा निवास गरेकी शाण्डिली नामकी ब्राह्मणी कहाँ पुगी भोजन गरी केहीबेर विश्राम समेत गरेका भन्ने प्रसङ्ग रहेको छ (रेग्मी, २०५१ : १३७) भने, *माधवी* मा सुपर्ण नागजेय र गालव मण्डलक जनपदबाट सातदिन सम्मको यात्रा गर्दै शैवालिक पर्वता निवासी निषादराज सौरभ कहाँ पुगेका र त्यसदिन त्यहीँ विश्राम गरी अर्को दिन सूर्योदयसँगै अहिच्छत्रको यात्रामा संलग्न भएका भन्ने प्रसङ्ग रहेको छ ।(दीक्षित, २०६७ : ६०) । यहाँनेर दीक्षितले महाभारतमा प्रयुक्त शाण्डिलीको प्रसङ्गलाई पूरै परिवर्तन गरी शैवालिक जनपद निषादराज सौरभको वर्णन गरेका छन् ।

उपर्युल्लिखित विभिन्न प्रसङ्गहरूका साथसाथै कमलराज रेग्मीले महाभारतको विषय र माधवीको कथावस्तुको स्रोतका बारेमा तुलनात्मक अध्यन गर्ने क्रममा *माधवी* मा वर्णन गरिएको दासप्रथाका सम्बन्धमा पनि केही कुरा उल्लेख गरेका छन् । उनले भनेका छन् - “महाभारत भित्रको जुन कथालाई आधार बनाएर उपन्यास लेखिएको छ, त्यो कथामा कहीँ कतै पनि दासता र दास-दासीका कुनै चर्चा, संकेत र शब्दसम्म पनि छैनन्” । (रेग्मी, २०५१ : ६१४) । त्यसैगरी माधवीमा वर्णित दासप्रथाका सम्बन्धमा डा. कुलप्रसाद कोइरालाले पनि आफ्ना धारणाहरू यसरी व्यक्त गरेका छन् -“हर्यश्वको दासशाला, दास बनाउने र दास बिमोचन विधिहरू भने कल्पित हुन् । राज्यमा अनेकौं प्रकारका बन्दी हुन्छन् । बेलाबखत ती बन्दीहरू राजाज्ञाबाट मुक्त गरिन्छन् । यसैलाई

दास परम्परामा जोडेर प्रस्तुत गरिनाका कारणका रूपमा मार्क्सवादी चिन्तन र नेपालमा प्रचलित कमारा-कमारी प्रथाको उत्प्रेरणा जनित प्रस्तुति हुनसक्छ, भन्न सकिन्छ" । (कोइराला, २०६३ : १६) । यसरी हेर्दा *माधवी* उपन्यासको कथा महाभारतको मिथकबाट लिइएको प्रख्यात विषयवस्तुमा आधारित कथा हो । यो कथालाई उपन्यासकारले संभावना र कल्पनाका आधारमा कथानक, पात्र र परिवेशमा मौलिक कुराहरूको पनि समावेश गरेर कथानकलाई लम्ब्याउनुका साथै रोचक पनि बनाएका छन् ।

यस उपन्यासमा उपन्यासकारले महाभारतको उत्तरवैदिककालीन समाजको विषयवस्तुलाई लिएतापनि तत्कालीन समाजका यथार्थ विषयवस्तुलाई समेत समेटेको कुरालाई ऋषिराज बरालले यसरी उल्लेख गरेका छन् - "उत्तरवैदिक कालसम्म आइपुग्दा नारीले आफ्नो हैकम गुमाइसकेकी थिई, अब ऊ दासी, भोग्या र यन्त्रको रूपमा सिमित थिई" । (बराल, २०६४ : १७३) । त्यस्तै भोजराज भट्टले पनि उत्तरवैदिककालिन समाजकी नारीको अवस्थाबारे अध्ययन गर्दै भनेका छन् - "यसमा नारीलाई केशशुल्का बनाउने समाज छ । मूल्य दाताका लागि नारीले सन्तान जन्माउने चलन छ, तर त्यस समाजमा त्यस्ती नारीलाई वेश्या भनिदैनथ्यो । नारी साझा थिई । सन्तान जन्मिएपछि पनि उनी कन्या नै मानिन्थिन्" । (भट्ट, २०५१ : २७९) । त्यसैगरी बरालले अझ प्रष्ट पार्दै भनेका छन् - "मातृ सत्ताको अन्त्यपछि छोरीलाई कष्ट र दुःखको रूपमा लिन थालियो र छोरोलाई परलोक सपार्ने साधनको रूपमा लिन थालियो । यस्तो अवस्थामा आफ्नु स्वार्थका लागि बाबुले छोरीलाई दाउमा लगाउनु र बेच्नुमा पनि आश्चर्य भएन" । ( बराल, २०६४ : १७३) । यसप्रकार पौराणिक कालमा स्वतन्त्र नारीको अस्तित्त्व उत्तरवैदिककालीन समाज हुँदै तत्कालीन समयसम्म आइपुग्दा मातृसत्ताको नाश भई पुरुषले आफ्नो हैकम जमाउन थालेका कारण नारी पदच्युत हुन पुगेको र उसलाई सन्तान प्राप्तिको साधनको रूपमा मात्र लिन थालेको कुरा उपर्युक्त कथनहरूबाट प्रष्ट हुन्छ ।

*माधवी* उपन्यासमा निर्मित कथावस्तुमा महाभारतमा वर्णन गरिएको विषय भन्दा प्रशस्तै थपघट गरी परिवर्तन गरिएको कुरालाई पुष्टि गर्नका लागि अर्को एउटा

प्रसङ्गलाई पनि उदाहरणको रूपमा लिन सकिन्छ । जस्तै : महाभारतमा वर्णन गरिएको उक्त कथावस्तुको अन्त्यमा स्वर्गच्युत भएर पृथ्वीमा खस्न पुगेका ययाति, जुन माधवीका चारपुत्र वसुमना, प्रतर्दन, शिवि र अष्टकका माझमा खसेका र उनीहरूले ययाति त्यहाँ आइपुग्नुको कारण सोध्दै गर्दा मृगचारिणी माधवी पनि मृगसँगै विचरण गर्दै त्यहीँ आइपुगेकी र माधवीले पिता ययातिलाई आफ्ना चारपुत्रहरूको परिचय गराउँदै उनीहरूले प्राप्त गरेको पुण्यफलको अंश लिन मिल्ने कुरा बताउँछे र यहि समयमा गालव पनि टुप्लुक्क त्यही उपस्थित भएर आफूले आफ्नो तपस्याद्वारा प्राप्त गरेको पुण्यको आठौं भाग समेत लिएर स्वर्गलोकमा गएर बस्नका लागि आज्ञा दिएको, भन्ने प्रसङ्ग रहेको छ । (रेग्मी, २०५१ : १४५-१४६) भन्दै माधवी र ययातिको भेट भएको प्रसङ्ग देखाइएको छ भने *माधवी* उपन्यासमा माधवी र गालव वाटधानमा भेट भएको र उनीहरू चतु:राष्ट्र यज्ञमा उपस्थित हुन पुगेका र त्यहाँ उनीहरूले वर्णन गरेको यज्ञगाथा स्वरूप *माधवी* उपन्यासको निर्माण हुन पुगेको देखिन्छ । यसरी हेर्दा दीक्षितले महाभारतका चतु:राष्ट्र यज्ञको प्रसङ्ग कथावस्तुको अन्त्यमा समावेश भएकोलाई उपन्यासमा उक्त चतु:राष्ट्र यज्ञको प्रसङ्गलाई प्रारम्भमा उल्लेख गरी त्यहीँ यज्ञगाथामा वर्णन गरिएको माधवी र गालवको इतिहास स्वरूप *माधवी* उपन्यासको निर्माण हुन पुगेको देखाएका छन् ।

यसरी हेर्दा महाभारतको ऐतिहासिक एवम् पौराणिक विषयवस्तुलाई वर्तमान समाजसँग सामञ्जस्य तुल्याउन उपन्यासकार सफल भएका छन् । यसका साथै यस उपन्यासमा उपन्यासकारले प्रसिद्ध विषयवस्तुको छनोट गरे तापनि त्यस विषयवस्तुलाई जस्ताको तस्तै नउतारी आफ्नै बौद्धिक क्षमता, वर्तमान समाजका यथार्थता र उपन्यासकारका आफ्नै नीति भावना र कल्पना समेत प्रस्तुत गरेका छन् । त्यसैले *माधवी* उपन्यासमा प्रख्यात र उत्पाद्य विषयको सम्मिश्रण भएकाले उपन्यासको वस्तु स्रोत मिश्रित प्रकृतिको छ ।

## ३.३ माधवी उपन्यासमा कथावस्तुको सङ्गठन

*माधवी* उपन्यासमा प्रस्तुत भएको कथावस्तु विश्वामित्रको आश्रम कुशिक प्रदेशबाट आरम्भ भई विश्वामित्रका शिष्य गालवको गुरुदक्षिणाको प्रतिज्ञाबद्ध प्रसङ्गलाई

लिएर अगाडि बढेको छ । आश्रममा रहँदा शिष्य गालव विश्वमित्रका अति नै प्रिय अन्तेवासिन भएकाले बिना दक्षिणा दीक्षा दिन लाग्दा गुरुदक्षिणा बिनाको विद्या प्रत्यवायको कारण बन्छ, भन्ने ठानी आफू गुरुदक्षिणा बिना दीक्षा ग्रहण नगर्ने हठ गर्छ । गालवको हठदेखि विश्वामित्र क्रोधित भई चारवटा श्यामकर्ण घोंडा गुरुदक्षिणा स्वरूप दिनका निमित्त आदेश दिन्छन् । विश्वामित्रको उक्त आदेश पश्चात गालव गुरुऋणबाट मुक्त हुन श्यामकर्ण घोंडा प्राप्तिका लागि त्यहाँबाट प्रस्थान गर्दछ र ऊ मण्डलक जनपदमा रहेका आफ्ना परमप्रिय मित्र सुपर्ण नागजेय कहाँ पुग्छ र आफू श्यामकर्ण घोंडाको खोजीमा हिडेको कुरा नागजेयलाई बताउँछ । नागजेयको सल्लाह बमोजिम दुवैजना अहिच्छत्र नरेश ययातिका राजप्रासादमा पुग्छन् र दानवीर सम्राट ययातिसँग भिक्षा स्वरूप चारवटा श्यामकर्ण घोंडा माग्दछन् तर, ययातिका राजप्रासादमा श्यामकर्ण घोंडा नै नभएका र ती घोंडा किन्न पुग्ने धन समेत नभएको हुँदा ययातिले गालवलाई श्यामकर्ण घोंडा प्राप्तिको सहायतार्थ अप्सरापुत्री विश्वाचिका गर्भबाट जन्मिएकी ययातिपुत्री माधवी प्रदान गर्ने र माधवीको उपयोगबाट श्यामकर्ण घोंडा प्राप्तिका लागि जहाँसम्म सम्भव छ, त्यहींसम्म जाने र उक्त उद्देश्य प्राप्ति पश्चात गालवले ययातिको दरबारमा फिर्ता बुझाउनुपर्ने सर्त गरी त्यहाँबाट गालव र माधवीले प्रस्थान गर्दछन् ।

यसरी अहिच्छत्रबाट प्रस्थान गरेका माधवी र गालव अयोध्यामा प्रवेश गर्न पुग्दछन् । अयोध्या नरेश हर्यश्वका सन्तान नभएका र माधवीबाट चारवटा चक्रवर्ती सम्राट जन्मने भएकाले गालवले अयोध्या नरेश हर्यश्वसँग एक घोंडा बराबर एकछोरा माधवीको शुल्क निर्धारण गरी आफूलाई चारवटा श्यामकर्ण घोंडा चाहिएकाले चारवटा चक्रवर्ती पुत्र प्राप्त गरी चारवटा श्यामकर्ण घोंडा प्रदान गर्नका लागि प्रस्ताव राख्दछ । तर हर्यश्वको राजप्रासादमा एउटा मात्र श्यामकर्ण घोंडा भएका कारण एक पुत्र जन्माई एउटा घोंडा प्राप्त गर्ने सर्तमा गालवले माधवीलाई हर्यश्वका निमित्त सुम्पन्छ र त्यहाँ माधवीको गर्भबाट पुत्र वसुमनाको जन्म हुन्छ । वसुमनाको जन्मपश्चात त्यहाँबाट एउटा श्यामकर्ण घोंडा प्राप्त गरी उक्त घोंडा गुरु विश्वामित्र कहाँ पठाउने व्यवस्था मिलाई गालव र माधवी काशी नरेश दिवोदासको दरबारतर्फ प्रस्थान गर्छन् । त्यहाँ पनि अयोध्यामा गरिएको सर्त जस्तै एक पुत्र बराबर एक श्यामकर्ण घोंडा शुल्क निर्धारण गरी

दोस्रो श्यामकर्ण घोडा गुरुलाई पठाएर माधवी र गालव भोजनगर स्रमाट शिविको राज्यमा प्रवेश गरी त्यहाँ पनि पूर्ववत् सर्तमा माधवीको पाणिग्रहण शिविसँग हुन्छ र अर्को एउटा श्यामकर्ण घोंडा प्राप्त हुन्छ ।

यसरी गालवले विश्वामित्र उपर टक्राउनु पर्ने चारवटा श्यामकर्ण घोंडामध्ये तिनवटा घोंडा प्राप्त भइसकेका तर अब चौंथो श्यामकर्ण घोंडा प्राप्तिको कुनै उपाय भेटाउन नसकेको गालव पुनः मित्र नागजेयसँग सल्लाह लिन पुग्दछ र उसकै सल्लाह बमोजिम एउटा श्यामकर्ण घोंडाको सट्टा माधवीबाट एक चक्रवर्ती पुत्र प्राप्त गरी आफूलाई समावर्तन गर्नका लागी विनय गर्दछ । गालवको कुरामा सहमत भएका विश्वमित्रले एक पुत्र प्राप्तिका लागि माधवीलाई अँगाल्न तयार हुन्छन्, तर विश्वामित्र आफू वृद्धावस्थामा प्रवेश गरिसकेको हुँदा सन्तान प्राप्तिको संभावना नभएका कारण त्यहाँ विश्वामित्रका भानिज प्रमतकसँग माधवीले ऋतुग्रहण गर्छे र पुत्र अष्टकको जन्म हुन्छ र त्यही पुत्रलाई नै विश्वामित्रले चौंथो श्यामकर्ण प्राप्तिका रूपमा स्वीकार गरेर गालवलाई दीक्षित गरेको प्रसङ्ग उपन्यासमा मुख्य कथानकको रूपमा प्रस्तुत भएको छ ।

गुरुदक्षिणाको भारबाट मुक्त भएको गालव आफ्नो उद्देश्य प्राप्ति पश्चात माधवीलाई ययाति प्रासादमा फिर्ता गर्नुपर्ने पूर्वसर्त अनुसार माधवीलाई साथमा लिई अहिच्छत्रतर्फ प्रस्थान गर्दछ तर, वृद्ध ययाति प्रतिष्ठानपुर क्षेत्रमा गएर वानप्रस्थी जीवन व्यतित गरिरहेका कारण गालवले माधवीलाई त्यहीँ उपस्थित गराउँछ । यसरी प्रत्यावर्तित पुत्री माधवी र मुनिकुमार गालवको उपस्थितिबाट प्रसन्न ययातिले माधवीको पाणिग्रहण गालवसँग गरिदिने निर्णय गर्दछन् । विवाहको शुभदिन तोकिएपछि गालव उक्त महोत्सवमा आफ्नो मित्र नागजेयको उपस्थिति हुनुपर्छ, भन्ने ठानी पाणिग्रहणका लागि आइपुग्ने वचन दिएर मण्डलक जनपदतर्फ प्रस्थान गर्दछ । त्यहाँ पुग्दा मित्र नागजेय आफ्नो सखा सौरभ कहाँ गएको जानकारी प्राप्त भएपछि गालव पनि त्यतै तर्फ लाग्दछ । शैवालिक क्षेत्रमा पुग्दा नागजेय बिरामी परेर सुतीरहेको थाहा पाएपछि गालव उसको सेवामा जुट्दछ । नागजेयको स्वास्थ्यमा सुधार आएपछि गालवले आफू त्यहाँ आउनुको कारण नागजेय सामु खोल्दछ र त्यही दिनमा नै स्वयम्वर हुने कुरा समेत बताउँछ ।

यस्तो गम्भीर कुरा समयमै नबताएकोमा गालवलाई नागजेयले हप्काउँछ र तुरुन्तै प्रतिष्ठानपुरतर्फ बाटो लाग्दछन्, तर त्यहाँ पुग्दा स्वाभिमानिनी माधवीले विवाह लगायत गृहस्थाश्रमका सारा प्रसङ्ग परित्याग गरेर वानप्रस्थ आश्रम वरण गरी वनपथतिर प्रयाण गरिसकेकी हुन्छे । यो थाहा पाएपछि दुवै मित्र माधवीको खोजीमा ऊ गएकै दिशातर्फ लाग्छन् ।

सम्बालागण समाजमा पुगेर त्यहींको समाजका आचरणमा समाहित भएकी माधवीसँग नागजेय र गालवको भेट हुन्छ, तर माधवीले अबको जीवन आ-आफ्नै तरिकाले बिताउने निर्णय गरेपछि गालव र माधवीको आफ्नै किसिमको यात्रा आरम्भ हुन्छ भने नागजेय गालवसँग विदा लिएर मण्डलक जनपदतर्फ लाग्दछ । समय बित्दै जाँदा माधवी र गालवको मनमा एकले अर्कोलाई त्याग गरेकोमा पश्चाताप पैदा हुँदै जान्छ र एकले अर्कोको खोजी गर्दै आफूहरू पहिले पुगेका सबै स्थानमा पुग्छन् । यसरी देश-देशान्तरमा घुम्दा घुम्दै लगभग असी वर्षको उमेर पार गर्दा गालव र माधवी प्रयागमा स्नान गर्ने नियतले त्यहाँ भइरहेको चतुःराष्ट्र यज्ञमा सहभागी बन्न आइपुग्दछन् । प्रयागको त्यस यज्ञक्षेत्रमा वसुमना, प्रतर्दन, शिवि र अष्टकले चतुःराष्ट्र यज्ञको आयोजना गरेर बसेका हुन्छन् । यज्ञबाट विश्राम मिलेका क्षणमा आफ्नै आत्मकथा भनीरहेकी माधवीका वाचनमा विस्तारै गालवको कथा जोडिँदै गएपछि तिनै दुई वृद्ध-वृद्धाको कथा रहेछ, भन्ने कुरा खुल्दछ । यसका साथै चारैजना चक्रवर्ती सम्राटकी आमा माधवी हुन् भन्ने कुराको अनावरण हुन्छ । यसरी *माधवी* उपन्यासको आरम्भ भएकै स्थानमा अइपुगेर माधवीको मुख्य कथानक समाप्त हुन पुगेको छ ।

उपन्यासकारले यस उपन्यासमा माधवी र गालवको प्रमुख कथानकलाई अगाडि बढाउनका लागि बिचबिचमा उपकथाहरूको पनि संयोजन गरेका छन् । जस्तै : मण्डलक जनपदमा नागजेयकी जाया जवाले गालवको आतिथ्य सत्कार निमित्त त्यो रात्री गालवसँगै अर्पण गरेको कुरालाई उपन्यासकारले उपकथाका रूपमा जोडेका छन् । त्यसैगरी अहिच्छत्रमा देखापरेको वरुणथली र बारुणि महामाया गणिका माधवीप्रति हलिमकद्वारा हुने गरेको यौन व्यवहारको कथा पनि उपन्यासमा जोडिन पुगेको उपकथा

हो । त्यस्तै माधवी र गालव अहिच्छत्रबाट अयोध्यातर्फ प्रस्थान गर्दा उनीहरूलाई वनायु जनपदमा बास बसाएर त्यहाँको मातृसत्तात्मक समाजसँग परिचित गराएको प्रसङ्गलाई पनि उपकथाका रूपमा लिन सकिन्छ भने उपन्यासको मूल कथानकलाई रोचक बनाई अगाडि बढाउनका लागि दीक्षितले मदन-महोत्सव, यम-यमी नाट्य, पुरुरवा-उर्वशी नाट्य, कौमुदी महोत्सव आदि प्रसङ्गहरू उपकथाका रूपमा जोड्न पुगेका छन् ।

यसरी हेर्दा यस *माधवी* उपन्यासमा एकभन्दा बढी कथानकहरूको मिश्रण भएको देखिन्छ । उपन्यास पढ्दै जाँदा पाठकका मनमा माधवी र गालवको विवाह होस् भन्ने इच्छा उत्पन्न हुन पुग्छ तर परिस्थितिले अर्कै मोड लिएका कारण पाठकको उक्त आशा निराशामा बदलिन पुगेको छ भने, विभिन्न प्रकारका उपकथाहरूको बुनाईका कारण यस उपन्यासको कथावस्तुलाई सामान्य पाठकले ग्रहण गर्न सम्भव देखिँदैन । त्यसैले मदनमणि दीक्षितद्वारा रचित यस *माधवी* उपन्यास जटिल कथानक भएको उपन्यास हो ।

## ३.४ माधवी उपन्यासमा कथावस्तुको आङ्गिक विकास

*माधवी* उपन्यासको कथानक विभिन्न पाँच परिच्छेद र अठ्चालिस वटा उपखण्डमा विस्तारित भएको छ । कथावस्तुलाई पूर्णता प्रदान गर्न आदि, मध्य र अन्त्यको आङ्गिक विकास आवश्यक मानिन्छ । त्यसैले यहाँ यस उपन्यासको कथावस्तु विकास प्रक्रियालाई आदि, मध्य र अन्त्यका आधारमा अध्ययन गरिएको छ, जुन यसप्रकार रहेको छ :

### ३.४.१ माधवी उपन्यासमा प्रयुक्त कथावस्तुको आदिभाग

*माधवी* उपन्यासको प्रारम्भ विश्वामित्रको आश्रमबाट भएको छ । कौशिक कुलीन आचार्य विश्वामित्रका गुरुकुलमा अध्ययनरत गालव विश्वामित्रको प्रिय अन्तेवासिन शिष्य भएकाले गुरुदक्षिणा बिना नै दीक्षा दिन लाग्दा गालवले गुरुदक्षिणा बिना दीक्षा नलिने हठ गर्छ र आचार्य विश्वामित्र क्रोधित भएर चारवटा श्यामकर्ण घोंडा दक्षिणा निमित्त माग गर्दै उक्त चारवटा श्यामकर्ण घोंडा दिन नसके गुरुले अभिमन्त्रित जल सेचन गरी तिर्यग्योनिमा पतन गराउने महाभय समेत सुनाएका कारण गालव आन्तरिक दुश्चिन्ता र भयका भुमरीमा छटपटिँदै आफ्नो मित्र नागजेयबाट केही सहयोग मिल्छ कि, भन्ने

आशाका साथ नागजेयको बासग्राम मण्डलक जनपदतर्फ प्रस्थान गरेको भन्ने प्रसङ्गदेखि अहिच्छत्रमा नागजेय र गालव पुगेर भिक्षा स्वरूप चारवटा श्यामकर्ण घोंडा माग गरेका, तर त्यहाँ त्यस्ता घोडा एउटा पनि नभएको र ती घोंडा किन्न पुग्ने प्रसस्त धन पनि नभएका कारण ययातिले अन्त्यमा चक्रवर्ती पुत्रहरूकी माता बन्ने भविष्यवाणी भएकी कन्या माधवीलाई गालवको जिम्मा लगाएर पठाएको प्रसङ्गसम्मको कथावस्तुलाई कथानकको आदि भागका रूपमा लिन सकिन्छ । यस आदिभाग भित्र पनि कथावस्तुले बीजाधान गरेको प्रसङ्गलाई आरम्भ भाग र उक्त बीजले सङ्घर्ष गर्दै अगाडि बढ्नका लागि प्रयत्न गर्दै गति प्राप्त गरेको अवस्थालाई सङ्घर्ष विकासको अवस्था भनी छुट्टाछुट्टै विश्लेषण गर्न सकिन्छ ।

(क) **आरम्भ**

माथि उल्लेख गरिएजस्तै विश्वामित्रले गुरुदक्षिणा बिना नै गालवलाई दीक्षा दिन लाग्दा स्वाभिमानी गालवले गुरुदक्षिणा बिना दीक्षा नलिने हठ गरेकोमा विश्वामित्र क्रोधित भई चारवटा श्यामकर्ण घोंडाको माग गरेका र उक्त घोंडा दिन नसके दास योनिमा पतन गराउने महाभय समेत सुनाएकाले गालव आन्तरिक दुश्चिन्तामा रुमल्लिदै नागजेय वासग्राम मण्डलक जनपदतर्फ यात्रा प्रारम्भ गरेको प्रसङ्ग नै कथावस्तुको आरम्भ बिन्दु हो, जस्तै :

> नागजेयले सहायता गर्न सक्लान् के ? चारवटा श्यामकर्ण भनेको सामान्य कुरो होइन । आचार्य विश्वामित्रले दक्षिणा रहित समावर्तन प्रदान गर्दा त्यसरी अभिमान गरेर गुरुदक्षिणा दिन्छु भनेर किन जोड गरेको ? अब के गर्ने ? गुरुदक्षिणा नदिएमा श्राप ग्रस्त भई तिर्यग्योनिमा (दासत्वमा) पुग्नुपर्ने छ । त्यसैले त सहसा काम नगर्नू, आफ्नो शक्तिलाई बुझ्नू, विवेक नत्यग्नू, अविवेकबाट ठूलो आपत्ति आइलाग्छ भन्छन् । जे होस्, लक्ष्य सिद्धिनै जीवनको प्रथम अनुशासन हो, लक्ष्य सिद्धिमा सुपर्ण नागजेयले जे जति सहायता गर्लान्,

> त्यसमाथि आफैले पनि थप्नुपर्नेछ । इत्यादि कुराहरू हिँडिरहेको गालवका मनमा उम्लिरहेका थिए । (दीक्षित, २०६७:२४) ।

प्रस्तुत परिच्छेदमा विश्वामित्रद्वारा चारवटा श्यामकर्ण घोंडाको माग भएपछि मनमा अनेक चिन्तन गर्दै गालवले मण्डलक जनपदतर्फ यात्रा प्रारम्भ गरेको कुरा व्यक्त भएको छ । त्यसैले यसरी श्यामकर्ण घोंडाको खोजीमा यात्रा प्रारम्भ गरेको गालवको सेरोफेरोमा र उसकै उद्देश्य पूरा गर्नका लागि कथानकले गति प्राप्त गरेको हुँदा कथानकको यस अवस्थालाई कथावस्तुको बीजाधान पनि भन्न सकिन्छ । यहाँनेर गालवको जीन्दगीको यात्रा प्रारम्भसँगै कथावस्तुले पनि अगाडि बढ्नका लागि गति प्राप्त गर्न सुरु गरेकाले उपन्यासमा प्रयुक्त कथावस्तुको यस अवस्थालाई कथावस्तुको आरम्भ बिन्दुका रूपमा लिन सकिन्छ ।

**(ख) सङ्घर्ष विकास**

उपन्यासमा जब कथावस्तुको आरम्भ भई कथानकले गति लिन थाल्दछ, त्यस अवस्थामा पात्रहरूले गर्नु परेका सङ्घर्षहरूलाई नै सङ्घर्ष विकासको अवस्था भनिन्छ । यस *माधवी* उपन्यासमा पनि गालव श्यामकर्ण घोंडाको खोजीमा आफ्नो सखा सुपर्ण नागजेय कहाँ जानका लागि यात्रा प्रारम्भ गरेको प्रसङ्गबाट आरम्भ भएको कथावस्तुलाई गतिदिनका लागि गालव र नागजेयले घोंडाको खोजीका लागि यात्रा तय गरेसँगै सङ्घर्ष विकासको अवस्था प्रारम्भ भएको छ, जस्तै :

> सपनाको कुरा सिद्धिनु भन्दा पहिले आफ्नो ठाउँबाट जवा उठी र सबै ठाउँमा झटपट बढारेर दैलोलाई लिपी । गालव र नागजेय दुवै पण्यशालामा गएर आफ्ना द्रापि र बाँसका लौरा लिए । सुपर्णले गुरुडचुच्चो झुण्डिएको माला लगायो । जवाले साइतका पूर्ण घडाहरू ढोकाको दुवैतिर राखेर “अब बाहिर आऊ, पहिले दाहिने खुट्टाले ढोकाबाहिर टेक्नु” भन्ने आदेश दिई । सुपर्ण र गालव बाहिर आएपछि उसले दुई-दुईओटा केरा तिनको हातमा राखिदिई ।

> नागजेयले पहिले आफ्नो छाप्रोको परिक्रमा गरी र ढोकालाई नमस्कार गऱ्यो । जवाले दैलाको माटो कोट्याएर सुपर्णलाई टीका लगाइदिई । त्यसपछि नागजेय गोठमा गयो । त्यहाँ उग्राइरहेका गाईहरूलाई उसले सुमसुम्यायो, म्वाइँ खायो र गोठलाई प्रदक्षिणा गरेर नमस्कार गऱ्यो । त्यति गरेर गालवसाथ ऊ बाटो लाग्यो । उसलाई ग्रामान्तसम्म पुऱ्याउन जवा पनि सँगै हिँडी । (दिक्षित, २०६७ : ५३) ।

उपर्युल्लिखित अनुच्छेदहरूमा नागजेयको पण्यशालाबाट गालव र नागजेयले श्यामकर्ण घोंडाको खोजीका लागि यात्रा प्रारम्भ गरेको कुरा उल्लेख गरिएको छ । उनीहरूको यात्रा प्रारम्भसँगै उपन्यासको कथावस्तुले पनि सङ्घर्ष विकासतर्फ पाइला चालेको हुँदा श्यामकर्ण प्राप्तिका लागि नागजेय र गालवले अहिच्छत्रसम्म जाँदा यात्रामा भोग्नु परेका दुःख कष्टहरूका साथै अहिच्छत्रमा पुगेर सम्राट ययातिसँग चारवटा श्यामकर्ण घोंडा भिक्षा स्वरूप याचना गरेको प्रसङ्ग समेत कथानकको सङ्घर्ष विकासका रूपमा देखा परेको छ, जस्तै :

> ययातिको आह्वानमा नागजेय अघि सऱ्यो र मधुर कण्ठस्वरले गीतिमय शब्दमा विश्वामित्र र वशिष्ठबीचको विवाद, विश्वामित्रको वशिष्ठद्वारा अपमान, विश्वामित्रद्वारा वशिष्ठविरुद्ध उग्र तप र तपः कालमा गालवद्वारा ठूलो गुरुसेवा, विश्वामित्रसित वशिष्ठद्वारा क्षमायाचना, प्रसन्न विशवामित्रद्वारा गालवको समावर्तन, गालवद्वारा गुरुदक्षिणा दिने हठ र अन्त्यमा विश्वामित्रद्वारा चारओटा श्यामकर्ण घोंडाको गुरुदक्षिणा माग इत्यादिको इतिहास सुनाएपछि "सम्राट, असुरराज महावली दानबीर ययाति ! तिमीसित चारओटा श्यामकर्ण छन् भने याचक गालवलाई दान गर र गुरुदक्षिणा प्रदान गरी आफ्नो वचन पूरा गर्न गालवलाई सहायता गर । यही भिक्षा माग्न हामी अहिच्छत्रमा उपस्थित भएका हौँ" - भन्यो । (दीक्षित, २०६७ : ६९) ।

यसप्रकार उपर्युल्लिखित परिच्छेदमा गालव र नागजेय अहिच्छत्रमा पुगेर भिक्षास्वरूप श्यामकर्ण घोंडा माग्नु पनि श्यामकर्ण घोंडा प्राप्तिको लागि उनीहरूद्वारा भएको सङ्घर्षको रूपमा देखापरेको छ । यसपछि भने सम्राट ययातिले आफ्नो राज्यमा श्यामकर्ण घोंडा नभएता पनि भिक्षा माग्न आफ्ना द्वारमा आएका पाहुनालाई खालीहात फर्काउन नहुने भन्दै आफ्नी पुत्री माधवीलाई नै दान गरेर गालवको भिक्षा पात्रमा सुम्पन्छन् । यस घटनाले भने अब श्यामकर्ण घोंडा प्राप्तिको लागि आशाजन्य एउटा खुट्कीलो देखापरेको हुँदा कथानकले अर्को मोड लिन पुगेका कारण माधवीलाई प्राप्त गर्नुभन्दा अगाडि नागजेय र गालवले श्यामकर्ण घोंडा प्राप्तिका लागि गरेका सम्पूर्ण प्रयत्नहरू कथानकको सङ्घर्ष विकासको अवस्थाका रूपमा देखापरेका छन् ।

### ३.४.२ माधवी उपन्यासमा प्रयुक्त कथावस्तुको मध्यभाग

उपन्यासमा प्रयुक्त कथानकको आदिभागको अन्त्यसँगै श्यामकर्ण घोंडाको खोजीमा अयोध्यातर्फ यात्रा प्रारम्भ गरेको गालव र माधवी चौलामाताको वनायु जनपद हुँदै अयोध्यामा पुगेका र त्यहाँ अयोध्या नरेश हर्यश्वसँग एकपुत्र बराबर एक घोंडा भन्ने सर्तमा माधवीको पाणिग्रहण हर्यश्व सँग भएको भन्ने प्रसङ्गदेखि तिनवटा श्यामकर्ण घोंडा विश्वामित्रलाई पठाइसकेको गालव चौंथो श्यामकर्ण घोंडाको सट्टा एक चक्रवर्ती पुत्र प्राप्त गर्नका लागि माधवीलाई ग्रहण गर्ने अनुरोधका साथ विश्वामित्रका सामु उपस्थिति भएको र गालवको उक्त निवेदनलई स्वीकार गरी विश्वामित्रले माधवीलाई एक पुत्र प्राप्तिका लागि जायाका रूपमा ग्रहण गरी भानिज प्रमतकद्वारा ऋतुदान गराई पुत्र अष्टकको जन्म भएको, तत्पश्चात गालवलाई समावर्तन गरी गुरुऋणबाट मुक्त गरेको, भन्ने प्रसङ्गसम्मको कथानकलाई कथानकको मध्यभाग मानिएको छ । यस मध्यभाग भित्रपनि कथावस्तुलाई गतिदिने क्रममा कथानकमा प्रयुक्त पात्रहरूको जीवनमा आइपरेका सङ्कटका अवस्थालाई सङ्कटावस्थाको शृङ्खला र उक्त सङ्कटहरू पार गर्दै जाँदा पात्रको उद्देश्य पुरा हुने समयमा बाधा उत्पन्न भई प्राय: असफल बन्ने निश्चित जस्तै हुन पुगेको अवस्थालाई चरम बिन्दुका रूपमा छुट्टाछुट्टै विश्लेषण गर्न सकिन्छ ।

## (क) सङ्कटावस्थाको शृङ्खला

उपन्यासमा प्रयुक्त कथावस्तुको उद्देश्य प्राप्ति गर्ने क्रममा उक्त कथावस्तुसँग सम्बन्धित मुख्य पात्रहरूले विभिन्न सङ्कटहरू भोल्नु परेको अवस्थालाई नै सङ्कटावस्थाको शृङ्खला भनिन्छ । *माधवी* उपन्यासमा पनि गालवले गुरुदक्षिणा स्वरूप दिनुपर्ने चारवटा श्यामकर्ण घोंडा प्राप्तिको लागि उपन्यासका प्रमुख पात्र गालव र माधवीले विभिन्न सङ्कटहरू भोल्नु परेको छ, जस्तै :

> दिउँसोको विश्रामपछि माधवी ब्यूँझिँदा उसलाई साह्रै पेट दुखेको अनुभव भयो र साँझसम्ममा त्यो शूल निकै बढ्यो । शुरुमा माधवीले त्यो वेदनालाई सही तर साँझ पर्दै जाँदा पेट दुख्न असह्य हुन थाल्यो । उसले सारमेयालाई साँझ पर्दा नै बताई । सारमेयाले तेल तताएर कम्मर र पेटमा लगाइदिएकी थिई तर त्यसबाट केही पनि लाभ भएन । दियो बाल्ने समयमा माधवी ज्वराक्रान्तसमेत भई र केहीबेरपछि बेदनाले गर्दा चेतना गुमाउँदै प्रलापमा पुगी । (दीक्षित, २०६७ : २२९) ।

उपर्युल्लिखित परिच्छेदमा कोशल नरेश हर्यश्वको अयोध्या नगरमा हर्यश्वसँग एक घोंडा बराबर एकपुत्र भन्ने सर्तमा पाणिग्रहण भइसकेपश्चात पुत्र प्राप्तिको प्रतिक्षामा बस्दै गर्दा एकदिन गर्भवती अवस्थाकी माधवीको पेटमा पीडा उत्पन्न हुन पुगेको प्रसङ्ग रहेको छ । माधवीमा उत्पन्न उक्त पीडाले र माधवीको अवस्थाको अध्ययनले उनीहरूको श्यामकर्ण प्राप्तिको उद्देश्यमा बाधा उत्पन्न हुन खोजेको देखिन्छ । त्यसैगरी दोस्रो श्यामकर्ण प्राप्तिका क्रममा माधवी र गालव काशीनरेश दिवोदासको दरबारमा रहँदा त्यहाँ फेरी गालव विरामी हुन पुगेको छ, जस्तै :

> देवी ! धैर्यगर, एक्काइसौं दिनलाई पर्खौं । आशाको त्याग गरेर सहायता हुँदैन, सत्यलाई तिमीबाट तिरोहित राख्दिनँ म । मुनिकुमार आफ्नो जिवनको दोसाँधमा उभिएका छन्, अतः यी तीन दिनले निकै नराम्रो पनि गर्न सक्नेछन् अथवा फेरि सात दिन पनि थपिन सक्नेछ किनभने ..... ।" रमेणकले आफ्नो वाक्य पुरा गर्न पाएन । उसका त्यति नै शब्द सुनेर

टाउको समात्दै कोठाको भित्ताको आड लिन पुगी माधवी र मुर्छित भएर भूमिमा लडी । (पूर्ववत्, ..... : ३३७) ।

उपर्युल्लिखत परिच्छेदमा रमेणकले गालवको स्वास्थ्य अवस्था जीवन र मरणको दोसाँधमा भएको कुरा माधवीसँग व्यक्त गरेको प्रसङ्ग रहेको छ । जसबाट उनीहरूको लक्ष्य प्राप्तिको बाटोमा बाधा उत्पन्न हुन खोजेको देखिन्छ । यो नै उनीहरूको जीवनमा आइपरेको एउटा सङ्कट पनि हो र कथानकमा देखापरेको यो अवस्थालाई नै सङ्कटावस्थाको शृङ्खला मानिन्छ । यसका साथै गालव र माधवी यस काशीजनपदतर्फ जाँदै गर्दा बाटधान पुग्नेबेलामा एकाएक आएको झञ्झावातले पनि उनीहरूको लक्ष्य प्राप्तिमा सङ्कट उत्पन्न गर्न खोजेको थियो । (दीक्षित, २०६७ : २६६) । यो प्रसङ्ग पनि कथावस्तुमा देखापरेको सङ्कटावस्थाको अर्को एउटा शृङ्खला हो ।

यसप्रकार माधवी र गालवले श्यामकर्ण घोंडा प्राप्तिका लागि सङ्घर्ष गर्दै जाँदा उनीहरूले भोग्नु परेका उपर्युल्लिखित समस्याहरू नै कथावस्तुको सङ्कटावस्थाका शृङ्खलाका रूपमा देखापरेका छन् ।

**(ख) चरम**

उपन्यासमा प्रयुक्त कथानकको विकासका क्रममा विभिन्न सङ्कटहरूको सामना गर्दै तिनवटा श्यामकर्ण अश्व प्राप्त गरिसकेका गालव र माधवीले चौंथो श्यामकर्णका लागि कुनै उचित उपाय पत्ता लगाउन नसकेपछि पुनः उही परममित्र नागजेय समक्ष सल्लाह लिनपुग्दछन् । सुपर्ण नागजेयले पृथ्वीतलमा अरू कुनै पनि त्यस्ता घोंडा नभएको जानकारी गराउँछ । यतिखेर पाठकको मनमा गालव र माधवीले यति धेरै सङ्घर्ष गरेर तिनवटा घोंडा प्राप्त गरिसकेर पनि अब एउटा घोडा प्राप्त नहुँदा ऊ अब दास योनिमा पुग्ने भयो र माधवीका सबै दुःख कष्टहरू खेर जाने भए, भन्ने शङ्का र भय उत्पन्न हुन थाल्छन्, जस्तै :

मित्रवर ! गाधेयका अन्तेवासिनबाट कोशलका उपाध्याय ! काशीयज्ञका अध्वर्यू तथा उशीनरवैष्णवहरूका उपनिषद्द्रष्टा भयौ, आफ्ना पिताभन्दा उच्चतर भयौ, पितामहभन्दा महीयान् छौ, धैर्य गर । सूर्य उदाउँदा रक्तिम

> भएर उदाउँछन् र अस्ताउँदा पनि रक्तिम भएरै अस्ताउँछन्, महीयानहरू सम्पत् र विपत्मा सूर्यझैं एकरूप रहन्छन् । यो भूमण्डलमा तीन ठाउँमा मात्र श्यामकर्ण रहेछन् । जो तिमीलाई प्राप्त भइसके । अहिच्छत्रमा त्यो प्रातः तिमीहरूबाट बिदा भएपछि मैले दिगन्तको यात्रा गर्दै खोज्ने गरैं तर चैंथो ठाउँमा श्यामकर्ण रहेनछ । .... अब चौंथोको आशा नगर, तैपनि तिम्रा निम्ति मार्ग छन् हताश नभए .....। (दीक्षित, २०६७ : ४३५) ।

उपर्युक्त अनुच्छेदमा उल्लेख भएको नागजेयको भनाइबाट गालव र माधवीको लक्ष्य प्राप्तिमा बाधा उत्पन्न हुने प्रायः निश्चित जस्तै हुन्छ । जसले गर्दा गालव र माधवीप्रति सहानुभूति जागृत हुन्छ भने, त्यस्तो अप्राप्य गुरुदक्षिणा माग गरेर गालवको जीवन व्यर्थ तुल्याउन खोज्ने विश्वामित्र उपर आक्रोश उत्पन्न भई उसँग बदला लिन पाए हुन्थ्यो भन्ने मनसायले पाठकको मन उकुसमुकुस हुन पुग्दछ । कथानक विकासको यस अवस्थालाई नै चरम बिन्दु मानिएको छ ।

### ३.४.३ माधवी उपन्यासमा प्रयुक्त कथावस्तुको अन्त्यभाग

चारवटा श्यामकर्ण घोंडा प्राप्ति पश्चात गालवले माधवीलाई उसका पिता ययातिका राजप्रासादमा फिर्ता बुझाउनुपर्ने पूर्वसर्त अनुसार आफूले गुरुदक्षिणा बुझाई दीक्षा प्राप्ति गरिसकेपछि उसले माधवीलाई साथमा लिई अहिच्छत्रतर्फ प्रस्थान गरेको प्रसङ्गदेखि गालवको अनुपस्थितिका कारण स्वयम्वर त्याग गरी वनप्रस्थान गरेकी माधवीसँग सम्बालागण समाजमा पुगेर गालवको भेट भएता पनि उसले आफ्नै किसिमको जीवन बिताउने इच्छा व्यक्त गरेपछि माधवीलाई त्यहीँ छोडेर हिँडेको गालव र प्रायश्चित्तको लागि आएको गालवलाई खालीहात फर्काएकोमा पश्चाताप गर्दै उसको खोजीमा हिँडेकी माधवी, दुवै एकले अर्काको खोजी गर्दै हिँड्दा गालव वाटधानमा पुग्दा माधवी केही गव्यूति मात्रै परपुगेको खबर पाएपछि गालव पनि ऊ गएकै बाटोतर्फ हिँडिरह्यो, हिँडिरह्यो भन्ने प्रसङ्गमा पुगेर उपन्यासको अन्त्य भएको छ भने यो नै कथानक विकासको पनि अन्त्य भाग हो । यस अन्तर्गत पनि सङ्घर्ष ह्रासको अवस्था र उपसंहार गरी कथावस्तुलाई दुई भागमा विभाजन गरेर विश्लेषण गर्न सकिन्छ ।

## (क) सङ्घर्ष ह्रास

गुरुदक्षिणाको भारबाट मुक्त भएको गालव ययाति सामु माधवीलाई प्रत्यावर्तित गर्नुपर्ने पूर्वसर्त अनुसार प्रतिष्ठानपुर तर्फको यात्रा प्रारम्भ गर्दछन् । यात्राका क्रममा आफ्नो उद्देश्य प्राप्तिमा सफल भई सबैतिरबाट मुक्त भएका गालव र माधवीका कुराकानीले पाठक वर्गका मनमा अब उनीहरू दुईको विवाह होस् र बाँकी जीवनसँगै बिताउन् भन्ने इच्छा उत्पन्न हुन पुग्दछ । तर प्रतिष्ठानपुरमा पुगेर सम्राट ययातिले गालव र माधवीको बिहे गरिदिन मञ्जुर गरेपछि उक्त अवसरमा मित्र नागजेयको उपस्थिति हुनुपर्छ, भन्ने ठानी त्यहाँबाट मित्रको खोजीमा हिडेको गालव स्वयम्वरको दिनमा उपस्थित नभएका कारण माधवीले विवाह लगायत सम्पूर्ण गृहस्थ जीवन त्याग गरी वानप्रस्थी जीवन बिताउने निर्णय गरेर वन प्रस्थान गर्दछे, जस्तै :

> सम्राट पिता ! मलाई चाहिन्न यो स्वयंवर, यो संसार नै चाहिन्न मलाई । मलाई यो देह चाहिन्न । क्षमा गर असुरराज ! यो स्वयम्वरबाट मलाई मुक्ति देऊ । मेरो निम्ति अब यो संसार साह्रै भारी भयो । म सबैलाई घृणा गर्छु । अधर्म, अनृत र असत्यको यो संसार तिम्री पुत्री निम्ति असह्य भयो, अमोहम्को जीवन देऊ मलाई । मलाई मुक्ति देऊ । कसैका हातमा आफ्नो हात अब म दिन्नँ । कुनै पुरुष समागम मलाई चाहिँदैन । तिम्रा धेरै राजन्यहरूलाई सहेँ मैले, अब म वनप्रवेश गर्छु । मलाई मनुष्य जीवन चाहिँदैन, ती ज्ञानशून्य, विवेकहीन मृगहरूसाथ तिनकै जीवन सरह म पशु भएर बस्नेछु । यी वीर आयुधिन् अभ्यागतहरूलाई बिदा गरिदेऊ अब ......।
> (पूर्ववत्, ..... : ५१५) ।

यसप्रकार माधवीको वनप्रस्थान गर्ने निर्णयले पाठकवर्गका मनमा उत्पन्न भएको माधवी र गालवको विवाह होस् भन्ने आशा निराशामा बदलिन पुग्दछ । तैपनि नागजेय र गालव माधवीको खोजीमा हिँडेका र सम्बालागण समाजमा उनीहरूको भेट भएको प्रसङ्गले पुनः पाठकको मनमा अब गालवले माधवी सामु प्रायश्चित्त गरेपछि माधवीले

माफी दिन्छे र उनीहरूको जीवन सँगै अघि बढ्छ कि ? भन्ने झिनो आशा पलाउँछ । तर, त्यहाँ माधवीले अबको जीवन आफ्नै तरिकाले बिताउने इच्छा प्रकट गरेपछि नागजेय र गालव त्यहाँबाट खालीहात फर्किएका, भन्ने प्रसङ्गले पाठकको मनमा उन्पन्न सम्पूर्ण आशाहरू निराशामा परिणत हुन पुग्छन् । यसप्रकार पाठकका मनमा उत्पन्न भएका सम्पूर्ण आशाहरू निराशामा बदलिन पुगेका कारण कथानकमा देखा परेको यस्तो अवस्थालाई नै सङ्घर्ष ह्रासको अवस्था मानिन्छ ।

**(ख) उपसंहार**

प्रायश्चित्त गर्नका लागि आफूलाई खोज्दै आएको गालवलाई खालीहात फर्काएकोमा मनमनै पश्चातापको भूमरीमा परेकी माधवी गालवलाई खोज्दै देश-देशान्तरको यात्रा गर्न थाल्छे भने उता माधवीको सम्झनालाई मनभरी सँगालेर ऊँसग बिताएका दिन र क्षणहरू सम्झँदै र माधवीले आफ्नो लागि गरेका समर्पणहरूलाई एकपटक पुन: मनमनले नियाँल्दै गालव पनि विभिन्न देश-देशावरको यात्रा गर्न थाल्दछ । यसरी हिँड्दा जुन ठाउँमा गालव पुग्छ, त्यस ठाउँबाट माधवी पहिले नै हिँडिसकेकी भन्ने खबर पाउँछ । यसै क्रममा बाटधानमा पुग्दा माधवी भर्खर दुईकोश मात्र अगाडि पुगेको खबर पाएको गालव उसलाई भेट्टाउनका लागि बाटधानतर्फ हिँडिरह्यो भन्ने प्रसङ्गमा आएर उपन्यासको अन्त्य भएको छ, जस्तै :

> आज बिहान मात्र देवी माधवी यहाँबाट गएकी हुन् त ? गालवको प्रश्नमा शान्ति र प्रसन्नतालाई निषादीले अङ्कित गरी र उत्तरमा भनी-
>
> “हे तपोधन आर्य ! बाटधानतिर केही गव्युतिमात्र पुगेकी होलिन् ती देवी ।”
>
> गालवका दृष्टि सामुन्ने आकाशले पृथ्वीलाई चुम्बन गरेको क्षितिज तिर फैलिए । उसले जूहीका बिरुवाबाट फूल टिप्यो र निषादीलाई नमस्कार गर्दै बाटधानतिर उसका पाइला उठे । भर्खरै मात्र सपनामा देखेको माधवीको मन्त्र “सगच्छध्वं संवदध्वं सं वो मानांसि नाजताम्”

> गुनगुनाउँदै गालव बाटधानतिर हिँडिरह्यो, हिँडिरह्यो । (दीक्षित, २०६७ : ५६१) ।

उपर्युल्लिखित उपन्यासका पंक्तिहरू नै उपन्यासमा प्रयुक्त कथानकको उपसंहारका रूपमा देखा परेका छन् भने उपन्यासकारले पनि यस परिच्छेदलाई पर्यावसान शीर्षक दिई उपसंहार कै रूपमा व्यक्त गरेका छन् ।

यसरी हेर्दा गालव श्यामकर्ण घोंडाको खोजीमा हिडेको प्रसङ्गदेखि माधवीलाई साथमा लिएर अहिच्छत्रबाट अयोध्यातर्फको यात्रा प्रारम्भ गरेको प्रसङ्गसम्म कथानकको आदिभाग, अयोध्यामा पुगेर एक पुत्र प्राप्तिका लागि एक शयामकर्ण घोंडा प्रदान गर्ने सर्तमा माधवीको पाणिग्रहण हर्यश्वसँग भएको प्रसङ्गदेखि विश्वामित्रले माधवीलाई जायाको रूपमा ग्रहण गरी पुत्र अष्टकको जन्म पश्चात गालवलाई समावर्तन गरी मुक्ति दिएको प्रसङ्गसम्म कथानकले विस्तृति पाएको हुँदा यसलाई मध्यभाग र गुरुदक्षिणाको भारबाट मुक्त भएको गालवले माधवीलाई साथमा लिएर अहिच्छत्रतर्फको यात्रा प्रारम्भ गरेको प्रसङ्गदेखि माधवीको खोजी गर्दै हिँडेको गालव बाटधानमा पुग्दा माधवी केही कोश मात्र पर पुगेको खबर पाएपछि माधवी गएकै बाटोतर्फ हिँडिरह्यो भन्ने प्रसङ्गसम्म कथानकको अन्त्यभागका रूपमा देखा परेका छन् । त्यसैले कथानकको आङ्गिक विकासको आधारमा हेर्दा उपन्यासमा आदि, मध्य र अन्त्यको शृङ्खला एक आपसमा अन्तर्सम्बन्धित भएर अगाडि बढेको देखिन्छ, जुन आङ्गिक विकासका दृष्टिले उत्कृष्ट पनि हो ।

## ३.५ माधवी उपन्यासमा कौतुहल

उपन्यासमा कथानकको प्रारम्भ भएसँगै कौतुहल उत्पन्न हुन थाल्दछ । कथानकले अग्रता प्राप्त गर्नका लागि कार्य र कारणको शृङ्खला महत्त्वपूर्ण हुने गर्दछ । कार्य भनेकै घटना हो । त्यसैले कुनैपनि घटना घटिसकेपछि अब त्यसको परिणाम के हुन्छ होला ? भन्ने जिज्ञासा पाठकका मनमा उत्पन्न हुन थाल्दछ । यसरी उत्पन्न हुने जिज्ञासा नै कौतुहल हो । त्यसैले यहाँ *माधवी* उपन्यासमा प्रयुक्त कौतुहलको अध्ययन यसप्रकार गरिएको छ ।

*माधवी* उपन्यासको कथावस्तुको स्रोत महाभारत हो । महाभारतको १०६ देखि १२३ औं अध्यायसम्म वर्णन गरिएको विषयलाई लिएर उपन्यासकारले यस उपन्यासको कथावस्तु निर्माण गरेका छन् । महाभारतमा कौशिक कुलीन आचार्य विश्वामित्रले गालवलाई गुरुदक्षिणाबिना नै दीक्षा दिन लाग्दा स्वाभिमानी शिष्य गालवले गुरु दक्षिणाबिना दीक्षा नलिने हठ गरेपछि विश्वामित्र क्रोधित भएर चारवटा श्यामकर्ण घोंडाको माग गरी यदी ती घोंडा प्रदान गर्न नसकेमा अभिमन्त्रित जल सेचन गरी तिर्यग्योनिमा पुऱ्याउने महाभय समेत सुनाएको प्रसङ्ग छ, भने *माधवी* उपन्यासमा उपन्यासकारले उक्त कथावस्तुलाई तोडमोड वा थपघट गरी उपन्यासलाई अन्त्यबाट प्रारम्भ गर्न पुगेका छन् । यसरी अन्त्यबाट उपन्यासको प्रारम्भ गर्दा प्रतिष्ठानपुरमा माधवीका चार पुत्र वसुमना, प्रतर्दन, शिवि र अष्टकले चुतःराष्ट्र यज्ञको प्रारम्भ गरेका र उक्त स्थानमा माधवी वन्य प्रान्तबाट एकाएक मृगच्छौनाका साथमा उपस्थित भई इतिहासका हरेक कुराहरू आफैंले देखे-भोगेजस्तो गरी वर्णन गर्न थाल्दछे । यो देखेर ती चारैजना सम्राटहरूमा ती वन्यप्रान्तबाट एकाएक उपस्थित भएकी तर इतिहासको सम्पूर्ण जानकारी राख्ने वृद्धा को हुन् त ? भन्ने कौतुहल उत्पन्न हुन्छ र सम्राट शिविले माधवीसित विभिन्न प्रश्न गर्न थाल्दछ, जस्तै :

> देवी ! तिमी को हौ नी ? र कसरी यी इतिहासबारे ज्ञान भयो तिमीलाई ? यो चतुःराष्ट्र वाजपेय महायज्ञमा बिना आमन्त्रित कसरी पदार्पण गऱ्यौ ? तिम्रा दर्शन सुशोभन छन् । तिमीमा अक्षय मातृत्वको कोमल स्पर्श पाउछुँ म । तिमीलाई सधैं स्वागत छ यज्ञमा महादेवी ! तर मेरा जिज्ञासालाई शान्त पार (दीक्षित, २०६७ : १०-११) ।

यहाँ उपन्यासकारले ती चतुः सम्राट लगायत यज्ञमा उपस्थित सम्पूर्ण जनहरू एवम् उपन्यासका पाठक समेतका मनमा उत्पन्न हुन पुगेका कौतुहललाई शिविद्वारा उपर्युक्त प्रश्नहरू गर्नलगाई व्यक्त गर्न पुगेका छन् । त्यसैगरी ती यज्ञकर्ता सम्राटहरूले आफ्ना इतिहासका कथाहरूमा चाख दिई सुन्न खोजेका कारण माधवीले उनीहरूलाई उक्त इतिहासको कथा सुनाइरहेको बेला 'ॐ नमोः नारायणाय - नारायण - नारायण' को

मन्त्र उच्चारण गर्दै एकजना वृद्ध त्यहीँ वन्यप्रान्तबाट बाहिर निस्किन्छ र हतार-हतार माधवी छेउ पुगेर आफू उसलाई नै खोज्दै आएको बताउँदै यसरी वनमा एक्लै विचरण गर्दा अरक्षिता भइने भय समेत प्रकट गर्छ । माधवीले पनि उसलाई यसरी नहतारिनका लागि आग्रह गर्दै ती यज्ञकर्ता सम्राटहरूसँग गालवलाई परिचय गराउँदै एक आपसमा कुराकानी गर्न थाल्छन् । यसरी कुराकानी गर्ने क्रममा उनीहरूले एकले अर्कोलाई देवी ! र मुनिकुमार ! भनी सम्बोधन गरेका र गालवले उच्चारण गरेको 'ॐ नमोः नारायणाय' को मन्त्रले गर्दा सम्राट शिविका मनमा यिनीहरू को हुन् त ? कसरी यहाँ उपस्थित भए ? भन्ने कौतुहल जाग्न पुग्दछ । उक्त कौतुहललाई बहिर प्रकट गर्दै शिविले गालव सामु विभिन्न प्रश्नहरू गर्न थाल्दछ, जस्तै :

> महर्षे ! गालवका नाउँबाट सुविख्यात रहेछौ तिमी । हामी सबैको अभिवादन ग्रहण गर । यो नाउँ सुनेको हुँ तर त्यति सम्झना छैन । तिमीले ॐ नमोः नारायणायद्वारा अभिवादन गऱ्यौ, यसबाट म प्रसन्न छु । यो मन्त्र त हामी उशीनर शिवि गणको महामन्त्र हो । पश्चिमका सिन्धु, सौविर जनपदहरूका गरुडबाट हामीले परापूर्वकालमा यसलाई ग्रहण गरेका हौँ । तिमी को हौ ? कहाँबाट, कसरी र कहिले यो वैष्णवी मन्त्र ग्रहण गऱ्यौ ? यी सबैमा रहस्य छैन भने मेरो जिज्ञासालाई शान्त पार देव । (दीक्षित, २०६७ : १३-१४) ।

यहाँ शिवि लगायतका चतु:सम्राटमा कौतुहल उत्पन्न गराई उपन्यासका पाठकमा उत्पन्न हुने कौतुहललाई पनि उपर्युक्त प्रश्नहरूका माध्यमबाट उपन्यासकारले व्यक्त गर्न पुगेको देखिन्छ ।

त्यसैगरी उपन्यासको पहिलो परिच्छेद (यज्ञगाथा) मा नै गालवले ती चुत:राष्ट्र वाजपेय यज्ञकर्ता सम्राटहरूका जिज्ञासा मेटाउँदै जाने क्रममा यज्ञका विधि विधानबारे ज्ञाता गालवले "आजको मातृका पूजा र नान्दिश्राद्धको भाग आफ्नी मातालाई अर्पित गर" भन्दै माधवी नै उनीहरूकी माता भएको कुरा अनावरण गराउँछ । त्यतिखेर पनि पुनः ती सम्राटहरूको मनमा कसरी हामी चारैजना सम्राटकी माता भइन् ? आजसम्म यिनी कहाँ

गएकी थिइन् ? र आज कसरी यहाँ उपस्थिति भइन् ? भन्ने विभिन्न जिज्ञासाहरू उत्पन्न हुन पुग्दछन् । त्यसरी ती सम्राटहरूको मनमा एवम् उपन्यास पढ्दै जाँदा पाठकको पनि मनमा उत्पन्न हुन पुगेको कौतुहललाई उपन्यासकारले यसरी व्यक्त गरेका छन् :-

"ॐ नमोः नायाराणाय ! नारायण नै परम् देवता हुन् । विष्णुको परमधाम बैकुण्ठमा मधुको निर्झरिणी प्रस्रवित हुन्छ । तैपनि सम्राट हो ! तिमीहरूले धर्मप्रधान यज्ञकार्य शुरु गरेका छौ । ठीकै हो, साङ्गोपाङ्ग यसलाई सम्पन्न गर । अतः तिम्रो यो चतुःराष्ट्र महायज्ञको यथार्थ मातृकापूजा र नान्दिश्राद्ध गर । त्यो पूजा र श्राद्धको भाग आफ्नी माता यी देवीलाई नै अर्पित गर । यी देवी माधवी तिमीहरू चार सम्राटकी प्रस्रविनी माता हुन् । यिनकै निम्ति तिमीहरू आज आफ्नो श्राद्धको हवन र तर्पण गर सम्राट ।"

त्यति भनेर गालव नतमस्तक बस्यो । माधवीका आँखा अकस्मात सजल भए र अविरल बग्न थाले । उसका आँखा अनायासै निहुँरिदै गए । श्रोता, यज्ञकर्ता र ऋत्विजहरू घोर विस्मयमा परे । ती चार सम्राटको हृदयमा प्रचण्ड कोलाहल र आँधिबेहरी शुरु भयो । ती कसैलाई पनि आफ्नी जननी माताबारे तिनी हराइन् भन्ने बाहेक पहिले केही थाहा थिएन ।

गालव भन्दै गयो - "यी निष्पाप, निष्कलङ्क, स्वच्छ र स्वाभिमानी देवी मनस्विनी तापसी हुन् र नहुषनन्दन ययातिकी पुत्री अप्सरा विश्वाचीको पुण्य गर्भसम्भूत । यिनी अद्वितीय नारीले कोशल, काशी, भोजनगर र चम्पामा तिमीहरूलाई पूर्वकालमा यो माता पृथ्वीरूपी देवस्थलमा पुण्य भूमिको प्रथम दर्शन गराएकी थिइन् । आफ्नी माता-यिनको पादस्पर्श गर सम्राटहरू ! यिनलाई वेद र निर्वचनको ज्ञान छ । यिनले अर्थपूर्ण शब्दमा तिमीहरूलाई अघिदेखि नै 'पुत्र पुत्र' भनी सम्बोधन गरेकी होइनन् ? निश्चयेन यिनी नै तिम्री माता हुन् । आजको आहुति र श्राद्ध यिनलाई नै अर्पित गर ।"

गालव बचन सुनेर यज्ञसभा केही क्षणसम्म स्तम्भित भयो । अनि शनैः शनैः त्यहाँ स्वर सुनिन थाले, विस्तारै कोलाहल शुरु भयो र बढ्दै गयो । त्यो वनेचर मुनिवेशधारीले त्यहाँ महान् आश्चर्यको कुरा बताएको थियो । चारैजना सम्राटलाई आफ्नी माताबारे ज्ञान भएर प्रत्यक्ष दर्शन हुँदा सबै मोहित झैं भएका थिए ।

केही क्षणपछि ती चारै सम्राट सत्वमा फर्किएर र भन्न थाले - "यी वृद्धा देवी को हुन् ? अवश्य नै यिनी मातृवत् छिन् । तथापि यिनलाई सम्राट ययाति र विश्वाचीपुत्री र हाम्री जननी माता भन्यौ क्षत्रिय गालव ! यो के रहस्य हो ? हामीलाई सबै सत्य यथार्थ रूपमा बताऊ मन्त्रेवेत्ता ऋषि ! तिमीलाई निर्वचनको ज्ञान छ, शब्द र आफ्ना अर्थमा तृण मात्रको भेद नगरे, नत्र श्रापको बन्धन हुनेछ गालव ! (दीक्षित, २०६७ : १५-१६) ।

यस प्रकारले उत्पन्न भएको कौतुहललाई समन गर्नका लागि ती चार सम्राटहरूले गालव र माधवीसँग विभिन्न प्रश्नहरू गर्न पुग्छन् र उनीहरूले पनि उचित जवाफ दिँदै जान्छन् । यसरी प्रारम्भमा नै कौतुहलताले जन्मलिन पुगेको यस उपन्यासमा विभिन्न सन्दर्भअनुसार उपन्यासको अन्त्यसम्मनै ठाउँठाउँमा माधवी र गालवसँगका कुराकानीमा संलग्न सम्राटहरूमा उनीहरूको समिपबाट टाढा हुने इच्छा नदेखेका कारण गुरु वशिष्ठले आजको यज्ञगाथा उनीहरूकै मुखबाट उनीहरूकै इतिहासबारे सुन्ने कुरा गर्दछन् र यही यज्ञगाथा स्वरूप उपन्यासकारले उपन्यासको कथावस्तु अगाडि बढाएका छन् ।

उपन्यासको कथावस्तुलाई गतिदिने क्रममा माधवी र गालवले आफ्नो जीवनको इतिहास यज्ञगाथाको रूपमा व्यक्त गर्दै जाँदा उनीहरूले भोग्नु परेका कतिपय कठीन अवस्था र कतिपय खुशीका क्षणहरूको वर्णन आउँदा उपन्यासका पाठक वर्गमा विभिन्न कौतुहल उत्पन्न हुन पुग्दछन् । त्यसरी उत्पन्न हुने कौतुहल यस उपन्यासमा के कस्ता प्रसङ्गहरूका कारण उत्पन्न भएका छन् ? भन्ने कुराको अध्ययन यसप्रकार गरिएको छ ।

कौशिक कुलीन आचार्य विश्वामित्रले जब गालवको गुरुदक्षिणा दिने हठदेखि क्रोधित भएर चारवटा श्यामकर्ण घोडा शीघ्र उपस्थित गराउन आदेश दिन्छन् र उक्त

घोडा दिन नसकेमा अभिमन्त्रित जल सेचन गरी तिर्यग्योनिमा पुऱ्याउने महाभय समेत सुनाउँछन् । उक्त कुराले आन्तरिक दुश्चिन्ताको भुमरीमा परेको गालवले आफ्नो परमप्रिय मित्र नागजेयको मण्डलक जनपदतर्फको यात्रा शुरु गर्दछ । यसरी नागजेयको वासग्रामतर्फ जाँदै गर्दा गालवको मनमा अनेक कुराहरू खेल्न पुग्दछन् । उसको मनमा उत्पन्न हुन पुगेका ती विचारहरूले गर्दा पाठकवर्गका मनमा पनि कौतुहल उत्पन्न हुन पुग्दछ । यसरी पाठकको मनमा कौतुहल उन्पन्न गर्ने गालवका आन्तरिक विचारहरू यसप्रकार छन् - "नागजेयले सहायता गर्लान् के ? चारवटा श्यामकर्ण घोडा भनेको सामान्य कुरो होइन । आचार्य विश्वामित्रले दक्षिणा रहित समावर्तन प्रदान गर्दा त्यसरी अभिमान गरेर गुरुदक्षिणा दिन्छु भनेर किन जोड गरेको ? अब के गर्ने ? गुरुदक्षिणा नदिएमा श्राप ग्रस्त भई तिर्यग्योनिमा - दासयोनिमा पुग्नु पर्नेछ । त्यसैले त सहसा काम नगर्नू, आफ्नो शक्तिलाई बुझ्नू, विवेक नत्याग्नू, अविवेकबाट ठूलो आपत्ति आइलाग्छ भन्छन् । जेहोस् लक्ष्य सिद्धिनै जीवनको प्रथम अनुशासन हो । लक्ष्य सिद्धिमा सुपर्ण नागजेयले जे-जति सहायता गर्लान्, त्यसमाथि आफैंले पनि थप्नुपर्नेछ । इत्यादि कुराहरू हिँडिरहेको गालवको मनमा उम्लिरहेका थिए ।" (दीक्षित, २०६७ : २४) ।

यहाँ गालवका मनमा उत्पन्न उथल-पुथलले गर्दा पाठकका मनमा पनि उस् प्रति अनुराग बढ्न जान्छ । जसले गर्दा गालवको मित्रलाई त्यस्ता श्यामकर्णको बारेमा थाहा होला कि नहोला ? यदि थाहा छैन भने पनि उसले अब गालवलाई के सल्लाह दिन्छ होला ? यदी ती घोंडा कहीं कतै छन् भने पनि गालवले प्राप्त गर्न सक्ला कि नसक्ला ? भन्ने अनेक किसिमका कौतुहलले पाठकको मनमा कुत्कुत्याउन थाल्दछ ।

श्यामकर्ण घोंडाको बारेमा आफूलाई केही पनि जानकारी नभएको गालव मित्र नागजेयबाट सहयोग पाउने आशामा मण्डलक जनपदमा पुग्दछ र आफ्नो समस्या मित्रसामु बताउँछ । त्यहाँ रहेर जवा र नागजेयको पुत्रमन्थ यज्ञ सम्पन्न गरीसकेपछि नागजेय र गालव श्यामकर्णको खोजीमा निस्कने सल्लाह बमोजिम नागजेयले मण्डलकमा २-३ दिन बिताउनुपर्ने हुन्छ । पुत्रमन्थ कार्य गर्दा ग्राममा भिक्षा माग्न जानुपर्ने त्यहाँको चलन बमोजिम भिक्षा माग्न हिडेकी जवाको सहायतार्थ ऊ जवाको पछिपछि हिँडिरहेको

हुन्छ । त्यसरी हिँड्दै गर्दा गालवले सुदुर ग्रामान्तबाट आएको एकोहोरो शङ्खध्वनि सुन्न पुग्छ । यस ध्वनिले उसको मनमा यो के को ध्वनि होला ? भन्ने कौतुहल उत्पन्न हुन पुगेको थियो, जस्तै :

> जवाको पछिपछि हिँडिरहेको गालव एक ठाउँमा पुगेर टक्क अडियो । उसले विचित्र किसिमको एकोहोरो शङ्खध्वनि कता हो कता सुदुर ग्रामान्तबाट आइरहेको सुन्यो । जवाले त्यो स्वरतिर ध्यान नदिई एकपछि अर्को घरमा जाँदै निम्तादिँदै गरेकीले उसलाई केही चकित समेत तुल्यायो । एकान्त, सायङ्कालमा त्यस्तो मुटुवेद्य गर्ने ध्वनि न शङ्खको न वेणुको नै हो, भन्ने ठहर गऱ्यो उसले । तथापि जवाको पछिपछि गालव हिँडिनै रह्यो । (दीक्षित, २०६७ : ४४) ।

यसरी मण्डलक जनपदमा रहँदा सायङ्कालमा सुनिने त्यस्तो मुटुवेद्य धवनि के को हुन सक्छ त ? भन्ने कुराले गालवको मनमा कौतुहल भई नै रह्यो भने पाठकका मनमा पनि के को ध्वनि होला त त्यस्तो ? भन्ने कौतुहल उत्पन्न हुन पुग्दछ । यसका साथै त्यहाँका मण्डलक जनपदवासीहरूले उक्त ध्वनिप्रति कुनै चासो नदेखाएकोमा उपन्यासको पात्र गालव र पाठक वर्गको मनमा एकैसाथ कौतुहल उत्पन्न हुन पुगेको देखिन्छ ।

त्यसैगरी शैवालिकको निषादराज सौरभ कहाँ मित्र नागजेय र तेजस्वी धीमान् उपाध्यायको अचानक उपस्थितिले सौरभको मनमा कौतुहल सृजना हुन पुगेको छ र त्यस कौतुहललाई समन गर्नका लागि उसले नागजेय समक्ष विभिन्न प्रश्नहरू सोध्न पुगेको छ, जस्तै :

> मित्रवर ! के हो त्यस्तो ? कसरी एक्कासी ? यसपाली कता नि ? कतिबेर भयो ? मण्डलको के अवस्था छ ? वैनतेय सुखी त छन् ? सारङ्गालाई ल्याएनौ ? कतिवटा पुत्र भए ? यी तेजस्वी धीमान् उपाध्याय जस्ता देखिने को हुन् ? कति दिन बस्छौ यहाँ ? कहाँ जान्छौ ? (दीक्षित, २०६७ : ६१) ।

यहाँ, कुनै पूर्व सूचना बिना नै अचानक उपस्थित भएका नागजेय र गालवलाई देखेर सौरभको मनमा कौतुहल उत्पन्न हुन पुगी सोधेका प्रश्नहरू प्रस्तुत भएका छन् । उक्त प्रश्नहरूका आधारमा सौरभको मनमा उत्पन्न कुतुहलताको अनुमान गर्न सकिन्छ ।

त्यसैगरी निषादराज सौरभको सहायताले नागजेय र गालव आहिच्छत्र पुगी त्यहाँका दानवीर सम्राट ययाति समक्ष चारवटा श्यामकर्ण घोंडा भिक्षा स्वरूप माग गर्दछन् । तर त्यहाँ त्यस्ता श्यामकर्ण घोंडा नभएका र त्यस्ता घोंडा किन्न पुग्ने पर्याप्त धन समेत राजासँग नभएको हुँदा अहिच्छत्र सभाको सल्लाह बमोजिम ययातिले पुत्री माधवीलाई नै गालवको भिक्षा पात्रमा दान गरेर गालवको सहायतार्थ पठाउँछन् । माधवीकी माता शर्मिष्ठाको सल्लाह बमोजिम माधवी र गालव अयोध्या नरेश हर्यश्व कहाँ जाने निर्णय गरेर यात्रा तय गर्छन् । यसरी माधवी र गालव चौलामाताको वनायु जनपदमा एकरात बिताएर हर्यश्व दरबारका लागि अघिं बढ्छन् । जति-जति अयोध्याको नजिक हुँदै जाँदा माधवीका मनमा विभिन्न कौतुहल उत्पन्न हुन थाल्दछन्, जस्तै :

> नाउमा सूर्यताप तेज हुँदै आएकोले माधवी छाप्रोभित्र पसि । माधवीले सम्भिmई उसको नाउ प्रत्येक क्षण अग्रसर हुँदैछ । अनि त्यहाँको राजन्य हर्यश्वसित श्यामकर्ण होलान् की नहोलान् र भएपनि पाइने हो कि नपाइने हो ! (पूर्ववत्, .... : १३१) ।

यहाँ, माधवीका मनमा उत्पन्न हुन पुगेका कौतुहुलसँगै पाठकका मनमा पनि अयोध्यामा श्यामकर्ण होलान् कि नहोलान् ? यदी छन् भनेपनि हर्यश्वले ती श्यामकर्ण घोडा प्रदान गर्लान् कि नगर्लान्, अथवा उनले माधवीलाई ग्रहण गरेर चक्रवर्ती पुत्र प्राप्त गर्ने सर्तमा घोंडा उपलब्ध गराउलान् कि नगराउलान् ? यदी त्यसरी गालवलाई श्यामकर्ण प्रदान गर्न हर्यश्व राजी भएनन् भने त्यसपछि गालवले के गर्ने होला ? भन्ने जस्ता विभिन्न कौतुहल उत्पन्न हुन पुग्दछन् ।

त्यसैगरी कोशल जनपदमा उपाध्यायमा वरण गरिएको गालव पाठशाला सञ्चालनका लागि पर्णशाला निर्माण कार्यमा लागेका कारण धेरै दिनपछि माधवीसँग भेट

हुँदा माधवीले उसलाई मुनिकुमार नभनी उपाध्याय भनेर सम्बोधन गरेकोमा गालवको मनमा कौतुहल उत्पन्न हुन पुगेको छ, जस्तै :

> "उपाध्यायनिम्ति त्यो पीठिकामाथि रुरुहाल गिरिकै ! .... गालव ! दिनभरिको श्रमपछि आएका छौ बस .... हञ्जे ! उपाध्यायलाई सुगन्धि सिन्धु अर्पित गर ।"
>
> ती दुईबिच कैयौं दिनपछि भेट भएको थियो । दुवैका स्निग्ध दृष्टि एक अर्कामाथि अविचल अडेका थिए । दुवैमा ठूलो प्रसन्नता थियो ।
>
> केही क्षणको मौनलाई भङ्ग गर्दै गालवले भन्यो - देवीका केही आदेश थिए कि ? अनि मुनिकुमार भन्न छोडेर यो उपाध्याय के भनेकी देवी ? ममा कुनै परिवर्तन देख्यौ र ?" (पूर्ववत्, ... : १९२) ।

यहाँ, माधवीले आफूलाई उपाध्याय भनेकोमा आफूबाट केही गल्ति भएर अथवा एतिका दिनसम्म माधवीसामु उपस्थित हुन नसकेकोमा रिसाएर, कुन कारणले त्यसरी मुनिकुमार भन्नुको सट्टा उपाध्यय भनेर सम्बोधन गरेकी होली त? भन्ने कुरामा कौतुहल उत्पन्न हुन पुगेको छ ।

त्यसैगरी त्यही अयोध्यायमा रहँदा एकदिन गालव हर्यश्वका साथमा दासशालामा गएको थियो । त्यहाँ पुग्दा हर्यश्वका अनुहारमा उसले त्रासका रेखाहरू पाएको थियो र त्यहाँको एउटा दासले राजन्यसित अन्न, भोग वा बन्धनमुक्ति जस्ता कुनैपनि कुराको माग नगरी धरा (पृथ्वी)लाई सुन्दरी भन्दै उसैका कुरा सुन्ने इच्छा देखाएको थियो । उक्त कुराले गालवको मनमा कौतुहल उत्पन्न भएका कारण उसले कृशाश्वसँग विभिन्न प्रश्नहरू गरेको थियो, जस्तै :

> "महाप्रोहित ! त्यो दासशालामा प्रवेश गर्न अग्रसर भएपछि नै राजन्यमा भयको सञ्चार भयो र दासशाला भित्र उनी अत्यन्तै त्रस्त थिए । यो किन ? - गालवको प्रश्न सुनेर कृशाश्वले मनमनै हाँस्यो

> तर प्रकटमा उसले भन्यो - "उपाध्याय ! भोकोले कुन पाप गर्दैन, क्षीणहरू करुणा रहित हुन्छन्, दासहरू पापात्मा हुन्छन् ।"
>
> "आचार्य ! त्यसो हो भने त्यो दासले राजन्यसित न अन्न, न भोग, न बन्धनमुक्ति नै माग्यो । त्यसले यो धरालाई सुन्दरी भनेर यसैका संवाद सुन्न किन चाह्यो ? (पूर्ववत् : २१०) ।

माथि उल्लेखित कृशाश्व र गालवको संवादका माध्यमबाट उपन्यासकारले आफैंले सञ्चय गरेका दासहरूसँग त्रस्त हुनुपर्ने राजन्यको अवस्था र दासहरूले पृथ्वी प्रति देखाएको मोहका कारण गालवको मनमा उत्पन्न हुन पुगेको कौतुहललाई प्रस्तुत गरेका छन् ।

त्यसैगरी माधवी र गालव कोशल नगरको हर्यश्व प्रासादमा पुत्र प्राप्तिको प्रतिक्षामा दिनहरू काट्दै गएका थिए । माधवीको गर्भरहेको पाँच महिना जति पुगेको थियो । एकदिन अचानक माधवीको पेटमा उत्पन्न हुन पुगेको पीडाका कारण उपन्यासको पाठकको हृदयमा करुण भावको उत्पन्न हुनुका साथै विभिन्न कौतुहलले जन्म लिन पुगेका छन्, जस्तै :

> दिउँसोको विश्रामपछि माधवी ब्यूँझिँदा उसलाई साह्रै पेट दुखेको अनुभव भयो र साँझ सम्ममा त्यो शूल निकै बढ्यो । सुरुमा माधवीले त्यो वेदनालाई सही, तर साँझ पर्दै जाँदा पेट दुख्न असह्य हुन थाल्यो । उसले सारमेयालाई साँझ पर्दा नै बताई । सारमेयाले तेल तताएर कम्मर र पेटमा लगादिएकी थिई तर त्यसबाट केही पनि लाभ भएन । दियो बाल्ने समयमा माधवी ज्वराक्रान्त समेत भई र केही बेरपछि बेदनाले चेतना गुमाउँदै प्रलापमा पुगी ।
>
> माधवी प्रालपग्रस्त छे भन्ने सुनेर गालव र हर्यश्व दौडिँदै आए । त्यो अवस्था देखेर गालवका खुट्टा काम्न थाले, हर्यश्वले कृशाश्वलाई बोलाउन आहुकीलाई पठायो । आहुकीले सबै लक्षण बताएपछि सर्वोषधि - तेल लिएर कृशाश्व आयो र तातो तेल लगाइदिन भन्यो ।

> तेल लगाउनाले माधवीमा पसिना गरायो र ज्वर घट्यो । तर ज्वर घट्दा - घट्दै शरीरमा शीत चढ्न थाल्यो । त्यस्तो लक्षणलाई अशुभ भनी स्वयम् कृशाश्व पनि डरायो र तुलसीरसमा गृगमद घोटेर पैतालामा दल्न भन्यो । केही समयपछि माधवीको ज्वर केही बढ्यो तर शूलमा कुनै कमी भएन, उसको प्रलापावस्था पनि कायमै रह्यो । (पूर्ववत् : २२९) ।

यसरी गर्भवती अवस्थाकी माधवीको पेटमा एका-एक पीडा उत्पन्न भई छट्पटाएको देख्दा पाठकका मनमा अब माधवीलाई के भएको होला ? कतै गर्भको शिशुलाई पो केही भयो की ? यदी केही गरी माधवीको गर्भ खेर गयो भने वा माधवीलाई नै केही भैदियो भने गालवको के अवस्था हुन्छ होला ? आदि अनेक प्रकारका कौतुहल उत्पन्न हुन्छन् ।

अयोध्यामा पुत्र वसुमनाको जन्म भएको दुई महिना पुगेपछि माधवी र गालव त्यहाँबाट काशीतर्फको यात्रा प्रारम्भ गर्दछन् । काशीको लागि उनीहरूले धेरै दिनको यात्रा सकेर वाटधान पुग्ने बेलामा उनीहरू बृहद्रथको रथमा यात्रा गर्दै थिए र उनीहरूमा छिट्टैनै काशी पुगिनेछ, भन्ने हौसला बढीरहेको थियो तर, एकाएक उनीहरूमाथि प्रकृतिले कुठाराघात गऱ्यो । उनीहरू हिंडेको ठाउँमा अकस्मात निकै ठूलो आँधिहुरी चल्यो । जसले गर्दा त्यहाँको वातावरण एकदमै त्रासमय बन्न पुगेको वर्णन उपन्यासकारले गरेका छन् । उक्त वर्णनले पाठकका मनमा विभिन्न कौतुहल जाग्न थाल्दछन्, जस्तै :

> लक्षित पाखरीको रुखमुनि नपुग्दै आँधिले रथलाई छोपिहाल्यो र वेगका साथ बढ्दै गयो । त्यस्तोमा रथमा बसीरहनु उचित र सम्भव नदेखेकोले तीनैजना त्यसबाट ओर्लिए । बृहद्रथले घोंडालाई खोलेर आँपको रुखको निहुँरिएको हाँगामा बाँधिदियो र पाखरीको ओतमा उभिएका गालव र माधवी छेउँ गयो । त्यहाँ अरू पथिकहरू ओत लागेका थिए । धूलो, पात र कसिङ्गर बोकेर आएको आँधिको वेग बढ्दै गयो । रुखको फेदमा आडलिएर उभिएकी माधवी त्यहीँ

> ढुङ्गामाथी बसी । घोडा फेरी चिच्च्यायो, त्यहाँ उभिराख्नु गाह्रो भयो । आँधिले हुत्याएर लग्ला जस्तो हुन थालेकाले गालव तथा बृहद्रथ पनि बसे । स्वयम् झञ्झावात नै आफै सित त्रस्त झैं हुँइय्य - हुँइय्य गर्दै कराउन थालेको थियो । वायुको वेग झन् बढ्यो । धुलोले गर्दा सास फेर्न गाह्रो हुँदै गयो । चारै दिशा काला, अँध्यारा भए, पचास हात परका रुखहरू धमिला हुँदै बिलाए, गालवले आफ्नो नाङ्गो आङमा पानीका छिटाहरू थाहा पायो । उसलाई निकै आनन्द लाग्यो र उसको शरीरमा रोमाञ्च भयो । माधवी तर्सिएकी थिई करर्र-ग्र्याम्म-स्सस गर्दै केही पर एउटा रुख ढल्यो । ओत लागेकाहरू सबै त्रस्त भए, त्यो रुख बुढो भइसकेको थियो । वायुको वेगमा अब धुलो र पानी निकै नै बढेकोले आँखालाई खुला राख्नु पनि सम्भव भएन । धूलकण पसेर नाक सुके । (पूर्ववत् : २६६) ।

यहाँ वर्णन गरिएको आँधिहुरीको प्रसङ्गले उपन्यासका पाठक वर्गमा विचरा ती पथिक गालव र माधवी अब कसरी काशी पुग्ने होलान् ? उनीहरूको रथ पनि हावाले उडायो कि ? घोंडालाई पनि केही भैदिएको भए अब कसरी उनीहरूको यात्रा सम्भव हुन्छ होला र ? तथा स्वयम् माधवी र गालवलाई नै उक्त झञ्झावातले केही असर पो पुऱ्यायो कि ? भन्ने विभिन्न जिज्ञासाहरू उत्पन्न हुन पुग्दछन् ।

त्यसैगरी काशी नगरमा रहेर उपाध्याय गालवले विभिन्न यज्ञहरू सम्पन्न गर्ने जिम्मा लिएको थियो । यसै क्रममा एकदिन यज्ञमा मुख्य पुरोहितले नै निद्रा वरण गर्न पुगेको हुँदा गालवले केही अलिक कठोर वचन बोलेको थियो । त्यसै कुरालाई बाहना बनाएर आफूलाई आचार्य पण्डित भएकोमा सर्वेसर्वाठानी गालवलसँग वाकोवाक् युद्धको घोषणा गरेको थियो र उक्त कुरा राजन्य दिवोदासले गालवलाई जानकारी गराउँदै वाकोवाक् युद्धका लागि तयारी अवस्थामा रहनु भनी अह्राए । उक्त कुराले पुनः पाठकको हृदयमा कौतुहल उत्पन्न हुन पुगेको छ, जस्तै :

> सम्पूर्ण यज्ञको शुद्धि स्नान र शुद्धि हवनपछि दिवोदास र माधवी यज्ञशालामा अग्निक्षेत्रको मध्यन्दिनसवन निम्ति आए र आवश्यक आहुतिहरू तिनले दिए । त्यसबेला दिवोदासको सम्पूर्ण परिवार त्यहाँ उपस्थिति थियो । सबैले चकित भएर हेरे - दिवोदासको मुख साह्रै गम्भिर र चिन्तित छ । उसले गालवलाई आफ्नो नगिच बोलायो र भन्यो - “उपाध्याय ! आज बिहान यज्ञशालामा विधि शुद्धिको निहुँले तिमीले आचार्य प्रयुतको अनादर गऱ्यौ भन्ने उनको अभियोग छ । आचार्यले तिमीलाई वाकोवाक् निम्ति आह्वान गरेका छन् । काशी महाजनपदमा आचार्य प्रयुतसित वाकोवाक्मा विजयी पक्षले पराजित पक्षलाई गङ्गामा डुबाएर वरुणको दर्शन गराउन पाउँछ । अमात्य परिषद्ले त्यो आह्वान माथि विचार गरेर तिमीले वाकोवाक्मा आचार्यलाई उत्तरदिनु आवश्यक ठहऱ्याएको छ । (पूर्ववत् : २९०) ।

माथि उल्लेख गरिएका गालवले आचार्य प्रयुतसँग वाकोवाक् युद्ध गर्नुपर्ने र पराजय हुनेले जल समाधि लिनुपर्ने, भन्ने यी दुई कुराले उपन्यासका सम्पूर्ण पाठक वर्गमा अब गालवले प्रयुतसँगको वाकोवाक् युद्धमा पराजय हुन पुग्यो भने के गर्छ होला ? त्यस वाकोवाक् युद्धमा प्रयुतले गालवसँग कुन विषयमा कुराकानी गर्ने होला ? उसले कुरा गर्ने विषयमा गालव कत्तिको विद्वत् देखापर्छ होला ? भन्ने विभिन्न कौतुहल उत्पन्न हुन पुग्दछन् ।

त्यसैगरी काशीमा रहँदा नै गालव - प्रयुत वाकोवाक् विषय सेलाउन नपाउँदै पुनः गालवले महाकापालिक शङ्खग्रीवसित शास्त्रार्थ गर्नुपर्ने हुन्छ । उक्त शास्त्रार्थको विषयले पनि पुनः पाठकको मनमा कौतुहल उत्पन्न हुन पुग्दछ, जस्तै :

> आफ्नो लामो जटालाई कापालिकले शिरमा राम्ररी मिलायो, बाघछालाभित्र मुञ्जको कौपिनलाई राम्ररी बाँध्यो, मद्यमान निम्तिको मानव करोटीबाट अलिकति पान गऱ्यो र त्यसरी शास्त्रार्थ निम्ति तयार भएर महाकापालिकले त्यो खप्परलाई आफ्नो सामुन्ने भुईमा

> उसले बनाएको दोहोरो योनितन्त्रको षट्कोण माथि राखेर प्रशान्त मुद्रामा आफ्नो कैलो दाह्री मुसार्दै आधाचिम्लिएका आँखामा ध्यानवस्थित चित्तले भन्यो - "ब्रह्मर्षि वशिष्ठले खीरको कुरामा अनादर गरेपछि राजर्षि विश्वामित्रले घनघोर तपस्या गर्दा कौशिकीहरू सित मेरो साहचर्य भएको थियो । मुनिकुमार गालवले त्यसबेला कठोर तपयुक्त आचार्यको सेवागरेको बारे त्यो ऋषिकुलमा निकै चर्चा थियो । त्यस्तो प्रखर, मेधावी, तपस्यायुक्त र ब्रह्मविद् गालवका जिज्ञासाहरूलाई शान्त पार्नु कसैका निम्ति पनि कठिन कार्य हो भने म कापालिक निम्ति त झन् के कुरा ! तथापि आफ्ना बल, बुद्धि, वीर्यका आधारमा गालवलाई उत्तरदिन राजा दिवोदासले मलाई अनुमति देऊन् ।"
>
> वृद्ध शङ्खग्रीवको त्यस्तो नम्रताले गालव सहित त्यहाँ उपस्थित प्रत्येक माथि गहिरो प्रभाव पर्‍यो । शङ्खग्रीवले ती शब्दहरूद्वारा गालवमाथि शुरुमा नै विजय प्राप्त गरिसक्यो भन्ने शङ्कासम्म केहीले मनमा लिए । प्रयुतमा जस्तो मूढ अहङ्कार होइन कि नम्रता र अनुशासनबद्धता शङ्खग्रीवमा प्रचूर रहेछ, यस्तो वृद्ध धर्मात्माबारे पहिलेका चर्चाहरू सर्वथा निराधार थिए की, भन्ने शङ्कापनि निकैमा त्यहाँ देखापर्‍यो । माधवीका जिज्ञासु आँखा गालवमाथि अडिए । (पूर्ववत् : ३०६-३०७) ।

माथि उल्लेखित प्रसङ्गमा गालव र शङ्खग्रीव बिच शास्त्रार्थ हुने भनिएबमोजिम सभामा महाकापालिकको नम्रता र अनुशासनका कारण कतै शङ्खग्रीवले गालवलाई पराजय गर्ने त होइन ? यदी त्यस्तो भयो भने गालवले के गर्छ होला ? भन्ने कौतुहल पाठक वर्गमा उत्पन्न हुन पुग्दछ ।

त्यस्तै काशीमा रहँदा नै लामो समयको अत्यन्तै भयानक खडेरीपछि एकदिन पानी पर्दछ र उक्त पानीमा गालव लामो समयसम्म भिज्दै इरा पान गरेका कारण ऊ बिरामी हुन पुग्दछ । गालव आजभन्दा भोली झन् झन् गल्दै जान्छ । गालवको यो

अवस्थाले माधवी निकै चिन्तिन हुन्छे । माधवीको दयालाग्दो अवस्था देखेर रमेणकले गालवको ज्वरको बारेमा माधवीलाई सत्य कुरा जानकारी गराउँछ । उसको कुराले पाठकका मनमा गालवको जीवनप्रति कौतुहल उत्पन्न हुन पुग्दछ, जस्तै :

> "देवी ! धैर्य गर, एक्काइसौं दिनलाई पर्खौं । आशाको त्याग गरेर सहायता हुँदैन । सत्यलाई तिमीबाट तिरोहित राख्दिनँ म । मुनिकुमार आफ्नो जीवनको दोसाँधमा उभिएका छन्, अतः यी तिनदिनले निकै नराम्रो पनि गर्न सक्नेछन् अथवा फेरि सातदिन पनि थपिन सक्नेछन् किनभने ....।" रमेणकले आफ्नो वाक्य पूरा गर्न पाएन । उसका त्यति नै शब्द सुनेर टाउको समात्दै कोठाको भित्ताको आड लिन पुगी माधवी र मुर्छित भएर भूमिमा लडि । (पूर्ववत् : ३३७) ।

यहाँ गालवको अवस्थाबारे रमेणकले माधवीसित बताएको प्रसङ्गले उपन्यासका पाठक वर्गमा पनि अब त्यसो हो भने गावललाई निको होला कि नहोला ? यदि गालवलाई निको नभएर ऊ केही भैदियो भने माधवीले के गर्छे होला ? उसको जीवन त्यसपछि कस्तो हुन पुग्ला ? जस्ता विभिन्न कैतहुल उत्पन्न हुन पुग्दछन् ।

माधवी र गालव भोजनगर प्रदेशमा उशिनर शिविको दरबारमा पुगेर त्यहाँ पनि पूर्वसर्त अनुसार माधवीको पाणिग्रहण गरी पुत्र प्राप्तिको लागि प्रतिक्षामा दिनहरू काट्दै थिए । त्यहाँ बस्दा गालवले आफूलाई चाहिने अन्न उब्जाउनका लागि आफैंले जमिन कर्षण गर्नुपर्ने नियम भएको हुँदा उसले त्यहाँ आफ्नो लागि तोकिएको क्षेत्रमा आफू बस्नका लागि आफैं उटज निर्माण गरी बसेको थियो । एकदिन त्यहाँ सुपर्णनागजेय आइपुग्यो । भोजनगरमा प्रवेश गरेर तेस्रो घोंडाको व्यवस्था मिलेपछि गालवको मनमा चौंथो घोडाको चिन्ताले सताइरहेको थियो । यस्तो उचित समयमा मित्र नागजेयको उपस्थितिले गालव हर्षित भई उसले आफ्नो मनमा चौंथो घोंडाको विषयमा चिन्ता रहेको कुरा मित्रलाई बतायो तर, नागजेयले त्यतिखेर त्यसकुरालाई अर्कैतिर मोडिदियो र केही जवाफ दिएन । अर्को दिन पनि गालवले त्यही विषयमा प्रश्न गर्दा नागजेयले यस पृथ्वीमा तिनवटा मात्र श्यामकर्ण अश्व भएको जानकारी गराउँदै त्यसका लागि धैर्य हुन

भन्दै अरूपनि बाटाहरू खुला भएको बताउँछ । नागजेयको यस कुराले पाठकको मनमा फेरी अर्को कौतुहल उत्पन्न हुन थाल्दछ, जस्तै :

> "श्यामकर्ण प्राप्त गरी कौशिक आश्रममा पठाएँ, चौंथो श्यामकर्णलाई अबकहाँ खोज्ने ? कुन ठाउँमा देवीले पुनः आत्म त्याग गर्ने अब ? प्रियदर्शन नागजेय ! मेरो चिन्ता निवारण गर्न मलाई योग्य सम्मति देऊ, तिमी नै त मेरा पिता, गुरु र आचार्य हौ ।"
>
> गालवको प्रश्नले सुपर्णको मुखको प्रसन्नतालाई निर्वासित गऱ्यो, त्यहाँ चिन्ता र विषादका रेखा देखा परे तैपनि आफ्ना ती अवसादका भावलाई लुकाउँदै र संयत र सन्तुष्ट जस्तो स्वरमा नागजेयले उत्तर दियो - "मित्रवर ! गाधेयका अन्तेवासिन् बाट कोशलका उपाध्याय ! काशी यज्ञका अध्वर्यू तथा उशीनरवैष्णवहरूका उपनिषदद्रष्टा भयौ, आफ्ना पिताभन्दा उच्चतर भयौ, पितामह भन्दा महियान् छौ, धैर्य गर । सूर्य उदाउँदा रक्तिम भएर उदाउँछन् र अस्ताउँदा पनि रक्तिम भएरै अस्ताउँछन्, महीयानहरू सम्पत् र विपत्मा सूर्यझैं एकरूप रहन्छन् । यो भूमण्डलमा तीन ठाउँमा मात्र श्यामकर्ण रहेछन्, जो तिमीलाई प्राप्त भइसके । अहिच्छत्रमा त्यो प्रात : तिमीहरूबाट बिदा भएपछि मैले दिगन्तको यात्रा गरैं तर चौंथो ठाउँमा श्यामकर्ण रहेनछ । .... अब चौंथोको आशा नगर, तैपनि तिम्रा निम्ति मार्गछन्, हताश नभए ...." (पूर्ववत् : ४३५) ।

यहाँ चौंथो ठाउँमा श्यामकर्ण घोंडा नभएको भन्ने नागजेयको भनाइले पाठकका मनमा त्यसो हो भने अब गालवले गुरुदक्षिणाको भारबाट कसरी मुक्त होला त ? कि अब गालव विश्वामित्रको श्रापमा पर्ने नै भयो त ? भन्ने कौतुहल उत्पन्न हुन पुग्दछ, भने फेरि उसकै "तिम्रालागि अरूपनि मार्ग छन्, हताश नभए" भन्ने कथनले पाठकका मनमा के उपाय होला त त्यस्तो जुन श्यामकर्ण घोंडाको सट्टा विश्वामित्र सामु उपस्थित

गाराउने वस्तु ? नागजेयले त्यस्तो कुन उपाय बताउँछ होला ? भन्ने कौतिहल उत्पन्न हुन पुग्दछ ।

यसरी नै कथावस्तुलाई अगाडि बढाउँदै जाँदा जब गालव र माधवी विचलित भएर सुपर्ण नागजेय सित चौंथो घोंडा प्राप्य नभएपनि अब त्यसको सट्टा अर्को कुन नयाँ मार्ग छ ? त्यसको बारेमा बताऊ भन्छन् र सुपर्णले गालवलाई विश्वामित्रका चरणमा देवी माधवीलाई नै अर्पण गररे चौंथो श्यामकर्ण घोंडाको सट्टा चक्रवर्ती सम्राट प्राप्त गरेर आफ्नो गुरु ऋणबाट मुक्ति दिनको लागि अनुरोध गर, भन्ने सल्लाह दिन्छ । नागजेयको यस्तो कुराले पाठकका मनमा फेरी अनेक कौतुहल उत्पन्न हुन थाल्दछन्, जस्तै :

> "देवी माधवी ! उपाध्याय गालव ! तिमी दुवैका उग्रतपको फलस्वरूप महर्षि विश्वामित्रले इन्द्रनिम्ति अप्राप्य तीनओटा श्यामकर्ण प्राप्त गरिसक्ने भएका छन् । यो भूमण्डलमा कोसित नै तीनओटा श्यामकर्ण छन् र ? तिम्रा तपको सफलतामा गाधेय हर्षविस्मित छन् । पश्चिम आनर्त, कालतोयक र सिन्धु-साकलका दासहरूले विमोचन लिइसके भन्ने कुरा गाधेयलाई पनि ज्ञात छन् । तिमी बचनबद्ध छौ, दृढव्रती र सत्यसन्ध्र छौ । चौंथो घोडाको प्रतिज्ञालाई तिमीले पूरा गर्नैपर्छ । अतः चौंथो घोंडाको सट्टा एउटा पुत्रनिम्ति गाधेयलाई माधवी नै अर्पित गरेर तिमीहरू कृतकृत्य होऊ । तीनओटा घोडापछि माधवीबाट उनैले एउटा सम्राटपुत्र लाभ गरी तिमीलाई गुरुदक्षिणा भारबाट मुक्त गरुन् र तिमीहरू दुवै यो भय र व्याकुलता तथा यो कठोर तपस्याबाट मुक्त होओ" (पूर्ववत् : ४३८-४३९) ।

यसरी श्यामकर्ण घोंडाको ठाउँमा माधवीलाई नै विश्वामित्र सामु अर्पित गर, भन्ने नागजेयको सल्लाहले पाठकको मनमा पुनः विश्वामित्रले अब त्यस्तो कुरा स्वीकार गर्छन् की गर्दैनन्, यदी विश्वामित्रले मलाई घोंडा नै चाहिन्छ भनेर हठ गरे भने अथवा रिसाएर गालवलाई श्राप दिई दासयोनिमा पुऱ्याए भने बिचरा गालवको जीवन कस्तो हुन्छ होला ? भन्ने कौतुहल उत्पन्न हुन थाल्दछन् ।

त्यसैगरी भोजनगर प्रदेशमा पुत्र प्राप्तिको प्रतिक्षामा रहँदै गर्दा एकदिन अचानक जस्तै पुत्र शिविको जन्म हुन्छ, तर पुत्र प्रसव पश्चात् मावधीको रक्तस्राव घट्नुको साटो झन् झन् बढ्न थाल्दछ । उक्त घटनाले पनि पुनः एकपटक पाठक वर्गमा कौतुहल उत्पन्न गर्न पुग्दछ, जस्तै :

> उशीनर र गालवका प्रसन्नताका ती क्षण अल्प नै ठहरिए - प्रसवपछि माधवीको रक्तस्राव घट्नुसट्टा झन् झन् बढ्यो । विस्तारै - विस्तारै भोजनको समय आइपुग्यो, तैपनि रक्तस्राव न कम भयो, न रोकियो । माधवीलाई शक्ति निम्ति बारम्बार तातो पानी र महमा हालेर प्रसन्नता खुवाइयो । ऊ अर्ध मुर्छित जस्ती थिई । समय बित्दै जाँदा पनि उसको ब्याधि शान्त भएन (पूर्ववत् : ४५७) ।

यहाँ उल्लेख गरिएको माधवीको अवस्थाले पाठकका मनमा माधवीलाई निको होला कि नहोला ? कतै माधवी केही भैदिई भने गालवले त्यसपछि के गर्ने होला ? भन्ने कौतुहल उत्पन्न हुन पुग्दछ ।

भोजनगरबाट माधवी र गालव विश्वामित्रको ऋषि आश्रम चम्पामा पुग्छन् र त्यहाँ सुपर्ण नागजेयको सल्लाह बमोजिम गालवले आचार्य पादमा विनय गरिसकेपछि विश्वामित्रले एउटा पुत्र प्राप्तिको लागि माधवीलाई ग्रहण गर्न स्वीकार गर्छन् । तर, ऋतुदान भने विश्वामित्रको भानिज प्रमतकद्वारा गर्ने कुरा सुनेपछि माधवीमा विश्वामित्र उपर घृणा उत्पन्न हुन्छ । त्यसैले उसले पहिले नै वाचाल भएर आफू गर्भवती भएपछि ऊ आफ्नो स्वेच्छाले जहाँ मनलाग्छ त्यही बस्ने र पुत्र प्राप्ति पश्चात विश्वामित्र सामु उपस्थिति हुने कुरामा विश्वामित्रलाई वचनबद्ध गराएकी हुन्छे । विश्वामित्रको उक्त वचन अनुसार माधवी आफ्नो इच्छा अनुसार जठर र जरिताको उटजमा बस्ने निर्णय गर्दछे र उक्त खबर विश्वामित्रलाई पठाउँछे । यो थाहा पाएका विश्वामित्रले माधवीका निम्ति प्रशस्त अन्नपात र लत्ताकपडा पठाउँछन् तर माधवीले अस्वीकार गरी फिर्ता पठाउँछे । त्यसपछि विश्वामित्रले गालवलाई भेट्न बोलाउँछ । गालव आफ्ना गुरु विश्वामित्रलाई भेट्न जान लाग्दा माधवीले आफ्नो लागि कुनै वचन नदिन आग्रह गर्दछे । गालवले उक्त

कुरा विश्वामित्रलाई सुनाइदिन्छ । यो कुरा सुनेर विश्वामित्र आफैं माधवी बस्ने गरेको जरिता र जठरको उटजमा उपस्थित भएर माधवीसँग अनेक प्रश्नहरू गर्न थाल्दछ । माधवीले आफू गर्भवती भएपछि मुक्त हुने र पुत्र प्राप्ति पश्चात विश्वामित्रका सामु उपस्थिति हुने कुरामा विश्वामित्र वचनबद्ध भएको कुरा विश्वामित्रलाई सम्झाउँदै र विश्वामित्रसँग आफू गालवको गुरुदक्षिणा दानमा अभिन्न योग भएको बताउँदै कर्तव्याकर्तव्यको बोध गराउनु नपर्ने भन्दै वाकोवाक् गर्न थाल्छे यसका साथै माधवीको कुरा गालवले पनि अनुमोदन गर्दछ । यो देखेर विश्वामित्र आफ्नो उपेक्षा भएको ठानी क्रोधित भएर चिच्याउँदै श्रापको भय दिन पुग्छन् । यतिबेला विश्वामित्रमा उत्पन्न क्रोधले पाठकका मनमा कौतुहल सृजना हुन थाल्दछ, जस्तै :

> अब्राह्मण्यम्, अब्राह्मण्यम् ! शान्तं पापम्, शान्तं पापम् ! केशशुल्का अप्सरापुत्रीबाट राजर्षिलाई क्षमादान् ? दुस्सह, अतिदुस्सह ! त्यो पनि वैष्णवी भक्तिको दीक्षा ! माधवी ! मेरा क्रोधाग्नि जनित श्रापले भस्म पार्नुभन्दा पहिले नै यहाँबाट अदृश्य होऊ, तिरोहित होऊ, नकराऊ, जाऊ, पर जाऊ चम्पाबाट जाऊ । (पूर्ववत् : ४७९) ।

यहाँ वर्णित विश्वामित्रको क्रोधका कारण पाठकका मनमा अब फेरी विश्वामित्रले कस्तो श्राप दिनेहुन् र यी निष्पाप, दुई आत्माहरूले कस्तो जुनी व्यहोर्नु पर्ने हो ? भन्ने कौतुहल उत्पन्न हुन पुग्दछ ।

चम्पामा विश्वामित्रलाई उसको पुत्र अष्टकको जिम्मा लगाएर माधवीलाई ययातिसामु प्रत्यावर्तित गर्नका लागि माधवीलाई साथमा लिई गालवले प्रतिष्ठानपुरतर्फको यात्रा प्रारम्भ गर्दछ । बाटोमा विभिन्न दुःख कष्टहरू झेल्दै कैयौं दिन बाटोमा बिरामी परेकोबेला मुसिक ग्राममा विश्रामगर्दै र उनीहरूकै परिचर्याबाट निको भई गालव र माधवी प्रतिष्ठानपुरतर्फ अगाडि बढ्दै थिए । माधवी र गालव बिच एक अर्कामा आकर्षणको भाव हर्यश्वनगर अयोध्या देखि नै भएता पनि उनीहरूले आफ्नो तपस्चर्या पुरा गरुन्जेल त्यस्तो भावनालाई त्याग गर्ने वचन बद्धताका कारण उनीहरूले त्यसपछि त्यस्ता कुरा कुनै दिनपनि मनमा आउन दिएका थिएनन् । तर अब उनीहरू आफ्नो

तपस्यामा पूर्ण रूपले सफलता प्राप्त गरिसकेका थिए । त्यसैले पनि होला एकले अर्कालाई आफ्ना मनका कुराहरू खोल्न थालेका थिए । यस्तै कुराकानीका सन्दर्भमा एकले अर्कोको अभावमा जीवित रहन नसक्ने कुरा समेत गर्न पुगे तर यसै प्रसङ्गमा पिता ययातिसामु प्रत्यावर्तित भएपछि त्यसरी सँगै जीवन बिताउने इच्छामा घात हुने हो की ? भन्ने शङ्का माधवीले प्रकट गरेकी छ भने गालवले आफ्नो कर्तव्य पूरा गर्नका लागि पनि माधवीलाई पिता सामु प्रत्यावर्तित गर्नैपर्ने कुरा गर्छ । यस कुराले पाठकको मनमा कौतुहल उत्पन्न हुन थाल्दछ, जस्तै :

> "त्यसो भए सम्राट ययातिमा मलाई किन अर्पण गर्छौ गालव ? सत्य भन्छु, म तिम्रो साहचर्य बेगर जीवित रहन सक्तिनँ तपोधन !"
>
> "देवी माधवी ! म प्रतिका तिम्रा सबै भावनालाई मैले बुझेको छु । अनि मलाई पनि थाहा छ देवी ! मैले तिम्रो परित्याग गरेँ भने मबाट पनि आफ्नो जीवन परित्याग हुन बेर नलाग्ला । यो मेरो आजको मात्र अनुभूति होइन देवी ! अहिच्छत्र सम्राट ययातिको मन्त्रणामा त्यो दिन पहिलो पटक तिम्रो पूर्ण दर्शन भएदेखि नै ममा यही दृढता पाउँछु ।"
>
> "त्यसो भए मुनिवरको निर्णयमा अस्थिरता किन त ?"
>
> "म अस्थिर छैन देवी ! मैले राजन्य ययातिप्रतिको आफ्नो कर्तव्यलाई पहिले पुरा गर्नुपर्छ, मैले तिमीलाई तिम्रो पितामा पहिले अर्पण गर्नैपर्छ ।"
>
> "मेरा पिता वृद्ध छन्, अतः चञ्चल हृदयका होलान् । हाम्रो जीवनमा व्याघात पारे भने ?" - चिन्तित भएर माधवीले भनी" (पूर्ववत् : ४८८-४८९) ।

यहाँ गालव र माधवीको संवादमा माधवीले पिता सामु पुगेपछि आफूहरूको इच्छामा घात पर्ने हो कि ? भनेर शङ्का गरेकी छ । माधवीमा उत्पन्न हुन पुगेको उक्त शङ्काले पाठकको मनमा पुनः साच्चिकै ययातिले उनीहरूको भावनालाई बुझेर बिहेको

स्वीकृति देलान् त ? यदि उक्त कुरामा बाधा सृजना गरे भने उनीहरूले के गर्ने होलान् त ? भन्ने कौतुहल उत्पन्न हुन पुग्दछ ।

यसैगरी प्रतिष्ठानपुरतर्फको यात्राकै सन्दर्भमा शोणभद्र नदीको किनारमा विश्राम गर्दै कुराकानी गरिरहेको समयमा गालवले माधवीसँग चुम्बनको याचना गर्छ तर माधवीले अस्वीकार गर्छे । यस घटनाले आफूलाई एकदमै तुच्छ र श्री विहिन ठान्न पुगेको गालव पछि माधवीले सन्ध्या स्नान गर्दै रहँदा पर धीवरहरू भएको ठाउँतर्फ पाइला चाल्छ । यसरी त्यहाँबाट हिँडेको गालव राती अबेरसम्म पनि फर्किदैन । यतिखेर पाठक वर्गमा फेरी पनि विभिन्न कौतुहल उत्पन्न हुन थाल्दछन्, जस्तै :

> आफ्नो ठाउँबाट उठेर जान लागेको गालवलाई आँखाको एउटा कुनाले माधवी हेरिरहेकी थिई । गालव परपर हुँदै गयो । रात पऱ्यो, गालव फर्किएन । माधवीले भोजन बनाई तैपनि गालव आएन । माधवी त्यहीँ दु:खित हुँदै निदाई र मध्यरातमा ब्यूँझिई । त्यहाँ कतै पनि उसले गालवलाई देखिन । गालवले परित्याग गऱ्यो कि, मलाई यसरी असहाय छोडेर गयो कि ? भन्ने शङ्का लाग्यो उसलाई । गालवले पहिलो पटक चुम्बनकै त प्रार्थना गरेको थियो, मैले किन त्यसरी निवारण गरेँ भन्ने पश्चाताप पनि भयो उसलाई । अनि फेरि विचार गर्नथाली र आफूले गालवको चुम्बनलाई स्वीकार गरेकी भए सबै कुरा कहाँ पुग्ने थिए ? भन्ने प्रश्न उसको मनमा उठ्यो । "जे भएपनि म अहिच्छत्रकी गणिका महामाया थिएँ । ॠतको पालना गर्नेपर्छ, पिता ययातिका कार्य पूरा गरेँ । म कन्या नै हुँ, गालवले मेरो पाणिग्रहण गरेका छैनन् ।" भन्ने कुराहरू उसका मनमा उठे । उसले चारैतिर निकै ध्यान दिएर हेरी, तर गालव कतै थिएन । ऊ फेरी पर्खिन थाली तर गालव आएन नै । आफ्नो ठाउँबाट उठेर उसले चारैतिर हेरी । उसको मन सारै उद्वेलित भयो । गालव निम्ति समेत चिन्ता बढ्यो । निकै टाढा एउटा धूनी बलिरहेको उसले देखी । त्यो आगोमा छायाँ

झैं मानवाकृति पनि रहेको जस्तो लाग्यो उसलाई । ऊ त्यतै हिँडि । त्यहाँ रहेका धीवरहरू हुन् भन्ने उसले विश्वास गरेकी थिई । गालव पनि तिनीहरूसितै वार्तामग्न होला, भन्ने उसलाई लाग्यो । उसमा त्यो झीनो आशा आउनासाथ उसको चिन्ता त्रासमा परिणत भयो - 'कतै गालव त्यहाँ भेटिएन भने ?' उसका सुकेका घाँटीबाट स्वर निस्केनन ।" (पूर्ववत् : ४९१-४९२) ।

उपर्युल्लिखित परिच्छेदमा गालवले माधवीलाई  रातको समयमा नदीको किनारमा एक्लै छोडेर आफू एकाएक अनुपस्थित भएको र उसको अनुपस्थितिमा माधवीका मनमा उत्पन्न भएका शङ्का र अत्यासका भावनाहरूले पाठक वर्गका मनमा गालव कहाँ गयो होला त? उसले यो रातको समयमा माधवीलाई कसरी एक्लै छोड्न सकेको होला त ? के गालव माधवीले चुम्बनको अस्विकार गरेकै कारण यसरी माधवीलाई तिरोहित गरेको होला त ? यदी होइन भने गालव एति रातिसम्म कहाँ गयो होला त ? कतै गालव स्वयम् लाई नै केही त भएन ? जस्ता थुप्रै कुतुहलताहरू उत्पन्न हुन पुगेका छन् ।

जब प्रतिष्ठानपुरमा माधवीका पिता ययातिले उसको स्वयम्वरको शुभदिन तोकिसकेपछि गालवले त्यस्तो महान उत्सवमा आफ्नो मित्र नागजेयको उपस्थिति हुनुपर्छ भन्ने ठानी नागजेयको खोजीमा मण्डलक जनपद तर्फ यात्रा प्रारम्भ गर्दछ । नागजेय शैवालिक तर्फ गएको थाहा पाएपछि  गालव पनि त्यतै तर्फ लाग्दछ । शैवालिकमा पुग्दा त्यहाँ गालव बिरामी परेर सुतिरहेको हुन्छ । यसरी नागजेयको अस्वस्थताका कारण उसकै सेवामा लागेका गालव स्वयम्वरमा उपस्थित हुन सक्दैन । त्यतिखेर उता विवाह मण्डपमा उपस्थित हुँदासम्म पनि गालवको उपस्थितिकै आशा गरेकी माधवीको मनोभावनाले गर्दा पाठकका मनमा फेरी अनेक कौतुहल उत्पन्न हुन थाल्दछन्, जस्तै :

आशाको क्षीणातिक्षीण रेखालाई वरमाल्यमा हृदयैले उनेर अनु र पुरुलाई दुवैतिर सँगै लिएर माधवी सभास्थलमा प्रवेश गरी कुनै आकस्मिकताले गालवलाई त्यहाँ ल्याइदिएको होला, शैवालिकबाट

अथवा प्रतिष्ठापुरबाट अन्यत्र कतै लुकेर बसी जिस्किन खोजिरहेको, बालककै स्वाभावमा रहिरहेको, गालवले परिहासलाई छोडेर अन्त्यमा टुप्लुक्क आइपुगेर वरमाल्य ग्रहणगर्ला कि भन्ने पनि आशा थियो माधवी हृदयको एउटा कुनामा । उसले सभामाथि विहङ्गम दृष्टि दिई तर त्यहाँ गालव देखिएन । अनि रूप बदलिएर त यतै कतै बसेको छैन ? भन्ने शङ्का लाग्यो माधवीलाई र पाइलो - पाइलो गर्दै सबैलाई ध्यान दिएर हेर्दै अघि सर्दै गई तर गालवको वायु सम्म कतै थिएन त्यहाँ । अन्त्यमा माधवीले सम्पूर्ण आशालाई एकाएक परित्याग गरी र उसका नेत्र अश्रुँविह्वल भए । अन्तिम पटक फेरी उसले चारैतिर हेरी । गालव त्यहाँ छँदै थिएन" (पूर्ववत् : ५१४-५१५) ।

यहाँ माधवीको मनमा रहेको गालव आइपुग्छकी भन्ने झीनो आशा निराशामा परिवर्तन हुन पुग्दा पाठकका मनमा अब माधवीले के निर्णय गर्छेहोली ? कि माधवीले त्यहाँ उपस्थित मध्ये कसैलाई वरमाला पो पहिरिने हो कि ? यदी माधवीले त्यसो गरी भने गालवले के गर्छ होला ? भन्ने विभिन्न किसिमका कौतुहल उत्पन्न हुन पुगेका छन् ।

उता माधवीको स्वयम्वरको दिन आजै हो, भनी बताउने गालवलाई नागजेयले हप्काउँदै प्रतिष्ठानपुर तर्फको यात्रा प्रारम्भ गर्दछन् । बाटोमा नागजेय र गालवको बिचमा उक्त विषयलाई लिएर अनेक वार्ता हुन्छन् । गालवले आफ्नो अज्ञानतावश हुनपुगेको गल्ति स्वीकार गर्छ । यसरी आफ्नो गल्ति स्वीकार गर्ने, जीवनमार्गमा सत्य रहने जो कोहीको इच्छा पूरा हुन्छ, त्यसैले तिमी पनि माधवी छेउ गएर पश्चाताप प्रकट गरिसकेपछि माधवीले माफी दिनेछिन र सँगै जीवन मार्गमा अघि बढ्ने छौ, भनेर नागजेयले गालवलाई भन्दछ, तर त्यतिखेर पाठकको मनमा पुनः कौतुहल उत्पन्न हुन थाल्दछ, जस्तै :

> तिमीले आफ्ना अभाव र अज्ञान जन्य अधर्मनिम्ति अहिले प्रायश्चित गऱ्यौ । उत्तम धर्म त्यही हो । अब हृदयलाई शान्त पार र शुद्ध राख तथा माधवी छेउ गएर विनय र पश्चाताप प्रकट गरी जीवन मार्गमा

> उनीसँगै सत्यव्रती भएर अघि बढ्ने चेष्टा गरिरहु गालव ! तिमी कल्याणकर्ता छौ, कल्याणकर्ताहरूको कहिल्यै दुर्गति हुँदैन भन्नेकुरा सम्झिराख । (पूर्ववत् : ५१८) ।

यहाँ नागजेयद्वारा प्रकट भएको गालव र माधवीको भेट हुने र उनीहरूको जीवन सँगै अगाडि बढ्ने आशाजन्य कुराले पाठकका मनमा फेरी एकपटक के नागजेयले भने जस्तै उनीहरूको भेट हुन सम्भव होला र ? यस्तो आशालिएर हिँडेका यी दुई मित्रहरू माधवीले वनप्रस्थान गरेको कुरा थाहा पाउँदा के गर्छन् होला ? भन्ने कौतुहल उत्पन्न हुन पुग्दछ ।

त्यसैगरी जब सम्बालागण समाजमा माधवीलाई नागजेय र गालवले भेट्छन् र गालवले पश्चाताप गर्दै आफ्नो गल्तिको प्रायश्चित गर्छ तरपनि माधवी आफूले गरिसकेको निर्णयलाई परिवर्तन नगर्ने विचार गरी अबको जीवन आफ्नै किसिमले बिताउने इच्छा प्रकट गर्दछे । त्यसपछि नागजेय र गालव त्यस सम्बालागण समाजबाट हिँड्छन् र निकै पर सरयू किनारमा पुगेपछि नागजेय आफ्नो बासग्राम मण्डलक जनपद जानका लागि छुट्टिन्छ, त्यतिखेर एक्लै र निराशाका साथ पाइला चाल्न पुगेको गालवलाई नियालेर पाठकका मनमा पुनः अर्को कौतुहल उत्पन्न हुन थाल्दछ, जस्तै :

> निकै दुःखी हृदय लिएर ती दुवै मित्र छुट्टिए । पहिले पनि पटक-पटक तिनीहरूले एकअर्काबाट बिदा लिएका थिए तर ती मौकाहरूमा जीवन आनन्दि उपकरणमा थियो । सरयूमा बिदा हुँदा दुवैमा चरम क्लेश थियो । ती दुवैबिच ६ वर्षदेखि मित्रता-बन्धनका रूपमा रहेकी माधवीबाट दुवैजना छुट्टिएर हिँडेका थिए । यो कुरा दुवैले अनुभव गरिरहेका थिए । दुवैका मनमा त्यसबेला साह्रै नै गाह्रौं भएर माधवी बसेकी थिई । दुवै असहाय थिए । अत्यन्तै उदास र उद्विग्न हृदय लिएर गालव कौलेयको नाउतिर गयो । उसका प्रत्येक पाइलामा ढुङ्गा बाँधिएजस्तो थियो । (पूर्ववत् : ५४२) ।

यहाँ गालवको दीन अवस्था र उसका लक्ष्य विहिन पाइलाको वर्णनले पाठकका मनमा अब गालव कहाँ जान्छ होला ? माधवीसँगको वियोगको पीडा अब उसले कसरी खप्ने होला ? के अब गालव माधवीसँग छुट्टिएर बस्न सक्ला त ? भन्ने विभिन्न कौतुहल जाग्न पुग्दछन् ।

त्यसैगरी माधवीको सम्झना र वियोग ज्वालामा भस्मीभूत हुँदै गइरहेको गालव माधवीसँग साक्षात्कार हुन्छ की भनेर डराउँदै र माधवी त्यतै कतै बसेकी छिन् कि भनी अनायास खोज्दै पनि हिँड्न थाल्दछ । मण्डलक जनपदमा पुग्दा जवाले दुईवर्ष अघिं माधवी त्यहाँ आएकी र गालवको बारेमा सोधेकी पनि थिई, भनी बताएपछि गालवका मनमा माधवीले आफूलाई सम्झिँदै रहिछ, भनेर झन् औडाहा छुट्न थाल्दछ र फेरी उसकै खोजीमा निस्कन्छ । यसरी माधवीको खोजीमा हिँड्दा गालव जहाँ पुग्थ्यो त्यहाँबाट माधवी पहिले नै हिँडिसकेकी भन्ने खबर पाउँयो । यसरी एकले अर्काको खोजीमा हिँडिरहेको प्रसङ्गले यतिखेर पाठकको मनमा उनीहरू भेट होलान् कि नहोलान् ? भन्ने कौतुहलले पच्छ्याइरहन्छ । यसरी देश देशावर एकले अर्काको खोजीमा हिँड्दै गर्दा वाटधान पुग्नेबेलामा १७ वर्ष अगाडि झञ्झावातमा परेको ठाउँमा प्रपापालिकेले माधवी दुईपक्षसम्म त्यहीँ चन्द्रशालामा बसेर आजै बिहान वाटधानतर्फ प्रस्थान गरेको बताएपछि गालव पनि त्यतैतर्फ हिँडिरह्यो, हिँडिरह्यो भनेर उपन्यासको अन्त्य भएको छ भने यस प्रसङ्गले उपन्यासलाई कौतुहल मै अन्त्य गर्न पुगेको छ । यहाँ उपन्यासको अन्त्यसँगै पाठकका मनमा अनेक कौतुहल उत्पन्न हुन थाल्दछन्, जस्तै :

> “आज बिहानमात्र देवी माधवी यहाँबाट गएकी हुन् त ?” - गालवको प्रश्नमा शान्ति र प्रसन्नतालाई निषादीले अङ्कित गरी र उत्तरमा भनी-
>
> “हो तपोधन आर्य ! वाटधानतिर केही गव्यूतिमात्र पुगेकी होलिन् ती देवी ।”
>
> गालवका दृष्टिले सामुन्ने आकाशले पृथ्वीलाई चुम्बन गरेको क्षितिजतिर फैलिए । उसले जूहीका बिरुवाबाट फूल टिप्यो र निषादीलाई नमस्कार गदै वाटधानतिर उसका पाइला उठे । भर्खरै

> मात्र सपनामा देखेको माधवीको मन्त्र “सगच्छध्वं संवदध्वंसं - वो मनांसि जानताम्” गुनगुनाउँदै गालव वाटधानतिर हिँडिरह्यो, हिँडिरह्यो । (पूर्ववत् : ५६१) ।

यहाँ गालवले सपनामा देखेको माधवीको मन्त्र गुनगुनाउँदै वाटधानतिर हिँडिरह्यो, भन्ने प्रसङ्गले पाठकको मनमा उसले माधवीलाई भेटायो होला कि भेटाएन होला ? कतै माधवी र गालवको बाटो फरक पर्दा उनीहरूको भेट हुन पाएन कि ? अथवा उनीहरूको भेट भएको भए माधवीले गालवलाई के भनी होली ? अथवा उनीहरू त्यसरी भेटभएपछि एक-अर्कामा हर्ष विह्वल हुँदै सँगै जीवन बिताउँदै होलान् कि ? भन्ने अनेक प्रकारका कौतुहलले पाठकको मनमा कुत्कुत्याइरहन पुग्दछन् ।

यसरी *माधवी* उपन्यासमा प्रयुक्त कौतुलहको अध्ययन गर्दा उपन्यासमा प्रारम्भदेखि अन्त्यसम्मका प्रत्येक घटना वा कार्यसँगै कौतुहलको उत्पन्न हुन पुगेको देखिन्छ । त्यसैले यस उपन्यासलाई कौतुहल प्रधान उपन्यासका रूपमा लिन सकिन्छ । अथवा कुतुहलताका दृष्टिले अध्ययन गर्दा यस उपन्यासलाई कुतुहलता प्रधान उपन्यासका रूपमा लिन सकिन्छ अथवा कौतुहलका दृष्टिले अध्ययन गर्दा यस उपन्यासको कथावस्तु उत्कृष्ट रहेको छ ।

## ३.६ माधवी उपन्यासमा द्वन्द्व

द्वन्द्व भन्नाले दुई वा दुईभन्दा बढी फरक फरक विचारका बिचमा हुने सङ्घर्ष वा प्रतिस्पर्धालाई बुझिन्छ । साहित्यका विभिन्न विधाहरू मध्येको उत्कृष्ट विधा उपन्यासमा द्वन्द्वको उपस्थिति अपरिहार्य रहेको हुन्छ । यदी द्वन्द्व छैन भने उपन्यास रोचक र सुगठित बन्न सक्दैन । उपन्यासमा प्रस्तुत हुने फरक-फरक पात्रहरूका फरक-फरक विचार वा एउटै पात्रका भित्री मनमा उत्पन्न हुने फरक-फरक विचारका कारण द्वन्द्वको सृजना हुन्छ । यस्तो द्वन्द्वलाई आन्तरिक वा बाह्य गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । एउटै मान्छेको मनमा उत्पन्न हुने फरक-फरक विचारको बिचको द्वन्द्वलाई आन्तरिक द्वन्द्व भनिन्छ भने दुई वा दुईभन्दा बढी व्यक्तिका विचारका बिचमा उत्पन्न हुने द्वन्द्वलाई बाह्य

द्वन्द्व भनिन्छ । त्यसैले *माधवी* उपन्यासको कथावस्तुमा प्रयुक्त आन्तरिक र बाह्य द्वन्द्वको अध्ययन यसप्रकार गर्न सकिन्छ ।

### ३.६.१ माधवी उपन्यासमा आन्तरिक द्वन्द्व

*माधवी* उपन्यासको प्रारम्भ आचार्य विश्वामित्र र गालवको प्रसङ्गबाट भएको छ । आफ्नो प्रिय शिष्य भएका कारण विश्वामित्रले गालवलाई गुरुदक्षिणा बिना नै दीक्षा दिन लाग्दा स्वाभिमानी गालवले दक्षिणा बिना दीक्षा नलिने हठ गरेपछि विश्वमित्र क्रोधित भई चारवटा श्यामकर्ण अश्व माग गर्दछन् र गालव उक्त घोंडाको खोजीमा निस्केको प्रसङ्गबाट कथावस्तुको प्रारम्भ भएको छ । यसरी श्यामकर्ण घोंडाको खोजीमा निस्केको गालव सर्वप्रथम आफ्नो परममित्र सुपर्ण नागजेयको बासग्राम मण्डलक जनपद जाने निर्णय गर्छ र त्यतितिर प्रस्थान गर्दछ । यसरी मण्डलक जनपदतर्फ जाँदैगर्दा बाटोमा गालवका मनमा उत्पन्न हुन पुगका विचारहरूबिच द्वन्द्व हुन पुगेको छ, जस्तै :

> नागजेयले सहायता गर्लान् के ? चारवटा श्यामकर्ण घोंडा भनेको सामान्य कुरो होइन । आचार्य विश्वामित्रले दक्षिणारहित समावर्तन प्रदान गर्दा त्यसरी अभिमान गरेर गुरुदक्षिणा दिन्छु भनेर किन जोड गरेको ? अब के गर्ने ? गुरुदक्षिणा नदिएमा श्रापग्रस्त भई तिर्यग्योनिमा - दासत्वमा पुग्नुपर्नेछ । त्यसैले त सहसा काम नगर्नू, आफ्नो शक्तिलाई बुझ्नू, विवेक नत्याग्नू, अविवेकबाट ठूलो आपत्ति आइलाग्छ भन्छन् । जे होस्, लक्ष्य सिद्धिनै जीवनको प्रथम अनुशासन हो, लक्ष्यसिद्धिमा सुपर्ण नागजेयले जे-जति सहायता गर्लान्, त्यसमाथि आफैंले थप्नु पर्नेछ । (दीक्षित, २०६७ : २४) ।

यसरी गालव, आफूले विवेक त्यागेर गुरुदक्षिणा निमित्त हठ गरेको र परिणामवश चार-चारवटा श्यामकर्ण घोंडाको खोजीमा लाग्नुपर्ने कठिन कार्य आइलागेकोमा एकातिर निराश देखिन्छ भने अर्कोतिर ऊ नैराश्य विरुद्ध लक्ष्यसिद्धि नै जीवनको प्रथम अनुशासन हो, भन्दै लक्ष्य सिद्धिका लागि सुपर्ण नागजेयले जे-जति सहयोग गर्छन्, त्यो भन्दा बढी अरू सङ्घर्ष गर्नुपरे आफैले गर्नेछु, भन्ने शाहस बटुलेर अगाडि बढ्न पनि चाहन्छ ।

यहाँनेर गालवको मनमा उत्पन्न हुन पुगेका दुई फरक-फरक विचार नै उसको मनमा उत्पन्न भएको आन्तरिक द्वन्द्वका रूपमा देखा परेको छ ।

त्यसैगरी मनमा अनेक चिन्तन गर्दै गालव सुपर्ण नागजेयकहाँ पुग्दछ । त्यस रात्री नागजेयको घरमा शयन गर्दा सुपर्ण नागजेयकी जाया जवा अतिथि सपर्याको रूपमा गालवको शय्यामा उपस्थित हुन्छे । कौशिक कुलीन आश्रममा रहँदा नारी स्पर्शको अनुभव गर्न नपाएको गालव सुन्दरी जवालाई आफ्नै ओछ्यानमा पाउँदा उत्तेजित हुन पुग्दछ । तर उसले आफ्नो कार्यसिद्धि नगरुन्जेल नारी समागम गर्नु पाप हो भन्ने सम्झिन्छ । यतिखेर गालवको मनमा विभिन्न विचारहरू आएका छन्, जस्तै :

> त्यो अँध्यारोमा जवाको वक्षस्पर्शले गालवलाई आतङ्कित तुल्यायो । नारी शरीरसित त्यस्तो सम्पर्कको अनुभव उसलाई पहिले कहिल्यै भएको थिएन । दिउँसो निदाएको समयमा देखेको विकृतिपूर्ण सपनालाई उसले सम्झियो र जवाको अँगालोलाई सार्दै उसले सपनामा आफूबाट भएको स्पप्न पापबारे डराई-डराई जवासित कुरा गऱ्यो । गालवका ती कुरा सुनेर जवालाई रमाइलो लाग्यो र गालवलाई ग्रहण गर्न थाली । गालवको शरीर तात्न थाल्यो, सास छोटा भए । तैपनि आफूमा नियन्त्रण राख्न खोज्दै उसले कुरालाई अन्यत्र फर्काएर सोध्यो -
>
> "जवा ! पोहोर तिमीलाई पुत्र भयो, कहाँ छ त्यो ? कि नागजेय निम्ति वंशधर रहेन त्यो ?"
>
> "किन, मुनिकुमार ? आयुष्मान् रहोस्, वंशबर्द्धक बनोस् मेरो सुकुमार कपिञ्जल । पुत्रिका-पुत्रका रूपमा वंश चलाउन मेरा पिताले त्यसलाई सुपर्णबाट ग्रहण गरे - मेरो हरणपछि नागजेयले पिता जीवकलाई त्यही पुत्र शुल्क दिने वचन दिनुपरेको थियो ।"
>
> "त्यसो भए नागजेय निम्ति तिमिले अझै दुई पुत्र प्राप्त गर्न बाँकी नै छ ?"

"सत्य भन्यौ गालव ! तर अब त सुतौं .... अँ .... आज मलाई गर्भधारण नगराए नि ! रेतस् खिच्ने मन्त्र र विधिको ज्ञान त छ तिमीलाई ? म नागजेयकै रेतस्बाट पुत्रदान गर्छु, अन्यबाट होइन ।" गालवलाई सुम्सुम्याउँदै जवाले सुस्तरी भनी ।

जवाका हातलाई पर सार्दै गालवले सङ्कोच मान्दै भन्यो - "जवा ! मैले कसरी गर्भधारण गराउने ? म अझै ब्रह्मचर्यमा छु । पहिले मैले आचार्य ऋणबाट मोक्ष पाउनुपर्छ अनिमात्र नारी साहचर्यको धर्म प्राप्त हुनेछ मलाई । मेरो यो तपमा मलाई सहायता गर तिमी" (पूर्ववत् : ३६) ।

यहाँ उल्लेखित गालव र जवा बिचको संवादका माध्यमबाट गालवको मनमा एकातिर गुरु ऋणबाट मुक्त नभई नारी साहचर्यको धर्म प्राप्त नहुने भएकाले जवासँगको समागम उचित होइन भन्ने विचार देखापरेको छ भने अर्को तिर नैसर्गिक यौनेच्छालाई पूरा गर्ने इच्छा पनि भएको कुरा स्पष्ट हुन आउँछ । त्यसैले यहाँ गालवको मनमा यी दुई विचारका बिचमा द्वन्द्व उत्पन्न हुन पुगेको देखिन्छ । यसरी गालवको मनमा उत्पन्न भएको द्वन्द्व नै माधवी उपन्यासमा प्रयुक्त आन्तरिक द्वन्द्व हो ।

त्यसैगरी अहिच्छत्र सभाको सल्लाह बमोजिम सम्राट ययातिले आफ्नी पुत्री माधवीलाई गालवको भिक्षापात्रमा दान गरी श्यामकर्ण घोंडा प्राप्तिको लागि गालवको सहायतार्थ पठाउने निधो भईसकेपछि र माधवी पनि उक्त कुरामा सहमत भइसकेपछि उक्त विषयमा नै पिता ययाति र दाजु पुरुसँग माधवीको कुराकानी हुँदै गर्दा माधवीको अन्तरमनमा रहेको द्वन्द्व प्रकट हुन पुगेको छ, जस्तै :

माधवीका आँखामा आशाका क्षीण रेखा प्रकट भए । उसले भनी "सत्य भन्यौ पुरु ! तिमीले जीवनलाई सबै अवस्थामा भोगेका छौ । अघि वार्ता चल्दा गालवले मलाई बल दिने चेष्टा पनि पर्याप्त गरेका हुन् । हलिमकले अब मलाई भोग गर्न पाउने छैनन् र मैले शिशुबलि दिनुपर्ने छैन । म प्रसन्न छु, तथापि राजन् ! केशशुल्का रहेर

> राजन्यहरूका प्रासाद, हर्म्य, विमान वा सर्वतोभद्र चन्द्रशालामा श्रृङ्गार गरेर ती राजन्य निम्ति म प्रसन्न मन रहँदा पनि त मैले मुनिकुमारकै सेवा गरिरहेकी हुनेछु । मेरो त्यो सेवा र त्यसबेलाको मेरो हृदयलाई गालवले बुझ्लान् ? अहिले त गालवमा म त्यो शक्ति देख्दिनँ । मलाई अहिले के थाहा पिता ! ती तपोधनसित जीवनको कति लामो साहचर्य हुनेछ अब मेरो । केशशुल्का भएर अरूको शयनकक्षमा म रहेकी देखेपछि गालवले कुन शब्दद्वारा मेरो पीडित हृदयलाई शान्त पार्लान पिता ? म उत्कण्ठित छु, मेरो आउँदो जीवनबारे भोली चर्चा गर्नेहरूले कुन शब्दमा वर्णन गर्लान् ? .... (दीक्षित, २०६७ : ११४-११५) ।

उपर्युल्लिखित अनुच्छेदमा माधवीको मनमा एकातिर आफ्नो इच्छा विपरीत नियुक्त गरिएको वारुणि महामाया गणिकाको पदबाट मुक्त भई हलिमकसँगको यौनक्रिया र बरुणलाई शिशुबली दिनुपर्ने कार्यबाट मुक्त हुन पाउने कुराले प्रसन्नता छाएको देखिन्छ भने अर्कोतिर केशशुल्का बनेर अनेक राजन्यहरूका इच्छा पुरा गर्दै हिड्नुपर्ने कुराले उसको मनमा क्लेश उत्पन्न हुन पुगेको छ । यसप्रकार माधवीको मनमा उत्पन्न हुन पुगेका यी फरक फरक विचारका बिचमा हुन पुगेको द्वन्द्व नै माधवी उपन्यासमा प्रयुक्त अर्को एउटा आन्तरिक द्वन्द्व हो ।

त्यसै गरी श्यामकर्ण घोंडा प्राप्तिको लागि अहिच्छत्रबाट माधवीलाई साथमा लिएर हिँडेको गालव कोशल नरेश हर्यश्वका राजप्रासादमा पुग्दछ । त्यहाँ हर्यश्वले माधवीबाट एकपुत्र प्राप्त गरी एउटा श्यामकर्ण घोंडा प्रदान गर्ने सर्तमा गालवले माधवीको पाणिग्रहण हर्यश्वसँग गरिदिन्छ । यसरी आफूले मन पराएकी कन्या अर्काको लागि सुम्पिनु पर्दा गालवको मनमा द्वन्द्व उत्पन्न हुन पुगेको छ, जस्तै :

> गालवको शिर माधवीतिर फर्कियो । उसका आँखा बर्सिनै आँटेका काला मेघजस्ता थिए । मुहारमा दैन्य प्रष्ट थियो । माधवी र उसका बिच अलङ्घ्य व्यवधान खडा भएको छ र त्यो व्यवधान उसका

निम्ति असह्य भइरहेको छ, भन्ने कुरा उसको मुख हेर्नासाथ छर्लङ्ग भइरहेको थियो । तैपनि केही बोलेन गालवले । उसको मनस्थितिलाई बुभ्न्नु माधवी निम्ति कठिन भएन । फेरि पनि माधवीले नै भनी - "हुन्छ त गालव ! म यहीँ छु, श्यामकर्ण त्यहीँ छ, रात्रिको समय छ, लौत मलाई हरण गर तिमी र हामी दुवै त्यो श्यामकर्णमा बसेर जाऔं यहाँबाट अहिले नै । यहाँ सबै मदिरापानमा लागेका छन्, रात्रिको यो प्रहर बित्नुभन्दा पहिले हामी कोशल जनपदबाट बाहिर पुगेर सुरक्षित हुनेछौं । लौ जाऔं यहाँबाट, हिँड मुनिकुमार ! तिम्रो यो वेदना र कारुणिक अवस्थालाई म सहन सक्तिनँ ।" - माधवीका प्रत्येक शब्द स्नेहसिक्त थिए ।

माधवीका ती शब्दले गालवमा विस्मय, प्रसन्ता र संयमका भाव एकैसाथ उत्पन्न गराए । उसमा सन्तोषको उदय भयो । आफूमाथि उसले नियन्त्रण गऱ्यो र भन्यो "देवी माधवी ! मैले आफ्नो नैराग्यवश त्यसो गरेँ भने मेरो तपोभङ्ग हुने निश्चित छ । जुन मार्ग त्याज्य छ त्यहाँ मलाई प्रोत्साहन नगर देवी ! तिमी नै आफैं त्यो मार्गमा विश्वास गर्दिनौ ।" - माधवीलाई उत्तर दिँदा गालव विस्तारै एक - एक शब्दबारे विचार गर्दै बोलिरहेको थियो । माधवीको प्रस्ताव र आफ्नो उत्तरको मर्मलाई उसले राम्ररी बुझ्यो भन्ने अनुभव भयो माधवीलाई र उसले यसपाली दुःखित भएर भनी - "त्यसो भए कोशल सभामा नै उपस्थिति रहेकी र यो सग्धिसपीतिमा तिमीले किन यसरी आज मलाई पराभावमा पाऱ्यौं ? किन आफूमा यस्तो दौर्बल्यलाई प्रश्रय दियौ ?"

"मैले आफ्नो हृदयलाई रोक्न सकिन राजपुत्री ! म दुःखी भएँ । मैले आफैं आज त्यसरी तिमीलाई अर्पित गर्नुपऱ्यो । त्यसैले मेरा यी नेत्रपनि अधीर भए, जसले गर्दा सग्धिमा अदृश्य रहन म यता आएको

> हुँ । तिम्रो सम्मान गर्छु म देवी ! कसैले तिम्रो अपमान गऱ्यो भने म सहने छैन भने म नै किन त्यसो गर्थे ? (पूर्ववत् : १६६) ।

उपर्युल्लिखित अनुच्छेदमा वर्णन गरिएको गालवको अवस्था र त्यसपछि माधवी र गालवका बिचको कुराकानीलाई अध्ययन गर्दा गालवको मनमा एकातिर आफ्नो अन्तर हृदयमा सजिएकी वा आफूले मन पराएकी कन्या माधवीलाई आफ्नै हातले हर्यश्वको हातमा सुम्पिनु पर्द क्लेश उत्पन्न हुन पुगेको देखिन्छ भने अर्कोतिर माधवीले गालवको अवस्थालाई बुझेर आफू र श्यामकर्ण घोंडा समेत हरण गरेर लैजाने सल्लाह दिँदा फेरि उल्टै नैरश्यवश त्यसो गर्न नहुने भन्दै यदी नैराश्यवश त्यस्तो कार्य गरेमा तपोभङ्ग हुन गई लक्ष्य सिद्धिमा बाधा उत्पन्न हुने कुरा गर्दछ । यस प्रकार गालवका मनमा आएका यी दुई विरोधी विचारका बिचमा द्वन्द्व उत्पन्न हुन पुगेको छ, जुन माधवी उपन्यासमा प्रयुक्त अर्को एउटा आन्तरिक द्वन्द्व पनि हो ।

त्यसैगरी विश्वामित्रको आश्रम चम्पामा पुगेर चौंथो श्यामकर्ण अश्वको सट्टा पुत्र अष्टकको जन्म दिएपछि गालवको गुरु ऋणबाट मुक्ति पाएका गालव र माधवी प्रतिष्ठानपुर तर्फ जाँदै गर्दा शोणभद्र नदीको किनारमा विश्राम गर्दै कुराकानी गरिरहेको समयमा गालवले माधवीसित चुम्बनको याचना गर्दछ तर माधवीले अस्विकार गर्न पुग्छे । उक्त घटनाले आफूलाई निकै तुच्छ ठानेको गालव माधवीको सन्ध्या स्नानको समयमा त्यहाँबाट पर रहेका धीवरहरूतर्फ पाइला चाल्दछ र राती अबेरसम्म पनि त्यहाँ उपस्थित हुँदैन । यसरी रातको समयमा एकाएक गालवको अनुपस्थितिका कारण माधवीको मनमा उत्पन्न हुन पुगेका विभिन्न विचारहरू पनि माधवीको अन्तरमनमा उत्पन्न द्वन्द्वका रूपमा देखा परेका छन्, जस्तै :

> अन्यन्तै सौम्य र सरल तवरमा माधवीले गालवको त्यो प्रयासलाई निवारण गरेकी थिई तापनि गालवले आफूमाथि पहाडै खसे जस्तो अनुभव गऱ्यो । माधवी सामु उसले आफूलाई साह्रै तुच्छ र श्री विहिन ठान्यो । उसको शरीर थरथर काम्न थाल्यो । उसको दृष्टिसाम नै विस्तारै सूर्यास्त भयो तैपनि उसका नेत्र क्षितिजमै अडिरहे । उसको

काखमा माधवी चलमलाई । उसको सम्पूर्ण मानसिक अवस्थालाई ऊ बुझिरहेकी थिई । त्यसबेला जड जस्तो अवस्थामा गालव पुगेको थियो । उसले थाहा पाउनुभन्दा पहिले नै उसको काखबाट माधवी उठी र शोण किनारमा गएर सन्ध्या गर्न थाली । केही बेरपछि गालव पनि उठ्यो र केही नबोली पर धीवरहरू भएका ठाउँतिर अत्यन्तै गह्रौ पाइला चाल्दै जानथाल्यो । केही पाइला गएपछि उसले फर्किएर माधवीतिर हेर्‍यो र माधवीको नेत्र द्रवित भएजस्तो, च्यूँडो कामिरहे जस्तो लाग्यो उसलाई । गालवमा भ्रम र त्रासका साथै हीनभाव झन् व्याप्त भयो । आफ्नो ठाउँबाट उठेर जान लागेको गालवलाई आँखाको एउटा कुनाले माधवी हेरिरहेकी थिई । गालव परपर हुँदै गयो । रात पर्‍यो, गालव फर्किएन । माधवीले भोजन बनाई तैपनि गालव आएन । माधवी त्यही दु:खित हुँदै निदाई र मध्यारतमा ब्यूँझिदा त्यहाँ कतै पनि उसले गालवलाई देखिन । गालवले परित्याग गर्‍यो कि, मलाई असहाय यसरी छोडेर गयो कि ? भन्ने शङ्का लाग्यो उसलाई । गालवले पहिलो पटक चुम्बनकै त प्रार्थना गरेको थियो, मैले किन त्यसरी निवारण गरेँ भन्ने पश्चाताप पनि भयो उसलाई । अनि फेरि विचार गर्न थाली र आफूले गालवको चुम्बनलाई स्वीकार गरेकी भए सबै कुरा कहाँ पुग्ने थिए, भन्ने प्रश्न उसको मनमा उठ्यो । 'जे भएपनि म अहिच्छत्रकी गणिका महामाया थिएँ । मैले ऋतको पालना गर्नैपर्छ, पिता ययातिका कार्य पूरा गरेँ । म कन्या नै हुँ, गालवले मेरो पाणिग्रहण गरेका छैनन् ।' - भन्ने कुराहरू उसका मनमा उठे । (पूर्ववत् : ४९१-४९२) ।

उपर्युल्लिखित अनुच्छेदको अध्ययन गर्दा गालवको अनुपस्थितिका कारण माधवीका मनमा एकातिर गालवले चुम्बनको माग गर्दा आफूले अस्वीकार गरेकोमा पश्चाताप उत्पन्न भएको छ भने अर्कोतिर आफू अहिच्छत्रकी गणिका महामाया भएकाले ऋतको पालना गर्नुपर्ने हुँदा गालवले आफ्नो पाणिग्रहण नगरी कसरी गालवको अनुरोधलाई

स्वीकार गर्नु ? भन्ने विचार उत्पन्न हुन पुगेको छ । यसरी माधवीको मनमा देखा परेका दुई फरक फरक विचारहरू नै माधवीका अन्तरमनमा उत्पन्न भएको द्वन्द्व हो र माधवी उपन्यासमा प्रयुक्त आन्तरिक द्वन्द्व पनि हो ।

त्यसैगरी प्रतिष्ठानपुरमा सम्राट ययातिले माधवीको पाणिग्रहण गालवसँग गरिदिने निर्णय गरेपछि गालवका मनमा आफ्नै हातले आचार्य पादमा अर्पण गरेकी माधवीलाई पुनः आफूले ग्रहण गर्नु उचित हुन्छ कि हुँदैन भन्ने कुरामा संसय उत्पन्न भएको छ । उक्त कुरालाई गालवले नागजेयसँग यसरी प्रकट गरेको छ, जस्तै :

> मित्रवर्य नागजेय ! चम्पामा प्रमतकले गर्भाधान गरेतापनि मेरा निम्ति त माधवी आचार्य जाया नै हुन् । अष्टक मेरा गुरु भाई भए । उनकी मातालाई स्वयंवरमा मैले ग्रहण गर्नु गोत्र अपराध हुन जाँदैन र ? म मा हठात् यही गम्भीर संसय उपस्थिति भएको हो । (पूर्ववत् : ५१२) ।

उपर्युल्लिखित उपन्यासका पंक्तिहरूको अध्ययन गर्दा गालवसँग माधवीको बिहे गरिदिने निर्णय गरी स्वयम्वरको दिन निर्धारण गरेपछि गालवको मनमा आफ्नै हातले गुरुको जायाकी रूपमा अर्पण गरेकी माधवीलाई पुनः आफूले ग्रहण गर्नु उचित हुन्छ कि हुँदैन, भन्ने कुराको द्वन्द्व उत्पन्न हुन पुगेको देखिन्छ । यसका साथै यसै द्वन्द्वलाई निवारण गर्नका लागि पनि गालव नागजेयको खोजीमा गएको समेत अनुमान यस प्रसङ्गबाट गर्न सकिन्छ । त्यसैले गालवको अन्तर मनमा उत्पन्न हुन पुगेको यस प्रकारको द्वन्द्व *माधवी* उपन्यासको पनि आन्तरिक द्वन्द्व हो ।

यसरी माथि उल्लेख गरिएका विभिन्न द्वन्द्वहरू उपन्यासका प्रमुख पात्र माधवी र गालवका अन्तरमनमा उत्पन्न हुन पुगेका द्वन्द्वहरू हुन् । उक्त द्वन्द्वहरू उपन्यासमा प्रयुक्त कथावस्तुमा जेलिएका घटनाहरू घटित हुँदा सृजना हुन पुगेका अनेक अवस्थाका कारण उत्पन्न हुन पुगेका देखिन्छन् ।

### ३.६.२ माधवी उपन्यासमा बाह्य द्वन्द्व

उपन्यासमा प्रयोग हुने बाह्य द्वन्द्वहरू विभिन्न प्रकारका हुन्छन् । जस्तै : पात्र-पात्र बिचको द्वन्द्व, पात्र र नियति/परिस्थिति बिचको द्वन्द्व एवम् समाज-समाज बिचको द्वन्द्व आदि । त्यसैले माधवी उपन्यासमा उपर्युल्लिखित बाह्य द्वन्द्वको प्रयोग के-कसरी हुन पुगेको छ भनी यसप्रकार विश्लेषण गरिएको छ ।

#### ३.६.२.१ माधवी उपन्यासमा पात्र-पात्र बिचको द्वन्द्व

**(क) विश्वामित्र र वशिष्ठ बिचको द्वन्द्व**

*माधवी* उपन्यासको मुख्य कथावस्तु महाभारत उद्योगपर्वको १०६ देखि १२३ औं अध्यायसम्म वर्णन गरिएको विषयका आधारमा निर्माण गरिएको छ । त्यसैले महाभारतमा विश्वामित्र र वशिष्ठका बिचमा देखापरेका द्वन्द्वलाई यस उपन्यासमा परोक्ष रूपमा थोरै मात्र सङ्केत गरिएको छ, जस्तै :

> ययातिको आह्वानमा नागजेय अघि सऱ्यो र मधुर कण्ठस्वरले गीतिमय शब्दमा विश्वामित्र र वशिष्ठ बिचको विवाद, विश्वामित्रको वशिष्ठद्वारा अपमान, विश्वामित्रद्वारा वशिष्ठविरुद्ध उग्र तप र तपः कालमा गालवद्वारा ठूलो गुरु सेवा, विश्वामित्रसित वशिष्ठद्वारा क्षमायाचना, प्रसन्न विश्वामित्रद्वारा गालवको समावर्तन, गालवद्वारा गुरुदक्षिणा दिने हठ र अन्त्यमा विश्वामित्रद्वारा चारओटा श्यामकर्ण घोंडाको गुरुदक्षिणा माग इत्यादिको इतिहास सुनाएपछि "सम्राट, असुरराज महावली दानवीर ययाति ! तिमीसित चारओटा श्यामकर्ण घोडा छन् भने याचक गालवलाई दान गर र गुरुदक्षिणा दिई आफ्नो वचन पूरा गर्न गालवलाई सहायता गर । यही भिक्षा माग्न हामी अहिच्छत्रमा उपस्थिति भएका हौँ" –भन्यो । (दीक्षित : २०६७ : ६९) ।

उपर्युल्लिखित अनुच्छेदमा अहिच्छत्र सम्राट ययातिको राजप्रासादमा चारओटा श्यामकर्ण घोंडा भिक्षा स्वरूप याचना गर्न पुगेका गालव र नागजेयले उक्त घोंडा

आवश्यक पर्नाको कारण बताउँदा कथानकको मुख्य बीज वशिष्ठ र विश्वामित्र बिचको द्वन्द्व भएकाले यी दुई पात्र बिचको द्वन्द्वलाई उपन्यासमा प्रयुक्त बाह्य द्वन्द्वको रूपमा लिन सकिन्छ ।

### (ख) अद्रिका र पुष्पिका बिचको द्वन्द्व

*माधवी* उपन्यासमा अहिच्छत्र महाश्रेष्ठिन् रोहिताश्वका दुई श्रीमति अद्रिका र पुष्पिका बिच पनि द्वन्द्व देखापरेको छ, जस्तै :

> मुनिकुमार ! यो रहस्य हो । मेरी भार्या अद्रिका मेरी प्रिय दारा यक्षी पुष्पिकाको मृत्यु चाहन्छिन् - अद्रिकामा उग्र सपत्नीइर्ष्या छ । नगर महाप्रोहित हलिमक मेरो अपकर्ष चाहन्छन्, हलिमक र अद्रिकामा मित्रता बढेको छ । मेरा चरहरूले बताएअनुसार हलिमकले अन्तेवासिन् - सुरोमालाई, त्यो सुरोमा आजको पुष्प पञ्चकमा अद्रिका छेउ बसेर उत्तरीयभित्र खदिरमाल्यमा मन्त्रजप गरिरहेको थियो - पुष्पिका विरुद्ध अभिचारिकमा लगाएका छन् । आज अद्रिकालाई ऋतुदर्शन भएकाले त्यो आभिचारिक आजै हुनेछ, भन्ने मेरो निश्चित मत छ । त्यसैले सुरोमाले उत्पन्न गर्ने कृत्यालाई तिमी आफ्ना आहुतिहरूले यहाँ निष्फल र निस्तेज पार । अघिं तिमीहरू आउनुभन्दा पहिले मैले सिनीवाली निम्ति योनिचक्रमा आफ्नो रेतस्को बलि दिइसकेको छु । अब तिमी आफ्ना मन्त्रद्वारा पुष्पिकाको रक्षा गर । म तिमीलाई सुवर्ण, वासस् तथा दास दासिको ठूलो दान गर्नेछु । (पूर्ववत् : ८३-८४) ।

उपर्युल्लिखित रोहिताश्वको भनाइले रोहिताश्वकी जेठी भार्या अद्रिकामा कान्छि भार्या पुष्पिकासँग उग्र सपत्नीइर्ष्या रहेको र उसले पुष्पिकाको मृत्यु नै चाहेको कुरा पुष्टि हुन्छ । त्यसैले अद्रिकाले पुष्पिका विरुद्ध सुरोमालाई लगाएर आभिचारिक योनितन्त्र गराएकी छे भने उसको त्यस योनितन्त्रलाई निस्तेज पार्न फेरि रोहिताश्वले गालवलाई जिम्मा लगाएको पनि देखिन्छ । तसर्थ यहाँ अद्रिका र पुष्पिका बिचको सपत्नि ईर्ष्या

उनीहरूबिचको द्वन्द्व हो भने यसका साथै अद्रिकालाई अभिचारिक योनितन्त्र कार्यमा गोप्य रूपले सहयोग गर्ने हलिमक र पुष्पिका विरुद्धको त्यस अभिचारिक योनि तन्त्रलाई निस्तेज पार्न लागिपरेको रोहिताश्वका बिचमा पनि द्वन्द्व देखा परेको छ ।

### (ग) रोहिताश्व र हलिमकका बिचको द्वन्द्व

चारवटा श्यामकर्ण घोंडा भिक्षास्वरूप याचना गरेको गालवलाई भिक्षा दिनका लागि अहिच्छत्रमा श्यामकर्ण घोंडा नै नभएको र त्यस्ता घोंडा किन्नका लागि पर्याप्त हुने धन पनि राजा ययातिसँग नभएको हुँदा सम्राट ययातिले उचित निर्णय निकाल्नका लागि अहिच्छत्र सभालाई आदेश दिन्छन् । अहिच्छत्र सभामा उपस्थित सबैले आ-आफ्ना विचार प्रकट गर्दै जान्छन् तर कसैबाट पनि चित्त बुझ्दो विचार नआएपछि अहिच्छत्र महाश्रेष्ठिन् रोहिताश्वले अन्त्यमा सुवाहुद्वारा चारवटा चक्रवर्ती पुत्रकी माता हुने भविष्यवाणी गरेकी ययाति पुत्री माधवीलाई नै गालवको भिक्षापात्रमा दान गरी पठाउने एउटा उपाय रहेको बताउँछन् तर उक्त कुरामा हलिमकले विरोध प्रकट गर्दछ । यहाँनेर रोहिताश्व र हलिमकका बिचमा द्वन्द्व उत्पन्न भएको देखिन्छ, जस्तै :

> अहिच्छत्रका सभ्य हो ! सम्राट ययाति ! सम्राट पुत्रप्रसु हुने माधवीको त्यो समय अब उपस्थिति भएको छ । महामायाको दान गर मुनिकुमारलाई र मुनिकुमारले कन्या माधवीद्वारा चारओटा श्यामकर्ण प्राप्त गरी आचार्य ऋणबाट मोक्ष पाउन । असुरराजका सामु उपस्थित धर्मको यो प्रश्नबारे यो बाहेक अर्को मार्ग छैन । पुत्री माधवीलाई अहिले दान गऱ्यौ भने तिनको वारुणी महामाया शक्ति समेतले मुनिकुमारलाई सहायता गर्नेछन् । अहिच्छत्र सभाले अर्की कन्यालाई महामायामा भोली नै वरण गरोस् । माधवीको दान तिमी आजै गर, अहिच्छत्रपुत्री माधवीलाई आदिमाता अदितिले यही कार्य सम्पादन गरी असुर प्रतिष्ठा र धर्मको पुनः स्थापना निम्ति अनावरित गराएकी पनि हुन् कि ?" - रोहिताश्वले भन्यो । (दीक्षित, २०६७ : १०२) ।

> राजन्य ! तिम्री पुत्रीलाई प्रथम रजोदर्शन भएको समयमा मैले धनधान्य र अन्य प्रस्रविणी देवी महालक्ष्मीको निर्माल्य गणिकामा अर्पित गर्न भनेको थिएँ तर त्यस बेला तिमीले मानेनौ । पोहोर अहिच्छत्रकी महामायामा वरण गरिकएकी यी महामायालाई अहिले तिम्रा सबन्धु रोहिताश्व केशशुल्कामा परिणत गर्ने परामर्श दिँदैछन् । मेरो आग्रह छ, त्यो परामर्शलाई यो विदत्ले परित्याग गरोस्, तिमी पनि रोहिताश्वको निन्दा गर, भन्ने मेरो अनुरोध छ र पहुनाहरूको सन्तुष्टिनिम्ति गोदान गरेर निवृत्त होऊ राजन्य ! महामाया वारुणी गणिका हुन्, यिनी अहिच्छत्रमा नै यो वत्सरभरि रहनेछिन् (दीक्षित, २०६७ : १०३-१०४) ।

माथि उल्लेख गरिएका दुई अनुच्छेदमध्ये पहिलो अनुच्छेदमा रोहिताश्वको विचार र दोस्रो अनुच्छेदमा हलिमकको विचार व्यक्त भएका छन् । पहिलो अनुच्छेदमा अहिच्छत्रका महाश्रेष्ठिन् रोहिताश्वले सम्राट ययाति सामु उपस्थित भएको समस्यालाई निराकरण गर्नका लागि सम्भाव्य मार्गदर्शन गराएको छ भने दोस्रो अनुच्छेदमा हलिमकले रोहिताश्वको निन्दा गरी उसको परामर्शलाई त्याग गरेर पाहुनालाई गोदान गरी सन्तुष्ट हुन समेत अनुरोध गरेको छ । त्यसैले, यहाँ रोहिताश्व र हलिमकका विचार एक अर्कामा अत्यन्तै विपरीत भएर देखा परेको हुनाले उपर्युल्लिखित अनुच्छेदहरूको माध्यमबाट रोहिताश्व र हलिमकका बिचको द्वन्द्व प्रकट हुन पुगेको छ । यसप्रकारको रोहिताश्व र हलिमकका बिचमा उत्पन्न द्वन्द्व *माधवी* उपन्यासमा प्रयुक्त अर्को एउटा महत्त्वपूर्ण द्वन्द्व पनि हो ।

### (घ) गालव र प्रयुत बिचको द्वन्द्व

गालव र माधवी श्यामकर्ण घोंडा प्राप्तिका लागि कोशलराज हर्यश्व कहाँ एउटा पुत्र वसुमनाको जन्म दिई त्यहाँबाट एउटा श्यामकर्ण प्राप्त गरी काशी नगरमा पुग्छन् । त्यहाँ पनि अयोध्यामा जस्तै एक पुत्र बराबर एक श्यामकर्णको सर्तमा माधवीको पाणिग्रहण काशी नरेश दिवोदास सँग गालले गरिदियो र पुत्र प्राप्तिको प्रतिक्षामा रहँदै

थिए । काशीमा दिवोदासले यज्ञहरू सम्पन्न गरिरहने हुँदा त्यहाँ बसुन्जेलको लागि गालवलाई उपाध्यायमा वरण गरेका थिए । यसै क्रममा यज्ञ चलिरहेको समयमा यज्ञका प्रमुख आसनमा बसाइएको प्रयुतले नै निद्रा अँगाल्न पुगेका कारण गालवले यज्ञका विधि, शुद्धि आदि बारेमा स्मरण गराउँदै उसको केही अनादर गर्न पुग्दछ । यही कुरालाई ईख बनाएको प्रयुतले गालवलसँग वाकोवाक् युद्धको घोषणा गर्दछ । यसरी प्रयुतद्वारा घोषित वाकोवाक् युद्धको दिनमा सभास्थलमा उपस्थित भइसकेपछि एकले अर्कालाई लक्ष्य गरी व्यक्त गरिएका कठोर वाणिहरू नै उनीहरूको बिचको द्वन्द्वका रूपमा देखा परेका छन्, जस्तै :

> दिन बित्दै गए । अन्त्यमा त्यो एकादशि पनि आइपुग्यो । गालव प्रयुत शास्त्रार्थनिम्ति यज्ञशालाको प्राग्वेश टम्म भरिएको थियो । दिवोदासको मलयचन्दन कुर्चा त्यहीँ ल्याइएको थियो । उसका दुवैतिर माधवी र उसका चारै पत्नीहरू बसेका थिए । अमात्यहरूका आफ्ना आसन र स्थान निश्चित थिए । सभामण्डपको मध्यमा गालव र प्रयुतनिम्ति विशिष्ट शोभाका केही अग्ला पीठिकाहरू राखिएका थिए । एउटामा गालव बसेको थियो । अर्को रित्तो थियो । गालवले चारैतिर हेऱ्यौ र सभालाई सम्बोधन गऱ्यो - "राजन् ! आचार्य प्रयुतले नै मलाई यहाँ आह्वान गरेका हुन् । उनको आसन अझै रित्तो छ यहाँ । आचार्यले यहाँ पदार्पण गरुन् र आफ्ना वाक्य मेरा निम्ति यहाँ उपस्थित गरुन् । पराजित पक्षलाई पानीमा डुबाएर प्राणहरण गर्ने गरेका छन् प्रयुतले तर आज मेरासामु उनको स्वर समाप्त हुनेछ । आचार्य यहाँ आउन् । वाकोवाक् शीघ्र शुरु गराऊ राजन ! अन्यथा अर्को पक्षले पहिले नै पराजय स्वीकार गरेर जीवनदान मागून् राजन् तिमीबाट ।"
>
> गालवका ती शिष्ट र उत्तिकै कठोर शब्दले दिवोदास, माधवी र उपस्थित सबैको ध्यान तान्यो - सबैका दृष्टि गालवमा अडिए । त्यसबेला अमात्यपरिषद्का आसनहरू पछिको आसनबाट प्रयुत उठ्यो

> र गर्जना गऱ्यो - "मलाई सुतेको सिंहसमान ठानेर नब्यूँझाउ मलाई । लप्लप् गर्दै आफ्नै जिभ्रो चाट्दो सर्पसमान ठान मलाई । तिमीले मेरो टाउकोमा प्रहार गर्दै कुल्चिएका छौ, अब मेरो सर्पदंशलाई नभोगी छुट्कारा पाउनेछैनौ भन्ने राम्रारी बुझ ।" - भन्दै नाकले फूँ - फूँ गर्दै आँखा, गाला तथा च्यूँडालाई रातापारेर कमाउँदै प्रयुत आएर आफ्नो निम्ति त्यहाँ राखेको आसनमा बस्यो र दृष्टिले नै गाललाई निलुँला जस्तो गर्न थाल्यो । (पूर्ववत्: २९७) ।

यसप्रकार माथिका अनुच्छेदमा गालवद्वारा व्यक्त गरिएका शिष्ट तर कठोर वाणिहरूमा आचार्य प्रयुत आफैले गल्ति गरेको र उक्त गल्तिलाई औंल्याइदिँदा आफ्नो अनादर गरेको ठानेर अभिमान वश गालवसँग वाकोवाक् युद्ध गरी पराजित गराएर जल समाधि गराउने प्रयुतको लक्ष्य प्रति रुष्टता देखा परेको छ भने गालवका उक्त वचनवाणहरूले रङ्मडिन पुगेको प्रयुतद्वारा आफूलाई विषालु सर्पजस्तो भयङ्कर सावित गरेर वाकोवाक्मा गालवलाई पराजित गरी जलसमाधि गराउने निश्चित भएको कुरा व्यक्त हुन पुगेको छ । यसरी गालव र प्रयुतका बिचमा देखापरेको एकले अर्कोलाई वाकोवाक् युद्धमा पराजित गराउने र आफू श्रेष्ठ बन्ने विचार यिनीहरूका बिचमा उत्पन्न द्वन्द्वका रूपमा देखा परेको छ ।

### (ङ) कोशलराज हर्यश्व र उसले सङ्ग्रह गरेका दासहरू बिचको द्वन्द्व

अयोध्यामा हर्यश्वद्वारा ऋतुदान गरिएकी माधवीबाट पुत्र प्राप्त हुने दिनको प्रतिक्षामा बस्दै गरेको गालव एकदिन हर्यश्वको साथमा उसको दासशालामा पुग्दछ । त्यहाँ हर्यश्वको उपस्थिति हुँदा हर्यश्वका विरोधमा दासहरूबाट व्यक्त गरिएका शब्दहरू र उनीहरूले जप्न थालेको *ॐ अमोहमास्मि* मन्त्रले राजन्य हर्यश्व र दासहरू बिचको द्वन्द्व प्रकट गरेका छन्, जस्तै :

> आर्य श्रेष्ठ ! यी सबै उग्रकर्मा भएकाले यहाँ श्रृङ्खलाबद्ध छन् । यिनलाई यहाँ अल्छि बस्न दिइँदैन .... ए पिशाचहरू हो ! यी अल्छिहरूलाई कशाघात गर । हेरन, कुरा सुनिरहेका पशुहरू । राजन्यलाई

वन्दनासम्म गरेनन् यिनले । आज यिनको आहारा दिइनेछैन ।" - पुलहले चिच्यायो र हर्यश्वको गोडामा ढोग्यो । उता दासहरू माथि कसा बर्सिए । विकराल कोलाहल फेरि शुरु भयो । त्यो क्रोधी चित्कार र करुण क्रन्दनबिच एउटा धीर-गम्भीर स्वर सुनियो - "ॐ अमोहमास्मि ! पिशाच पुलह ! कति नै आहारा दिने गरेको छस् र आज दिन्न भन्छस् तँ ! तेरा आहाराले यो शरीर जीवित रहेको होइन .....।"

दासशालाको त्यो विकराल नर्कमा पनि एउटा अज्ञात दासको मुखबाट 'अमोहमस्मि' को मन्त्र निस्किएको सुनेर हर्यश्व स्तम्भित भयो । त्यो पञ्चाक्षरी मन्त्रलाई पहिले जहाँ र जहिले सुनेपनि ऊ क्रुद्ध हुन्थ्यो तर उही शब्दको उच्चारण हुँदा आज आफ्नै दासशालाभित्र र आफ्नै दासहरूसामु उसले आफूलाई निर्वीय, निस्तेज र कापुरुष भएको अनुभव गऱ्यो । ऊ दुःखी भयो अनि क्रुद्ध भएर टाउकोको किरीटतिर उसको हात गयो । त्यसबेला उसले आफ्नो सामान्य टोपी मात्र फेला पाऱ्यो । ऊ झनै क्रुद्ध भयो । उक्त दास बोल्दै थियो - " .... हामी आफ्ना मन्त्रले, धर्मले, आफ्ना शक्तिले र आफ्ना इच्छाले जीवित छौं, मृत्यु त तेरो छ पुलह ! फेरी ढोग हर्यश्वलाई र त्यो अनुपदीनाको नै किन नहोस् पैताला चाट् र कशाघात किन दण्ड प्रयोग गरेर हाम्रा अस्थि भङ्ग गर ! लौ अघि बढ् ! (दीक्षित, २०६७ : २०४) ।

यहाँ हर्यश्वका दासशालामा रहेका दासहरूले हर्यश्वलाई देखेपछि व्यक्त गरेका 'ॐ अमोहमस्मि मन्त्र र हर्यश्वको दाससङ्ग्रह गर्ने कार्य र उनीहरूलाई दिइने गरेको यातनाका कारण उसको पतन अवश्य छ, भन्दै बरू प्राण त्याग गर्न परेतापनि अमोहमस्मि मन्त्र जप्न नछोड्ने दासहरूको विचार र हर्यश्वको दास सङ्ग्रह गर्ने विधि र दासहरूलाई यातना दिइनुपर्छ भन्ने विचारका बिचमा द्वन्द्व देखापरेको छ ।

### (च) विश्वामित्र र माधवी बिचको द्वन्द्व

चम्पामा पुगेर चौंथो श्यामकर्ण घोडाको सट्टा एक पुत्र प्रदान गरेर गालवको गुरुऋणबाट मुक्त हुने सर्तमा विश्वामित्रकी जाया स्वरूप गालवद्वारा आचार्यपादमा अर्पण गरिएकी माधवीले विश्वामित्रलाई आफू गर्भवती भएपछि स्वतन्त्र भएर बस्न पाउने र पुत्र प्राप्ति पश्चात गाधेयका सामु उपस्थित हुने कुरामा वचनबद्ध गराएकी हुन्छे । त्यही सर्तअनुसार विश्वामित्रको भानिज प्रमतकबाट ऋतु ग्रहण गरी गर्भवती भएपछि आफू गालवको पण्यशाला नजिकै रहेको जरिता र जठरको उटजमा बस्ने निर्णय गरेकी माधवी र उसको शरीरमा आफ्नो रगतले बास गरेका कारण उसप्रति रेखदेख गर्नु आफ्नो कर्तव्यका साथै अधिकार पनि भएको ठान्ने विश्वामित्रका बिच द्वन्द्व देखा परेको छ, जस्तै :

> "देवी भाधवी ! तिम्रो यो शरीरमा तिम्रै भनाइअनुसार मेरो कौशिकवंशापत्यको रक्त प्रवाहित छ । त्यसप्रति मेरा कर्तव्यलाई म परित्याग गरुँ भन्ने आग्रह हो तिम्रो ? ..... क्षमा गर सम्राट पुत्री !"
>
> "राजन्य ! अनेक वत्सर बिते, जीवनले मलाई निमेषमात्र निम्ति पनि क्षमा गरेन । म तिमीलाई के क्षमा गरुँ ? मैले क्षमा नै गरेपनि त्यो दान पाउलाऊ तिमीले ? क्षमाको आदान प्रदान त नश्वर देहीका अहङ्कार हुन् गाधेय ! बरु अपरिग्रही भएर अनासक्तिको व्रत लेऊ । व्रतधारी व्रात्यहरूलाई अचेलका यज्ञकर्ताहरूले झैं निन्दा नगर । तिम्रा कर्तव्य के छन् मलाई थाहा छैन तर के मुनिवर गालवबाट चारओटा श्यामकर्ण प्राप्त गरेपछि पनि र यो दक्षिणादानमा यो सम्राटपुत्रीको अभिन्न योग रहेको बुझेपछि पनि हामीलाई नै अझै कर्तव्यबोध गराउँदै छौ द्विजोत्तम आर्य श्रेष्ठ ? (पूर्ववत् : ४७८) ।

यहाँ विश्वामित्रद्वारा प्रकट भएको माधवी र उसको गर्भप्रति आफ्नो कर्तव्य र अधिकार दुवै भएकाले आफूले उसका निम्ति कर्तव्य पूरा गर्न पाउनु पर्छ भन्ने विचार र माधवीको गालवले गुरुदक्षिणा स्वरूप चारवटा घोडा बुझाइसकेपछि आफू स्वतन्त्र हुन

पाउनुपर्छ, भन्दै विश्वामित्रका राजर्षि सुख सयल भन्दा आफ्नै खुसिले रुखो सुखो खाएर जीवन काट्न पाउनु आफ्नो अधिकार हो भन्ने दुई फरक फरक विचारका विचमा द्वन्द्व हुन पुगेको छ ।

यसरी माधवी उपन्यासमा प्रयुक्त पात्र-पात्र बिचको द्वन्द्वअन्तर्गत विश्वामित्र र वशिष्ठ बिचको द्वन्द्व, अद्रिका र पुष्पिका बिचको द्वन्द्व, रोहिताश्व र हलिमक बिचको द्वन्द्व, गालव र प्रयुत बिचको द्वन्द्व, कोशलराज हर्यश्व र उसका दासशालामा रहेका दासहरू बिचको द्वन्द्व र विश्वामत्रि र माधवी बिचको द्वन्द्व गरी जम्मा ६ वटा द्वन्द्वहरू देखापरेका छन् ।

### ३.६.२.२ माधवी उपन्यासमा पात्र र नियति/परिस्थिति बिचको द्वन्द्व

*माधवी* उपन्यासमा प्रयुक्त कथावस्तुमा विश्वामित्रले गालवलाई दक्षिणा बिना नै समावर्तन गर्न खोज्दा गालवले बिना दक्षिणा दीक्षा नलिने हठ गरेको र उसको हठदेखि विश्वामित्र क्रोधित भएर चारवटा श्यामकर्ण घोंडा शीघ्र उपस्थित गराऊ भनी आदेश दिएको प्रसङ्ग उपन्यासको पृष्ठभूमिका रूपमा रहेको छ । किनभने उपन्यासमा एकैचोटी गालव श्यामकर्ण घोंडाको खोजीमा मण्डलक जनपदतर्फ प्रस्थान गरेको कुरा मात्र वर्णन गरिएको छ, जस्तै :

> "किशोर गालव आफैंसित क्षुब्ध थियो । उसको हिँडाइमा व्यग्रता र शीघ्रता थियो; नैराश्य विरुद्ध विकट सङ्घर्षमा थियो ऊ । ऊ हिँड्दै गयो । निकै टाढा, हो कि होइन झैं, मण्लडक जनपद देखिन थालेको थियो" (दीक्षित, २०६७ । २४) ।

त्यसैले गालव स्वाभिमानी भएर गुरु दक्षिणा दिन हठ गर्नु र विश्वामित्र क्रोधित भएर चारवटा श्यामकर्ण घोंडा देऊ भनी अप्राप्य गुरुदक्षिणा माग गर्नु, जसले गर्दा गालवको सम्पूर्ण जीवन कष्टमय बन्न पुग्नु जस्ता कुराहरू गालव र उसको नियतिका बिच देखापरेको द्वन्द्वको रूपमा आएका छन् ।

त्यसैगरी चारवटा श्यामकर्ण घोंडाको याचना गर्दै आफ्नो घरमा प्रवेश गरेका भिक्षुरूपी गालवलाई सम्राट ययातिले आफ्ना राजप्रासादमा श्यामकर्ण घोंडा नभएका कारण आफ्नी पुत्री माधवीलाई दान गरी गालवको सहायतार्थ पठाउने निर्णय गरेपछि मन्त्रणा गृहमा पिता-पुत्री बिच संवाद हुँदै गर्दा, देवी माधवी र उसको नियति बिचको द्वन्द्व देखा परेको छ, जस्तै :

> ययातिको वचन सुनेर माधवी झन् पीडित भई । गएको वर्ष आफूलाई अहिच्छत्रकी महामाया गणिकामा सभाले वरण गरेको तर उसलाई मन परेको थिएन भने अब त उसलाई झन् केशशुल्का बनाउन थालीयो भन्ने लाग्यो उसलाई । ऊ झन् दुःखी भई । उसको मलिन् मुखबाट निस्कियो - "सम्राट ! म अप्सरापुत्री मात्र होइन की, अहिच्छत्रकी महामाया गणिका मात्र होइन कि तिम्री पुत्री पनि त हुँ । शब्द जे भन, तर मलाई बताऊ, किन मलाई केशशुल्कामा परिणत गर्न खोज्छौ ? मेरा कुन पापले अब महामाया पछि मलाई पण्यस्त्रीमा समेत पुऱ्याउने जस्तो दारुणदण्ड विधान गरेको हो ? (पूर्ववत् : १०५-१०६) ।

उपर्युल्लिखित अनुच्छेदमा माधवीलाई उसको इच्छा विपरीत नै वारुणि महामाया गणिकामा वरण गरिएको र त्यसपछि केशशुल्कामा परिणत गर्न थालिएको प्रसङ्ग उल्लेख भएको छ । उक्त कुराले दुःखित भएकी माधवीले आफूले गरेको कुन पापको दण्ड भोग्न पुग्दैछु भनेकी छ । त्यसैले नचाहँदा नचाहँदै पनि माधवीको जीवनमा आइपरेका यी दुई फरक-फरक अवस्थाहरू नै माधवी र उसको नियतिका बिचमा देखापरेको द्वन्द्व हो भन्न सकिन्छ ।

त्यसैगरी प्रतिष्ठापुरबाट माधवीको स्वयम्वरमा मित्र नागजेयको उपस्थिति हुनुपर्छ, भन्ने ठानी स्वयंवरको दिनसम्म उपस्थिति हुने वचन दिई नागजेयको खोजीमा हिँडेको गालव शैवालिकमा पुग्दा नागजेय बिरामी परेको खबर पाई उसकै सेवामा संलग्न भएको प्रसङ्गले माधवी र उसको नियति बिचको द्वन्द्व प्रकट गरेको छ, जस्तै :

> गालवले चिन्तित भएर र ध्यानसित सबै कुरा सुन्यो । उसको मन खलबलिन थाल्यो । सुपर्णको सेवा गर्न पर्खिनुको अर्थ माधवीको स्वयंवरमा उपस्थिति नहुनू हो भन्ने बुझ्यो उसले । उसको भित्री मन स्वयंवरलाई इन्कार गर्ने निहुँ पाएर एकपटक प्रसन्न भयो तर त्यो प्रसन्नतालाई कर्तव्यले थिच्न थाल्यो र उसले माधवी छेऊं यथार्थ सन्देश पठाउने निर्णय गर्दै सौरभलाई एकान्तमा बोलाएर माधवी-स्वयंवरका सबै कुरा बताउँदै भन्यो -
>
> "सौरभ निषदराज ! म यहाँ छु र नागजेयको यो अवस्था छ भन्ने समाचारहरू प्रतिष्ठानपुरमा पुऱ्याउन भोली बिहानै कसैलाई पठाऊ" (पूर्ववत् : ५१०) ।

यसप्रकार उपर्युल्लिखित उपन्यासका पंक्तिहरूमा स्वयम्वरको लागि नागजेयको खोजीमा हिँडेको गालव नागजेयलाई बिरामी अवस्थामा भेटेर उसको सेवामा संलग्न हुन पाउँदा माधवी स्वयम्वरलाई इन्कार गर्ने बाहना प्राप्त भएकोमा प्रसन्न भएको कुरा व्याख्या गरिएको छ । गालवको प्रसन्नताले माधवीको स्वयम्वरमा गालवको अनुपस्थिति निश्चित हुन पुग्दछ । त्यसैले गालव आउला र वरमाला पहिऱ्याउँला भन्ने रहर बोकेर प्रतिक्षामा बसेकी माधवी असफल हुने कुरा उक्त पंक्तिहरूबाट प्रायः निश्चित हुन पुग्दछ । जसले गर्दा माधवीको गालवलाई वरको रूपमा छान्ने इच्छा र गालव स्वयम्वरमा उपस्थित हुन नपाउने परिस्थिति बिच द्वन्द्व देखा परेको छ ।

त्यसैगरी मित्र नागजेयको स्वास्थ्य अवस्था ठीक भइसकेपछि मित्रका सामु आफ्नो मनमा रहेको संसय प्रकट गरी मित्रबाट उपयुक्त निर्णय पाइसकेपछि माधवीलाई अँगाल्न तयार भएको गालव र उता गालवको अनुपस्थितिका कारण माधवीले वन प्रस्थान गर्नुपरेको परिस्थिति बिच पनि द्वन्द्व देखा परेको छ, जस्तै :

> सम्राट पिता ! मलाई चाहिन्न यो स्वयम्वर, यो संसार नै चाहिन्न मलाई । मलाई यो देह चाहिन्न । क्षमा गर असुरराज ! यो स्वयम्वरबाट मलाई मुक्ति देऊ । मेरा निम्ति अब यो संसार सारै

> भारी भयो । म सबैलाई घृणा गर्छु । अधर्म, अनृत र असत्यको यो संसार म तिम्री पुत्री निम्ति असह्य भयो, अमोहम्को जीवनदेऊ मलाई । मलाई मुक्ति देऊ । कसैका हातमा आफ्नो हात अब दिन्नँ म । कुनै पुरुष समागम मलाई चाहिँदैन । तिम्रा धेरै राजन्यहरूलाई सहेँ मैले, अब म वनप्रवेश गर्छु । मलाई मनुष्य जीवन चाहिँदैन, ती ज्ञानशून्य, विवेकहीन मृगहरूसाथ तिनकै जीवन सरह म पशु भएर बस्नेछु । यी वीर आयुधिन् अभ्यागतहरूलाई बिदा गरिदेऊ अब .... ! (पूर्ववत् : ५१५) ।

यहाँ गालव र उसको आफ्नै कमजोरीका कारण माधवीले वन प्रस्थान गर्नुपरेको अवस्था देखा परेको छ । मित्र नागजेयसँग उचित सल्लाह लिएर माधवीलाई अँगाल्ने आशा बोकेर शैवालिकबाट प्रतिष्ठानपुर यात्रा गरेको गालव र माधवीले वनप्रस्थ जीवन अँगाल्ने निर्णय गरेपछि माधवीलाई पाउने उसको आशा निराशामा बद्लिन पुगेको परिस्थिति बिच द्वन्द्व देखा परेको छ ।

### ३.६.२.३ माधवी उपन्यासमा समाज – समाज बिचको द्वन्द्व

*माधवी* उपन्यासमा साना र ठूला गरी विभिन्न समाजहरूको वर्णन गरिएको छ । उक्त समाजका आ-आफ्नै मान्यता र चालचलनहरू रहँदै आएका छन् । ती भिन्न भिन्न मान्यता बोकेका फरक-फरक समाजका बिचमा देखा परेका भिन्न-भिन्न दृष्टिकोण नै समाज-समाज बिचको द्वन्द्वका रूपमा देखा पर्दछन् । यस उपन्यासमा त्यस्तै फरक चालचलन बोकेका समाज अहिच्छत्र र चौला माताको वनायु जनपदको बिचमा द्वन्द्व उत्पन्न भएको छ, जस्तै :

> माधवीलाई लाग्यो - 'चौला सुखी छे सबैकी माता हो र त्यो सबैलाई सन्तुष्ट र प्रसन्न राख्नेमा उसको समय गएकोमा ऊ आनन्दित हुन्छे - वनायुका नारीहरू सुखी छन् - ती नारीमाथि कसैको प्रभुत्व छैन । निषाद युवकहरू दिगन्तको भ्रमण गर्छन् तर काम गर्नुबाहेक क्रोध र लोभबाट निर्लिप्त छन्; विलास र भोगको जीवनबाट टाढा छन् । तर

> माता चौला आफै भन्छिन् - निषादगणमा युग बदलिँदै छ' - र चिन्तित हुन्छिन् । हो पनि निषादहरूमा न तन्त्र छ, न मन्त्र छ, न महामाया, न गणिका न वरुणबलि, न राजा, न प्रोहित, न श्रेष्ठी, न दण्डनायक, न स्मृति, न समृद्धि, न ऐश्वर्य नै । यहासम्म कि यिनीहरूमा दास समेत छैनन् । (दीक्षित, २०६७ : १९२) ।

माथि उल्लेख गरिएको परिच्छेदमा माधवीका मनमा खेल्न पुगेका कुराहरूको माध्यमबाट चौलाको वनायु जनपदमा रहेको नारी स्वतन्त्रता र अहिच्छत्रका नारीहरूको जबर्जस्ती वारुणी महामाया र केशशुल्का समेत बन्नुपर्ने अवस्था बिच द्वन्द्व देखापरेको छ ।

त्यसैगरी अहिच्छत्र र अयोध्यामा देखा परेका दासयुक्त समाज र वनायु जनपदको चौलामाताको दास रहित समाजका बिचमा पनि द्वन्द्व देखा परेको छ । त्यस्तै गरी काशी जनपदको दिवोदासको दासहरूको विमोचन यज्ञ र तपः आदिबाट गर्नुपर्छ, भन्ने विचार बोकेको समाज र अहिच्छत्रको दासहरूलाई मुक्ति दिनुहुँदैन यदि दासलाई मुक्ति दिने हो भने आफ्नो राष्ट्रको विनास हुनेछ भन्ने विचार बोकेको समाज यी दुई समाजका बिचमा पनि द्वन्द्व देखापरेको छ । त्यसैगरी कौशिक कुलीन विश्वामित्रको शृङ्खलाबद्ध दास राख्नु हुँदैन भन्ने समाज र दास राख्नुपर्छ, उसको अपराध अनुसारको सजाय दिनुपर्छ अथवा दासलाई यातना दिइनुपर्छ भन्ने मान्यता बोकेका अहिच्छत्र र अयोध्याको समाजका बिचमा पनि द्वन्द्व देखापर्दछ । त्यसैगरी भोजनगरको 'ॐ अमोहमस्मि' मन्त्रले सर्वत्रता पाएको समाज र हर्यश्वको ॐ महोहमस्मि मन्त्र विरोधी समाजका बिचमा पनि द्वन्द्व देखापरेको छ ।

यसरी हेर्दा उपन्यासमा खासगरी दासयुक्त एवम् कठोर नियमहरू पालना गर्नुपर्ने समाज र ॐ अमोहमस्मि मन्त्रले मान्यता पाई सबैले आफ्नो स्वतन्त्रताको प्रयोग गर्न पाउने वैष्णव भक्ति समाजका बिचमा विभिन्न द्वन्द्वहरू देखापरेका छन् ।

## ३.७ माधवी उपन्यासमा कथावस्तुको प्रस्तुतिकरणगत ढाँचा

साहित्यका कुनैपनि विधाहरूमा आरम्भदेखि अन्त्यसम्मका घटनावलीहरूलाई संयोजन गर्ने शैली वा तरिकालाई कथानकको प्रस्तुतिगत ढाँचा भनिन्छ । यस्ता ढाँचाहरू मूलतः रैखिक ढाँचा र वृत्ताकारीय ढाँचा गरी दुई प्रकारका हुन्छन् । कथानकलाई शुरुदेखि अन्त्यसम्म सिधा रूपमा अगाडि बढाउनुलाई रैखिक ढाँचा भनिन्छ । भने कथानक सिधै अगाडि नबढी अन्त्यबाट प्रारम्भ हुने अथवा कथानकमा विचलन आउनुलाई वृत्ताकारीय ढाँचा भनिन्छ ।

उपर्युक्त आधारमा *माधवी* उपन्यासको अध्ययन गर्दा यस उपन्यासको प्रस्तुीगत ढाँचा वृत्ताकारीय रहेको देखिन्छ । किनभने उपन्यासकारले माधवी र गालवको भेट भएको कुरा र चतुःराष्ट्र बाजपेय यज्ञको कुरा उपन्यासको अन्त्यमा ल्याउनुपर्नेमा पहिले नै उपन्यासको प्रारम्भमा नै चतुःराष्ट्र वाजपेय यज्ञको कुरा ल्याएर त्यहाँ एकाएक वन्यप्रान्तबाट माधवी र गालवको उपस्थिति गराई उनीहरूका माध्यमबाट यज्ञगाथाका रूपमा *माधवी* उपन्यासलाई अगाडि बढाएका छन् । यस कुरालाई पुष्टि गर्दै कमलराज रेग्मीले भनेका छन् - "उपन्यास वा कथाको सम्बन्धमा पछिल्लो समाप्तिको जुन दृश्य भाग हुनुपर्छ, व्यासले पनि चुतःराष्ट्र वाजपेय यज्ञ चर्चा अन्त्यमा गरेका छन् यहाँ भने त्यही अन्तिम दृश्यलाई आदिमा ल्याई कथ्य शैलीको कलात्मक संयोजन गरिएको छ" ( उन्नयन, २०५१ : १५६) । त्यस्तै उनकै अर्को भनाइ रहेको छ - "वास्तवमा उपन्यास कथाको पृष्ठभूमि मिलाउन लेखिएको यो यज्ञगाथा नामको पहिलो अध्याय नै उपन्यासको उपसंहार पनि हो" (पूर्ववत् : १५७) । यसरी गालव र माधवीले आफ्नै जीवनको कथा व्यक्त गरिरहेको हुँदा यस उपन्यासमा पूर्वदीप्ति शैलीको प्रयोग हुन पुगेको छ । यसरी रेग्मीको भनाइलाई अध्ययन गर्दा र स्वयम् *माधवी* उपन्यासकै अध्ययन गर्दा पनि यस उपन्यासको प्रारम्भ अन्त्यबाट भएको पाइएकाले यो उपन्यास वृत्ताकारीय ढाँचामा निर्मित उपन्यास हो ।

## ३.८ निष्कर्ष

*माधवी* उपन्यासमा प्रयुक्त कथावस्तुको स्रोतलाई हेर्दा प्रख्यात र उत्पाद्य दुवैको सम्मिश्रण भई मिश्रित प्रकारको बन्न पुगेको छ । त्यस्तै वस्तुको सङ्गठनलाई अध्ययन गर्दा यस उपन्यासमा प्रयुक्त मुख्य कथावस्तुमा विभिन्न उपकथाहरू जेलिन पुगेका कारण जटिल प्रकृतिको कथानक निर्माण भएको देखिन्छ । कथानकको आङ्गिक विकासका आधारमा उपन्यासको विश्लेषण गर्दा उपन्यासलाई कथ्य शैलीमा प्रस्तुत गर्नका लागि उपन्यासकारले अन्त्यबाट प्रारम्भ गरेका छन् । यति हुँदाहुँदै पनि आदि, मध्य र अन्त्यका हिसावले हेर्दा कथानकको आङ्गिक विकास उचित किसिमले नै अगाडि बढेको देखिन्छ भने आरम्भ, सङ्घर्ष विकास, सङ्कटवस्थाको शृङ्खला, चरम बिन्दु, सङ्घर्ष ह्रास र उपसंहारका आधारमा अध्ययन गर्दा यो उपन्यासको कथावस्तु उपसंहारबाट प्रारम्भ भई सङ्घर्ष ह्रासको अवस्थामा पुगेर अन्त्य भएको देखिन्छ । यस उपन्यासलाई कौतुहलको प्रयोगका आधारमा अध्ययन गर्दा, यसमा हरेक घटना घटेसँगै पाठकको मनमा अब के हुन्छ होला ? भन्ने जिज्ञासाले घच्घच्याइरहने हुँदा कौतुहलका दृष्टिले यस उपन्यासको कथानक उत्कृष्ट रहेको छ भने द्वन्द्वको प्रयोग पनि यस उपन्यासमा प्रशस्त भएको देखिन्छ । कतै पात्रका अन्तरमनको द्वन्द्व त कतै पात्र-पात्र बिचमा उत्पन्न हुने द्वन्द्व, कतै पात्र र नियतिका बिचको द्वन्द्व त कतै समाज-समाज बिचको द्वन्द्व जस्ता प्रशस्त आन्तरिक र बाह्य द्वन्द्वको प्रयोगले कथावस्तुलाई रोचक बनाएको देखिन्छ । यसका साथै अन्त्यमा कथानकको प्रस्तुतीगत ढाँचाका आधारमा हेर्दा यो उपन्यास वृत्ताकारीय ढाँचाको प्रयोग गरी निर्माण गरिएको उपन्यासका रूपमा देखा परेको छ ।

यसरी *माधवी* उपन्यासको कथावस्तु महाभारत उद्योगपर्वको १०६ देखि १२३ औं अध्यायसम्मको विषयलाई लिइएको भए तापनि उपन्यासकारले त्यसमा प्रशस्तै थपघट गरी आफ्नै शैलीमा ढालेर प्रस्तुत गर्न पुगेका कारण यस उपन्यासको वस्तुविधानले छुट्टै विशिष्टता हाँसिल गरेको देखिन्छ र वस्तु विधानका दृष्टिले माधवी उपन्यास उत्कृष्ट समेत बन्न पुगेको छ ।

# चौंथो परिच्छेद

# माधवी उपन्यासको कथावस्तु र अन्यतत्त्व बिचको सम्बन्ध

## ४.१ विषय परिचय

साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यास एक आख्यानात्मक विधा हो । यसको निर्माणका लागि कथावस्तु, उद्देश्य, परिवेश, भाषाशैली र दृष्टिबिन्दु जस्ता तत्त्वहरूको संयोजन हुनु आवश्यक हुन्छ । यी विभिन्न तत्त्वहरू मध्येको मुख्य तत्त्व कथावस्तु हो र यसलाई अगाडि बढाउनका लागि अन्य तत्त्वहरूको आवश्यकता पर्ने गर्दछ । माधवी उपन्यासमा पनि मुख्य कथावस्तुका रूपमा विश्वामित्र र वशिष्ठबिचको द्वन्द्व उपन्यासको पृष्ठभूमिका रूपमा देखा परेको छ । उक्त कथावस्तुलाई अगाडि बढाउन गालव र माधवी लगायतका अन्य विभिन्न पात्रहरू, विभिन्न स्थान र परिवेश, उपन्यासका प्रयुक्त भाषाशैली, उद्देश्य र दृष्टिबिन्दु जस्ता कुराहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यसैले यस उपन्यासमा प्रयुक्त कथावस्तु र यसको अन्य तत्त्वहरूसँग अन्योन्याश्रित सम्बन्ध रहेको छ । जसलाई यसप्रकार विश्लेषण गर्न सकिन्छ ।

### ४.१.१ माधवी उपन्यासको कथावस्तु र पात्रबिचको सम्बन्ध

उपन्यासमा प्रयोग हुने पात्रहरू बद्ध र मुक्त, स्थिर र चलायमान, सद् र असद् वृत्ति जस्ता विभिन्न प्रवृत्तिका हुने गर्दछन् । यस्ता विभिन्न पात्रहरूको उपस्थितिले उपन्यासको कथावस्तु अगाडि बढ्दछ । माधवी उपन्यासमा पनि आचार्य विश्वामित्र र वशिष्ठबिचको द्वन्द्व कथावस्तुको मुख्य बीजको रूपमा देखा परेको छ । उक्त द्वन्द्वका कारण विश्वामित्रको शक्ति क्षय हुन पुगेको र त्यो गुमेको शक्तिलाई फिर्ता ल्याउनका लागि विश्वामित्रले तत्कालीन समाजमा रहेको दास सङ्ग्रह जस्तो विकृतिपूर्ण कार्यलाई हटाउने महान अभियान प्रारम्भ गर्ने विचार गरी उक्तकार्यको अभियन्ता गालव र माधवीलाई बनाएर श्यमकर्ण घोडा गुरुदक्षिणा दिने चाहनामा विभिन्न राष्ट्रका सम्राटहरू समक्ष प्रस्तावना पठाएको कुरा उपन्यासको कथावस्तुका रूपमा देखापरेको छ । ( कोइराला, २०६३ : २५-२६) । विश्वामित्रको यस महान अभियानमा गालव र माधवीले

प्रमुख भूमिका खेलेको देखिन्छ । त्यसैले गालव र माधवी यस उपन्यासका बद्ध पात्र हुन् । यिनीहरूको उपस्थिति बिना कथावस्तुले गति प्राप्त गर्न सक्दैन । यसका साथै गालवलाई श्यामकर्ण घोडा प्राप्तिको लागि मार्गदर्शन गराउने सुपर्ण नागजेयको भूमिका पनि यस उपन्यासमा महत्त्वपूर्ण रहेको छ । त्यसैगरी विश्वामित्रको यस अभियानलाई सफल पार्ने कार्यमा निषादराज सौरभ, अहिच्छत्र, भोजनगरका शिवि, वनायु जनपदकी चौंला माता एवम् अयोध्याकी घोषा लगायतका पात्रहरू सहयोगी एवम् सद्वृत्तिका रूपमा देखापरेका छन् भने हलिमक र प्रयुतले उनीहरूको लक्ष्य सिद्धिमा भाँजो हाल्न खोजेका छन् जसले गर्दा उनीहरू असद्वृत्तिका पात्रका रूपमा देखापरेका छन् । उपन्यासमा नागजेय जाया जवा देखि लिएर विभिन्न समाजका विभिन्न पदासिन व्यक्तिहरूका साथै विभिन्न स्थानका दास-दासिहरू समेत उपन्यासको कथावस्तुलाई गति दिने क्रममा उपस्थित हुन पुगेका छन् । यस्ता पात्रहरूको उपस्थितिले कथावस्तुलाई रोचकता प्रदान गरेका छन् भने कथावस्तुलाई अगाडि बढउनका लागि सहायक भूमिका खेल्न पुगेको पनि देखिन्छ ।

यसप्रकार विश्वामित्रको चारवटा श्यामकर्ण घोडा प्राप्त गरी राजसूय यज्ञ गरेर सम्पूर्ण दासहरूको बिमोचन गर्ने लक्ष्य पुरा गर्नका लागि प्रमुख नायक र नायिकाको भूमिका खेल्ने गालव र माधवीका साथै विश्वामित्रको लक्ष्य सिद्धि गर्नका लागि उनीहरूलाई सहयोग गर्ने नागजेय देखि लिएर विभिन्न राष्ट्रका सम्राटहरू ययाति, हर्यश्व, दिवोदास र शिविका साथै निषादराज सौरभ, अहिच्छत्र महाश्रेष्ठिन्, रोहिताश्व, वनायुकी चौंलामाता, ब्रह्मवादिनी घोषा लगायतका पात्रहरूको भूमिका उपन्यासमा महत्त्वपूर्ण रहेको छ । यी विभिन्न पात्रहरूको अनुपस्थितिमा अथवा उक्त पात्रहरूको कार्यव्यापार बिना कथावस्तु अगाडि बढ्न सक्दैन । त्यसैले माधवी उपन्यासको कथावस्तु र उपन्यासमा प्रयुक्त पात्रहरूबिच अन्योन्याश्रित सम्बन्ध रहेको छ ।

### ४.१.२ माधवी उपन्यासको कथावस्तु र परिवेशबिचको सम्बन्ध

उपन्यासमा प्रयुक्त कथावस्तुको सशक्त र जीवन्त प्रस्तुतिका लागि परिवेशको आवश्यकता पर्दछ । परिवेश भन्नाले देश, काल र वातावरणलाई बुझ्न सकिन्छ । 'माधवी' उपन्यासको कथावस्तुलाई गति दिने क्रममा उपन्यासकारले विभिन्न परिवेशको

चित्रण गरेका छन् । उपन्यासमा सबैभन्दा पहिलो घटनाका रूपमा विश्वामित्रले गालवलाई बिना गुरुदक्षिणा दीक्षा दिन खोज्दा गालवले गुरुदक्षिणा बिना दीक्षा नलिने हठ गरेका कारण विश्वामित्र क्रोधित भएर चारवटा श्यामकर्ण अश्व माग गरेको प्रसङ्ग देखापरेको छ । उक्त घटना कोसीको तटको विश्वामित्र आश्रममा घटेको हो र यहींबाट कथावस्तु अगाडि बढेको छ । यसरी विश्वामित्रद्वारा चारवटा श्यामकर्ण घोडा माग भएपछि उक्त घोडाको खोजीमा गालवले विभिन्न राष्ट्रहरूका भ्रमण गर्ने क्रममा उपन्यासमा विभिन्न समाज र त्यहाँको परिवेश चित्रण हुन पुगेको छ । कोशी तटको विश्वामित्र आश्रमबाट श्यामकर्णको खोजीमा हिंडेको गालव आफ्नो सखा नागजेयको वासग्राम मण्डलक जनपदमा पुग्दछ । त्यहाँ गालवलाई विभिन्न कारणवश दुई दिन सम्म बास बसाई मण्डलक जनपदका नीति, नियम र व्यवस्था आदि र त्यहाँका जनताको दिनचर्याका बारेमा वर्णन गरिएको देखिन्छ । जस्तै :

> पर वनान्तबाट गाइवस्तुका बथान आउँदै, छुट्टिदै, आ-आफ्ना गौशालातिर लागे । नागजेय पछि-पछि आइरहेको देखियो । गौशालाका बाच्छा-बाच्छी र आउने गाइहरूका बाँ .... बाँ वातावरणमा कौलाहल बढ्यो । मण्डलकका बालक र युवा युवतीहरू आ-आफ्ना गाई - बाच्छा लिन अघि सरे । एकै छिनमै ग्रामान्त धूलोले ढाकियो । (दीक्षित, २०६७ : २८) ।

उपर्युल्लिखित परिच्छेदमा मण्डलक जनपदमा गौधनहरू पालिने र ती गौधनहरू दिनभरी जङ्गलमा चेरर साँझ गोठमा फर्किनेबेला जनपदमा देखापरेको वातावरणको रोचक तरिकाले चित्रण गरिएको छ । यसरी उपन्यासकारले मण्डलक जनपदको परिवेश चित्रण गर्न पुगेका छन् ।

यसका साथै श्यामकर्ण घोडाको खोजीमा गालवले पुग्नु परेका विभिन्न स्थानहरू उपन्यासमा परिवेशका रूपमा देखापरेका छन् । शैवालिक जनपद र त्यहाँको जीवनचर्या पनि उपन्यासको एउटा परिवेश हो । त्यसैगरी अहिच्छत्रमा देखापरेको वरुणबलि प्रथा, त्यहाँको अतिथि सत्कार, त्यहाँ गरिने दासहरूको सङ्ग्रह तिनीहरूलाई दिइने यातना र

दासहरूको विमोचन गर्ने कार्यका साथै आहिच्छत्रमा गर्ने जतिपनि कार्यहरू सभाद्वारा निर्णय गरिने प्रचलन जस्ता कार्यहरूको वर्णन यस उपन्यासमा गरिएको छ । यो पनि माधवी उपन्यासको एउटा परिवेशका रूपमा देखापरेको छ। त्यसैगरी माधवी र गालवको अयोध्यातर्फको यात्रामा प्रयोग गरिएको नौका यात्राको वर्णन पनि परिवेशका रूपमा लिन सकिन्छ, जस्तै :

> सुस्त गतिमा नौका बग्दै गइरहेको थियो । किनाराबाट हरियो सुगन्ध लिएर मन्द हावा आइरहेको थियो । अहिच्छत्रको सीमा निकै पछाडि छुट्यो, दक्षिणको मध्याकाशबाट सूर्य पश्चिमतिर ढल्किँदै गयो र माधवी पनि नाउको कोठाबाट बाहिर आएर पहिले जलको शीतलतालाई स्पर्श गरी, एक अँजुली जल मुखमा छ्यापी र मुख पुछेपछि दुवै गोडा पानीमा खसालेर खेल्न थाली । (पूर्ववत् : १२२) ।

यस परिच्छेदमा अहिच्छत्रबाट नौका यात्रामा हिँडेका गालव र माधवी अहिच्छत्रलाई निकै पछाडि छोडेर अगाडि बढिसकेका र त्यो समय साँझ पर्न लागेकाले सुरयूको नौका यात्रा अत्यन्त मनमोहक बन्न पुगेको कुरा वर्णन गरिएको छ ।

यसरी माधवी र गालव अयोध्या जाँदैगर्दा बाटोमा बास बसेको बनायु जनपद र त्यहाँका जनताको (नारीहरूको) स्वतन्त्रता जस्ता कुराहरू पनि परिवेशकै रूपमा चित्रण हुन पुगेका छन् । यसका साथै उपन्यासकारले गालव र माधवीलाई अयोध्यामा पुऱ्याएर त्यहाँ उनीहरू माधवीद्वारा पुत्रप्राप्तिको प्रतिक्षामा बस्दै गर्दा विभिन्न घटनाहरू घटाई अथवा विभिन्न रीतिरीवाज र चालचलनसँग परिचित गराई त्यहाँको परिवेश चित्रण गर्न पुगेका छन् । त्यसैगरी काशी जनपद र भोजनगरमा पनि एवम् रीतले परिवेश चित्रण हुन पुगेको देखिन्छ । यसरी उपन्यासकारले माधवी र गालवलाई श्यामकर्ण घोडा प्राप्तिका लागि विभिन्न देश देशवर घुमाउँदै अन्त्यमा फेरी त्यही विश्वामित्र आश्रममा हुन लागेको चतु:राष्ट्र यज्ञमा पुऱ्याएर कथावस्तुको अन्त्य गरेका छन् ।

उपर्युल्लिखित फरक-फरक समाजअनुसारका विभिन्न परिवेशहरूको चित्रण यस उपन्यासमा उपन्यासकारले अत्यन्तै रोचक शैलीमा वर्णन गरेका छन् । जसले गर्दा

उपन्यासको कथावस्तुलाई पनि रोचक बनाएको देखिन्छ भने, कथावस्तुका विभिन्न घटनाहरू घटित हुने क्रममा पनि यी विभिन्न परिवेशहरूले महत्त्वपूर्ण भूमिका खेल्न पुगेका छन् । त्यसैले उपन्यासमा उल्लेखित विभिन्न परिवेशहरूको अभावमा कथावस्तुले पूर्णता पाउन नसक्ने हुँदा यस उपन्यासको कथावस्तु र उपन्यासमा प्रयुक्त विभिन्न परिवेशहरू बिच अन्योन्याश्रित सम्बन्ध रहन पुगेको छ ।

### ४.१.३ माधवी उपन्यासको कथावस्तु र उद्देश्यबिचको सम्बन्ध

माधवी उपन्यासको कथावस्तु महाभारत उद्योगपर्वको १०६ देखि १२३ औं अध्यायसम्म वर्णन गरिएको विषयमा आधारित छ । उपन्यासकारले यसरी महाभारतको मिथकलाई लिएर उत्तरवैदिककालीन समाजको चित्रणका रूपमा यस उपन्यासको निर्माण गरेका छन् । तत्कालीन समयमा देखा परेका विभिन्न समाज र ती समाजका आ-आफ्नै भिन्न-भिन्न प्रचलनलाई जस्ताको तस्तै प्रस्तुत नगरी त्यसमा केही परिवर्तनको इच्छा स्वरूप उपन्यासकारले पनि कथावस्तुलाई तोडमोड गरेर प्रस्तुत गरेका छन् । तर, उपन्यासकारको मुख्य उद्देश्य भनेको मूल रूपमा प्राचीन सामाजिक र मानवीय मूल्यलाई प्रकट गर्नु रहेको थियो, भन्ने कुरा उपन्यासकारले उपन्यासको परिचय खाण्डमा व्यक्त गरेका केही प्रसङ्गबाट प्रस्ट हुन्छ, जस्तै :

> व्यक्तिको जीवन आनन्दी वा दुःखी हुन सक्छ र समूहको जीवनमा अकारण नैराश्य र वियोगलाई म मान्दिनँ - विशेषगरी त्यस्ता घटनाहरूमा जसलाई युगले आफ्नो चरित्रको सन्देशवाहकहरू बनाएको हुन्छ अथवा माधवीको वन प्रवेशलाई व्यासद्वारा त्यस संसार विरुद्ध मौन विद्रोह पनि भन्न सकिन्छ । त्यसो नै मान्ने हो, भने पनि ती विद्रोही माधवीले जीवनलाई गालवसित मिलनका आधारमा पनि झन् आनन्दी तुल्याइदिनु बढी मानवीय व्यवहार ठहर्ने ठानेको हुँ मैले । उपन्यासमा माधवी र गालव बिच फेरी कसरी मिलन र सहवास भयोहोला भन्ने बारे निर्णय दिने आवश्यकता मैले देखिनँ ।

> यी सबै अवस्थाले गर्दा यस उपन्यासका घटना र पात्रहरूलाई ती पात्रका व्यवहार, आचार र नैतिकताहरूलाई अर्थात् यस उपन्यासमा प्रकट भएका मूल प्राचीन सामाजिक र मानवीय मूल्यलाई आजको हाम्रो समाजको सदाचार, व्यवहार, नैतिकता र मूल्यहरूका आधारमा हेर्न र बुझ्न सकिँदैन, हेर्न हुँदैन पनि । यस विषयमा सारै सावधान नरहेमा यस उपन्यासको आत्मा पाठकहरूका हातमा मर्नेछ । पुस्तकको सट्टा यो कागजको खोस्टो सावित हुनेछ । (पूर्ववत् : ५) ।

यसप्रकार उपर्युल्लिखित परिच्छेदहरूमा उपन्यासकारले व्यक्त गरेका भनाइबाट माधवी उपन्यासको मूल उद्देश्य महाभारतमा व्यक्त गरिएको प्राचीन समाजका मूल्य र मान्तयालाई प्रकट गर्नु हो, तर उपन्यासकार सबैतिर महाभारतका रचयिता व्यास जस्तै कठोर र निर्दयी बन्न नसकेका कारण उपन्यासका कतिपय विषयहरूमा तोडमोड गर्न पुगेको कुरा पुष्टि हुन्छ । यसरी हेर्दा उपन्यासको प्राचीनतालाई प्रकट गर्ने र नवीनताको सङ्केत देखाउने उद्देश्य रहेको कुरा पनि स्पष्ट हुनआउँछ । उपन्यासकारको यो उद्देश्य माधवी उपन्यासले पुरा गर्न सफल भएको छ । त्यसैले यस उपन्यासको कथावस्तु र उद्देश्यबिच घनिष्ठ सम्बन्ध रहेको देखिन्छ ।

### ४.१.४ माधवी उपन्यासको कथावस्तु र भाषाशैलीबिचको सम्बन्ध

उपन्यासमा प्रयुक्त कथावस्तुलाई मूर्त रूपदिने एक महत्त्वपूर्ण तत्त्व भाषाशैली हो । जसलाई अभिव्यक्त गर्ने विभिन्न तौर तरिका हुन्छन् । त्यसैले उपन्यासको प्रस्तुतिका लागि भाषाशैली एकअभिन्न अङ्गका रूपमा देखापर्दछ । जसअनुसार दीक्षितको माधवी उपन्यासमा प्रयुक्त भाषाशैलीको अध्ययन गर्दा वैदिक संस्कृत र लौकिक संस्कृत भाषाका शब्दावलीको प्रयोग अत्यन्तै धेरै हुनपुगेको देखिन्छ । तर उपन्यासमा प्रयुक्त कथावस्तुमा शब्दावलीको आवश्यकता पनि भएको कुरा कुलप्रसाद कोइरालाले यसरी व्यक्त गरेका छन् - "यस उपन्यासमा वैदिक संस्कृत र लौकिक संस्कृतिका शब्दावलीको प्रयोग अत्यन्तै धेरै भएको देखिन्छ । उत्तरवैदिककालीन भारतीय समाजका वाह्यान्तरिक पक्षको प्रस्तुतिका निमित्त यस प्रकारका शब्दावलीको आवश्यकता थियो ।" (कोइराला, २०६३ :

९१) । यसरी हेर्दा माधवी उपन्यासको भाषाशैली तत्कालीन प्राचीन समाजको प्रस्तुतीकरणका सन्दर्भमा उपयुक्त रहेको देखिन्छ । तर, उपन्यासकारले अपठित, वनायुप्रान्त, दासदासी र दासशालामा बन्दी अवस्थामा रहेका पात्रहरूद्वारा पनि वैदिक संस्कृतको प्रयोग गरेका कारण उपन्यास क्लिष्ट र दुरुह बन्न पुगेको छ। उक्त विषयलाई प्रष्ट पार्दै कोइरालाले भनेका छन् - "अपठित, वनायुप्रान्तस्थ, दासदासी र दासशालामा बन्दी अवस्थामा रहेका पात्रपात्रीले समेत वैदिक संस्कृतका लेख्य रूपमा शब्दावली र लौकिक संस्कृतका पनि पारिभाषिक तहका शब्दावलीको प्रयोगले उपन्यासलाई क्लिष्ट, दुरुह र अनावश्यक किसिमले बोझिलो बनाएका छन् ।" (पूर्ववत्) ।

यसरी हेर्दा माधवीमा प्रयुक्त भाषा क्लिष्ट र दुरुह भएता पनि उपन्यासको उद्देशय र उपन्यासकारले प्रकट गर्न चाहेको विषयवस्तुका आधारमा हेर्दा यसमा प्रयुक्त भाषा उचित किसिमको रहेको छ र यो नै माधवी उपन्यासको प्राप्ती पनि हो । त्यसैले उपन्यासको उद्देश्य र विषयवस्तुसँग मेल खाने किसिमको भाषाशैलीको प्रयोग यस उपन्यासमा हुन पुगेकाले उपन्यासको कथावस्तु र भाषाशैली बिच अन्योन्याश्रित सम्बन्ध रहेको छ ।

### ४.१.५ माधवी उपन्यासको कथावस्तु र दृष्टिबिन्दुबिचको सम्बन्ध

उपन्यासको एक महत्त्वपूर्ण तत्त्वका रूपमा दृष्टिबिन्दु पनि रहने गर्दछ। दृष्टिबिन्दु भन्नाले आख्यानमा समाख्याता वा कथयिता कहाँ बसेर हामीलाई उपन्यास सुनाउँदै छ, भन्ने कुरालाई बुझाउँछ । जसअनुसार 'माधवी' उपन्यासको अध्ययन गर्दा यस उपन्यासमा प्रयुक्त दृष्टिबिन्दु तृतीय पुरुष शैलीको रहेको देखिन्छ । किनभने उपन्यासकारले उपन्यासको प्रस्तुति माधवी र गालवले आफ्नो जीवनको इतिहासलाई यज्ञगाथाको रूपमा सुनाएको प्रसङ्ग देखाएर कथ्य शैलीको प्रयोग गर्न खोजेका छन् तर पनि कथावस्तुको प्रस्तुति गर्दा उपन्यासकार आफूले सबै कुरा देखेको जस्तो गरी गालव र माधवीको जीवन कहानिलाई प्रस्तुत गरेका छन्, जस्तै :

> "गालवले छेउकी माधवीतिर हेऱ्यो । शान्त दृष्टि फर्काएर माधवी प्रसन्न भई । गालवका पीडालाई ऊ राम्ररी बुझ्ीरहेकी थिई, अतः संयम भएकोबाट माधवी प्रसन्न भएकी थिई ।"

उपर्युल्लिखित उपन्यासका पंक्तिहरूलाई अध्ययन गर्दा उपन्यासकारले गालव र माधवीको परिस्थितिलाई आफूले टाढै बसेर अवलोकन गरेको जस्तो गरी वर्णन गरेका छन् । त्यसैले यस उपन्यासमा प्रयुक्त दृष्टिबिन्दु तृतीयपुरुष शैलीमा प्रस्तुत भएको छ ।

## ४.२ निष्कर्ष

प्रस्तुत माधवी उपन्यासमा प्रयुक्त कथावस्तुलाई अगाडि बढाउनका लागि उपन्यासका अन्यतत्त्वहरू पात्र, परिवेश, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दुले महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यसैले उपन्यासमा प्रयोग हुने यी तत्त्वहरू बिना कथावस्तुले पूर्णता प्राप्त गर्न असम्भव हुने भएकाले यस माधवी उपन्यासमा कथावस्तु र अत्यतत्त्वहरू मात्र, परिवेश, उद्देश्य, भाषाशैली र दृष्टिबिन्दुबिच अन्योन्याश्रित सम्बन्ध रहेको छ ।

# पाँचौं परिच्छेद

## निष्कर्ष

प्रस्तुत *माधवी* उपन्यासमा वस्तुविधान शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय अन्तर्गत शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको सीमा, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । त्यसैगरी यस शोधपत्रको दोस्रो परिच्छेदमा उपन्यासको वस्तुविधानको विश्लेषण सम्बन्धी सैद्धान्तिक ढाँचाहरू तयार पार्ने काम गरिएको छ । तेस्रो परिच्छेदमा *माधवी* उपन्यासमा प्रयुक्त वस्तुविधानलाई कथावस्तुको स्रोत, कथावस्तुको सङ्गठन, कथानकको आङ्गिक विकास, कौतुहल, द्वन्द्व र कथानकको ढाँचा जस्ता तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ ।

मदनमणि दीक्षित प्रयोगवादी उपन्यासकार हुन् । उनले विभिन्न पूर्वीय दर्शनलाई पृष्ठभूमि मानेर उपन्यासहरू लेखेका छन् । उनका उपन्यासहरूमा प्रयुक्त कथावस्तुमा प्रख्यात र उत्पाद्य दुवै प्रकारको सम्मिश्रण पाइन्छ । तसर्थ *माधवी* उपन्यासमा प्रयुक्त वस्तुविधानका निष्कर्षलाई निम्नानुसार देखाउन सकिन्छ :

(क) मदनमणि दीक्षितको *माधवी* उपन्यासमा प्रख्यात र उत्पाध कथावस्तुको समिश्रण भई मिश्रित प्रकारका कथावस्तु निर्माण हुन पुगेको छ ।

(ख) दीक्षितको *माधवी* उपन्यासमा गालव र माधवीको प्रमुख कथानकमा विभिन्न उपकथाहरू जेलिएर आएकाले यस उपन्यासको कथावस्तु जटिल प्रकृतिको बनेको छ ।

(ग) दीक्षितको *माधवी* उपन्यासमा प्रयुक्त कथावस्तुको आङ्गिक विकास अरिस्टोटलको आदि, मध्य र अन्त्यको शृङ्खलामा सुसङ्गठित र सशक्त बनेको छ ।

(घ) फ्रेटागको कथानक विकासका सिद्धान्तका आधारमा यस उपन्यासलाई आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्कटावस्थाको शृङ्खला, सङ्घर्ष ह्रास र उपसंहार जस्ता चरणहरूण्मा छुट्याई विश्लेषण गरिएको छ ।

(ङ) *माधवी* उपन्यासको कथावस्तुको प्रारम्भदेखि अन्त्यसम्म घट्न पुगेका सम्पूर्ण घटनाहरूले पाठकको मनमा कौतुहल उत्पन्न हुन पुग्ने हुँदा र उपन्यासको अन्त्य पनि कौतुहल युक्त भएकाले यो उपन्यास कौतुहलको प्रयोगका दृष्टिले उत्कृष्ट बन्न पुगेको छ ।

(च) दीक्षितको *माधवी* उपन्यासको कथानकमा विभिन्न आन्तरिक र बाह्‍य द्वन्द्वको प्रयोग सफल रूपमा भएकाले द्वन्द्व प्रयोगका दृष्टिले पनि उपन्यास सशक्त रहेको छ ।

(छ) *माधवी* उपन्यासको कथावस्तु अन्त्यबाट प्रारम्भ भई कथ्यशैलीमा अगाडि बढेर त्यहीँ बिन्दुमा नै उपन्यासको अन्त्य हुन पुगेकाले यस उपन्यासको कथावस्तुको ढाँचा वृत्ताकारीमा शैलीको बन्न पुगेको छ ।

(ज) *माधवी* उपन्यासमा प्रयुक्त विभिन्न तत्त्वहरूमध्ये प्रमुख तत्त्व कथावस्तुसँग अन्य तत्त्वहरू पात्र, परिवेश, उद्देश्य, भाषाशैली र दृष्टिबिन्धुका बिच अन्योन्याश्रित सम्बन्ध देखा परेको छ ।

यसरी उपर्युल्लिखित विभिन्न तत्त्वहरूको आधारमा *माधवी* उपन्यासको विश्लेषण गर्दा वस्तुविधानका दृष्टिले दीक्षितको *माधवी* उपन्यास सफल, सबल र उत्कृष्ट बन्न पुगेको छ ।

## सन्दर्भग्रन्थसूची


उपाध्याय, केशवप्रसाद (२०५२), *नाटक र रङ्गमञ्च,* काठमाडौँ : रुमु प्रकाशन ।

............................(२०४४), *साहित्य प्रकाश,* काठमाडौँ : साझा प्रकाशन ।

एरिस्टोटल (२०४९), *एरिस्टोटलको काव्यशास्त्र* (अनु.), लीलाप्रसाद शर्मा, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

ओझा, रामनाथ (२०५१), "माधवी भित्रकी माधवीलाई नियाँल्दा", *उन्नयन,* (अङ्क १६, माघ - चैत), पृ. २७-३२ ।

कोइराला, कुलप्रसाद (२०६३), *माधवी माथिको अन्तर्दृष्टि ,* काठमाडौँ : जुपिटर प्रकाशन ।

गैर, ईश्वरी प्रसाद (२०४८), *मदनमणि दीक्षित र उनको माधवी,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

.......................(२०५२), "माधवी उपन्यासको शक्ति र सीमा", *गरिमा ,* (वर्ष १३, अङ्क ५, पूर्णाङ्क १४९, बैशाख), पृ ५२-५५ ।

गौतम, लक्ष्मण प्रसाद (२०५२), "भाषिक प्रयोगका आधारमा मदनमणि दीक्षितको माधवी", *उन्नयन,* (अङ्क १६, माघ-चैत), पृ.२५२-२५४।

ज्ञवाली, रामप्रसाद (२०६६), *पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या,* काठमाडौँ : हजुरको प्रकाशन ।

दीक्षित, मदनमणि (२०३९), *माधवी,* काठमाडौँ : साझा प्रकाशन ।

निरौला, यज्ञेश्वर (२०५१), "भाषा एक विवेचनात्मक टिप्पणी", *उन्नयन,* (अङ्क १६, माघ-चैत), पृ. २३२-२३९।

नेपाल, घनश्याम (२०११), *आख्यानका कुरा,* काठमाडौँ : एकता बुक्स ।

पोखरेल, भानुभक्त (२०४०), *सिद्धान्त र साहित्य ,* विराटनगर : श्याम पुस्तक भण्डार ।

प्रश्रित, मोदनाथ (२०४१), "माधवी उपन्यासमा कहीबेर घोरिंदा", *लहर,* (वर्ष ६, अङ्क ९, त्रैमासिक), पृ ५९-६३ ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६९), *कथा सिद्धान्त,* काठमाडौँ : एकता बुक्स ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन ।

भट्ट, भोजराज (२०५१), "माधवी : परम्परा र नविनताको समीकरण", *उन्नयन,* (अङ्क १६, माघ-चैत), पृ. २७७-२८० ।

मल्ल, श्याम प्रसाद (२०५०), "माधवी उपन्यासकी नायिका माधवीको मार्मिक पक्ष", *मिर्मिरे,* (वर्ष २२, अङ्क ३४), पृ ६२-६६ ।

राई, देवीका चाम्लिङ् (२०५६), *मदनमणि दीक्षितका उपन्यासमा नारीपात्र* अप्रकाशित शोधपत्र, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौं ।

राई, शान्ति (२०७१), *"मूलुक बाहिर उपन्यासको वस्तुविधान",* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय काठमाडौँ ।

रेग्मी, कमलराज (२०५१), "माधवीको कथामा मेरो अग्रिम मन्तव्य", *उन्नयन,* (अङ्क १६, माघ-चैत), पृ.४९-७९ ।

....................(२०५१), "माधवीको कथा–२", *उन्नयन,* (अङ्क १६, माघ–चैत), पृ. ५८९-६२६ ।

शर्मा, भरतराज मन्थलीय (२०५१), "मेरो विहङ्गम दृष्टिमा माधवी", *उन्नयन,* (अङ्क १६,माघ-चैत) पृ. ४९-७९ ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* काठमाडौँ : साझा प्रकाशन ।